
# नगर शिक्षा योजना


# षडानन्द नगरपालिका

## (२०८३/२०८४– २०९२/२०९३)

Education Sector Plan - २०२६-२०३५







षडानन्द नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

दिङ्ला, भोजपुर

कोशी प्रदेश ,नेपाल

२०८३


<u>प्रकाशक</u>

**षडानन्द नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

स्वीकृत मितिः २०८३/०३/०७ (परिमार्जित संस्करण)

## हाम्रो भनाइ

शिक्षा मानव विकासको मूल आधार हो। समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक तथा आर्थिक विकासको परिकल्पना गर्न सकिँदैन। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यही संवैधानिक व्यवस्था तथा स्थानीय आवश्यकतालाई ध्यानमा राखी हाम्रो नगरपालिकाले यो नगर शिक्षा योजना तर्जुमा गरेको हो।

नगर क्षेत्रमा शैक्षिक पहुँच विस्तार हुँदै गएको भए तापनि सिकाइ उपलब्धि सुधार, शैक्षिक समानता सुनिश्चितता, शिक्षण– सिकाइको गुणस्तर अभिवृद्धि, सूचना प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत विकास तथा विद्यालय व्यवस्थापनका क्षेत्रमा अझै सुधार आवश्यक देखिन्छ। भौगोलिक अवस्था, सामाजिक– आर्थिक असमानता, लैङ्गिक विभेद तथा अपाङ्गतासँग सम्बन्धित चुनौतीका कारण सबै बालबालिकाले समान स्तरको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन ।

यस नगर शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत– साधन तथा सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ। योजना तयार गर्दा विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकासका लक्ष्यहरूसँग समन्वय कायम गरिएको छ, जसले हाम्रो शिक्षा प्रणालीलाई अझ व्यवस्थित, समावेशी र परिणाममुखी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ ।

हाम्रो विश्वास छ–शिक्षा केवल विद्यालयको सीमाभित्र सीमित रहने प्रक्रिया होइन, यो जीवनभरि चलिरहने सिकाइको आधार हो। बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा क्षेत्रमा दिगो सुधार सम्भव छ ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदार सबै पक्षको सक्रिय सहकार्य र साझा प्रतिबद्धता आवश्यक छ। सामूहिक प्रयास र प्रभावकारी कार्यान्वयनमार्फत हाम्रो नगरलाई सिकाइमैत्री, समावेशी तथा गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ संकल्प व्यक्त गर्दछु ।

नगर प्रमुख

"कृषि, पर्यापर्यटन र पूर्वाधार, रूद्राक्षको राजधानी समृद्ध नगर"
षडानन्द नगरपालिका
SHADANANDA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
दिङ्ला, भोजपुर, कोशी प्रदेश, नेपाल
Dingla, Bhojpur, Koshi Province, Nepal

प.सं.: २०८२/०८३
Letter No.:
च.नं :
Dispatch No.:

फोन नं. ०२९ ४२११२४
४२११२५
टोल फ्रि नं. १६६०२९४२००१

## सन्देश मेयरको



देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ।यो निरन्तर चलिरहने प्रक्रिया हो।यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ।स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो षडानन्द सुम्पन नगरपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ।षडानन्द नगरपालिकाले यस पालिकाको शैक्षिक सुधार गरीगुणस्तरीयता ल्याउनशिक्षा क्षेत्रको योजना (२०२६–२०३५) तयार गरी  कार्यान्वयन हुने क्रममा रहेको छ।

शिक्षा क्षेत्रको योजना यस नगरपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्ष मार्गदर्शन हो।यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा नगरपालिकाले राखेको छ।यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु।

सुरेन्द्र कुमार उदास
नगर प्रमुख
षडानन्द नगरपालिका

"कृषि, पर्यापर्यटन र पूर्वाधार, रूद्राक्षको राजधानी समृद्ध नगर"
षडानन्द नगरपालिका
SHADANANDA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
दिङ्ला, भोजपुर, कोशी प्रदेश, नेपाल
Dingla, Bhojpur, Koshi Province, Nepal

प.सं.: २०८२/०८३
Letter No.:
च.नं :
Dispatch No.:

फोन नं. ०२९ ४२११२४
४२११२५
टोल फ्रि नं. १६६०२९४२००१

## दुई शब्द



देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो षडानन्द सुम्पन नगरपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। षडानन्द नगरपालिकाले यस पालिकाको शैक्षिक सुधार गरीगुणस्तरीयता ल्याउनशिक्षा क्षेत्रको योजना (२०२६– २०३५) तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ।

शिक्षा क्षेत्रको योजना यस नगरपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्ष मार्गदर्शन हो। यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा नगरपालिकाले राखेको छ। यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति,शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु।

प्रमिला राई
उपप्रमुख
षडान्द नगरपालिक

"कृषि, पर्यापर्यटन र पूर्वाधार, रूद्राक्षको राजधानी समृद्ध नगर"
षडानन्द नगरपालिका
SHADANANDA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
दिङ्ला, भोजपुर, कोशी प्रदेश, नेपाल
Dingla, Bhojpur, Koshi Province, Nepal

प.सं.: २०८२/०८३
Letter No.:
च.नं :
Dispatch No.:

फोन नं. ०२९ ४२११२४
४२११२५
टोल फ्रि नं. १६६०२९४२००१

## दुई शब्द



देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो षडानन्द सुम्पन नगरपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। षडानन्द नगरपालिकाले यस पालिकाको शैक्षिक सुधार गरीगुणस्तरीयता ल्याउनशिक्षा क्षेत्रको योजना (२०२६– २०३५) तयार गरी  कार्यान्वयन हुने क्रममा रहेको छ।

शिक्षा क्षेत्रको योजना यस नगरपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्ष मार्गदर्शन हो। यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा नगरपालिकाले राखेको छ। यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति,शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु।

मातृका प्रसाद दाहाल
प्रमुख प्रशासकिय अधिकृत
षडान्द नगरपालिका

# प्राक्कथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीयशिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभाव रहितअवसर, प्रभावकारी शैक्षिकव्यवस्थापनका लागि स्थानीय तहमाशिक्षा क्षेत्रको योजनानिर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमासरोकारवालापक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ।

षडानन्द नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ। शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नुहुने षडानन्द नगरपालिकातथा प्राविधिक सहयोग रुपामा सहयोग गर्ने राष्ट्रिय प्रारम्भिककार्यक्रम प्रति धन्यवाद व्यक्त गर्दछौ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्त्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह-सुझाव प्रदान गरी सहयोग पुऱ्याउने नगरपालिका परिवार, नगर शिक्षा समिति, नेपाल शिक्षक महासंघ , शिक्षकका पेशागत संघ संगठन,विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ।

शिक्षा, युवा तथा खेलकुद शाखा
षडानन्द नगरपालिका

## विषयसूची

परिच्छेद एक ........ 1

परिचय ........ 1

१.१ पृष्ठभूमि ........ 1

१.२ षडानन्द नगरपालिकाको समग्र सन्दर्भ ........ 2

१.३ नीतिगत प्रबन्ध ........ 6

१.४ शौक्षिक अवस्था, उपलब्धी र अन्तर ........ 9

१.५ शिक्षा क्षेत्रका सवल पक्षहरु ........ 10

१.६ शिक्षा क्षेत्रका समस्या ........ 11

१.७ अवसरहरु ........ 13

१.८ चुनौतीहरू ........ 14

परिच्छेद- दुई ........ 15

दुरदृष्टी, ध्येय, उदेश्य तथा प्रमुख उपलब्धी सुचकहरु ........ 15

२.१ राष्ट्रिय दीर्घकालिन सोच ........ 15

२.२ दूरदृष्टि ........ 15

२.३ लक्ष्य ........ 15

२.४ उदेश्य ........ 15

२.५ रणनीतिहरु ........ 15

२.६ अपेक्षित उपलब्धि ........ 19

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ 19

परिच्छेद ३ : ........ 21

विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु ........ 21

३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा ........ 21

३.२ आधारभूत शिक्षा ........ 28

३.३ माध्यमिक शिक्षा ........ 36

३.४ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई ........ 41

३.५ प्राविधिक शिक्षा ........ 44

३.६ उच्च शिक्षा ........ 49
परिच्छेद ४ ........ 56
अन्तरसम्बन्धित विषय क्षेत्रहरु ........ 56
४.१ पाठ्यक्रम र मूल्याङ्क ........ 56
४.२. शिक्षक व्यवस्थापन र विकास ........ 60
४.३ समता र समावेशीकरण ........ 66
४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम ........ 68
४.५ आपतकालीन अवस्थामा शिक्षा ........ 71
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ 74
४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि ........ 77
४.८ छात्रवृत्ति ........ 81
४.९. अनिवार्य तथा निशुल्क शिक्षा ........ 83
४.१०. जलबायु परिवर्तन र शिक्षा ........ 84
परिच्छेद पाँच ........ 87
विद्यालय सुशासन तथा व्यवस्थापन ........ 87
५.१ विद्यालय सुशासन ........ 87
५.२ संस्थागत क्षमता विकास ........ 92
५.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 95
५.४ अनुगमन तथा मूल्याङ्कन ........ 98
परिच्छेद छ ........ 101
लगानी र स्रोत व्यवस्थापन ........ 101
६.१ परिचय ........ 101
६.२ वर्तमान अवस्था ........ 102
६.३ उद्देश्य ........ 104
६.४ रणनीतिहरु ........ 104
६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 105
६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको ... 105
बजेट विवरण ........ 105

परिच्छेद सात : ........ 107
कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण ........ 107
७.१ कार्यनन्वयन अनुगमन तथा मूल्याङकन ........ 107
७.१.१ परिचय ........ 107
७.१.२ वर्तमान अवस्था ........ 107
७.१.३ उद्देश्य ........ 109
७.१.४ रणनीतिहरू ........ 109
७.१.५ उपलब्धि, प्रमुख नतिजा, ........ 110
७.२ अनुगमन तथा मूल्याङ्कन ........ 110
७.२.१ परिचय ........ 110
७.२.२ वर्तमान अवस्था ........ 110
७.२.३ उद्देश्य ........ 112
७.२.४ रणनीतिहरु ........ 112
७.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 113
परिच्छेद आठ ........ 114
कार्यक्रम नतिजा सारम्स खाका ........ 114
८.१ कार्यक्रम नितिजा सारम्स ........ 114
शिक्षा सग सम्वन्धित महत्वपूर्ण लिंकहरु ........ 116
सन्दर्भ सामग्रीहरु ........ 117

## योजनाको सारशं

नगर शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो। यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ । योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन् ।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ। यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका,सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ। स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

### क) विषय प्रवेश

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ। यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो । यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक

तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ। साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ। यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ। यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ।

### ख)शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन। संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ। स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो। देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ। एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ। यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो। शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो। बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ। शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ। शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ ।साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ। यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ। त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो।

**ग) योजना निर्माण प्रक्रिया**

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो।

क) नेपालको संविधान

ख) सोह्रौं आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच

च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

छ) विद्यालय शिक्षा क्षेत्र योजना

ज) राष्ट्रिय शिक्षा नीति २०७६,

झ) दिगो विकास लक्ष्य

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ड) राजनीतिक दलको घोषणापत्र

ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको थियो।

**घ) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ।दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन्।परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ।यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन्। परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ । परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ।

# परिच्छेद एक
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले संघीय गणतन्त्र नेपालमा तीन तहको सरकार संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको परिकल्पना गरेको छ।संविधान बमोजिम हाल तीन तहका सरकारहरु क्रियाशील रहेका छन्।संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ।निशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयनका लागि निशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालवालिका सम्वन्धि ऐन २०७५,शिक्षा नीति २०७६ जारी भएका छन्।यी ऐन तथा नियमावलीहरुले शिक्षाको मौलिक हक कार्यान्वयनका लागि नीतिगत व्यवस्था रहेका छन्।

नेपालमा औपचारीक शिक्षाको इतिहास धेरै लामो छैन।२००७ सालको क्रान्ति पश्चात शिक्षाक्षेत्रलाई व्यवस्थित गर्नका लागि राष्ट्रिय शिक्षा योजना २०११ को प्रतिवेदन महत्वपुर्ण रहेको छ।त्यस पश्चात शिक्षा क्षेत्रलाई व्यवस्थित विकास गर्नका लागि सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८,राष्ट्रिय शिक्षा पद्धति योजना २०२८-२०३२, राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६, जस्ता आयोगका प्रतिवेदनहरु तयार गरी लागु गर्ने प्रयास भएका छन्।त्सस्तै शिक्षा क्षेत्रमा विभिन्न योजना,परियोजनाहरु, कार्यक्रमहरु,पनि लागु भएका छन्।जस्तै रेडियो शिक्षा शिक्षक तालिम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८,विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पहिलो २०४९ दोस्रो २०५६, प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा योजना २०५९-२०६५, माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् २००३-२००८,सामुदायिक विद्यालय सहयोग कार्यक्रम २०५९-२०६६, व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना २०६८-२०७२, सवैका लागि शिक्षा कार्यक्रम सन् २००१-२०१५, सहशताब्दि विकास लक्ष्य २०१५-२०००, दीगो विकासका लागि शिक्षा कार्यक्रम २०१५-२०३०, विद्यालय क्षेत्र सुधार योजना सन् २००९-१०१५,विद्यालय क्षेत्र विकास योजना २०१६-२०२२ रहेका छन्।शिक्षाका यी कार्यक्रमहरुले तय गरेका लक्ष तथा उद्देश्य षडानन्द नगरपालिकाको

विशिष्ट सन्दर्भमा प्राप्त गर्नका लागि षडानन्द नगरपालिकाले शिक्षा क्षेत्रको योजना (Education Sector Plan-ESP) आगामी वर्ष १० वर्षे शिक्षा विकासको दृष्टिकोण सहित २०२६-२०३५ का लागि तयार गरेको छ।

## १.२ षडानन्द नगरपालिकाको समग्र सन्दर्भ

शिक्षा क्षेत्रको विकासक्रममा षडानन्द नगरपालिका अग्रणी रहेको छ। वि.सं. १९३२ मा बालागुरु षडानन्दले जनस्तरमा संचालित नेपालकै पहिलो पठशाला स्थापना गरे पछि षडानन्द नगरपालिकाको औपचारिक शैक्षिक इतिहास प्रारम्भ हुन्छ। नेपालको संविधान, २०७२ अनुसार देश संघीय संरचनामा पुनःसंरचित भए पछि स्थानीय निर्वाचन २०७४ सम्पन्न भएर षडानन्द नगरपालिकामा स्थानीय सरकार गठन भएको थियो। नेपाल संविधानले आधारभूत र माध्यमिक शिक्षाको अधिकार [1]स्थानीय सरकारको अधिकार क्षेत्र अन्तर्गत राखेको छ। सोही अनुसार नगर सरकार गठन भए पश्चात नगरपालिकाले स्थानीयतहको शिक्षा क्षेत्रको शैक्षिक, प्रशासनिक,भौतिक तथा व्यवस्थापकीय क्षेत्रमा काम गरीरहेको छ।

### क) सामाजिक तथा सांस्कृतिक सन्दर्भ

षडानन्द नगरपालिका जातीय विविधता युक्त रहेको छ। यस नगरपालिकामा मुख्य गरेर राई जातिको बाहुल्य रहेको छ। त्यस पछि क्षेत्री, तामाङ,नेवार,बाहुन,कामी,मगर,सार्की, शेर्पा,गुरुङ, दमाइ भूजेल जोगी,कुमाल,सुनुवार, माझी,ठकुरी, योगी रहेका छन्। नगरक्षेत्रमा राष्ट्रिय जनगणना २०७८ अनुसार ४९.८७% हिन्दु, २५.४१% बौद्ध,२२.८२% किराँत धर्मालम्वि रहेका छन्। पालिकामा मनाइने मुख्य चाड वाड तथा पर्वहरु दशौं,तिहार,तीज,जनै पूर्णिमा, साकेला,चण्डि, लोसार (तमु,सोनाम,ग्याल्पो), क्रिसमस, माघे संक्रान्ति, साउने संक्रान्ति,फागु,चैतेदशैं, बालाचतुर्दशी,हरेलो आदि रहेका छन् ।

**तालिका १.१**

**मातृभाषाको आधारमा नगर पालिकाको जनसंख्या ।**

| क्र.स. | मातृभाषा | जम्मा | महिला | पुरुष |
|---|---|---|---|---|
| १ | नेपाली | ४२.१ | ४२.१ | ४२.२ |
| २ | तामाङ | १९.१ | १९.९ | १९.२ |

[1]नेपालको संविधान २०७२ अनुसूची ८

| | | | | |
|---|---|---|---|---|
| ३ | साम्पाङ | ८.४ | ८.४ | ८.५ |
| ४ | नेपाल भाषा | ५.२ | ५.१ | ५.२ |
| ५ | राई | ४.२ | ४.३ | ४.१ |
| ६ | मगर ढुट | ३.९ | ३.९ | ३.९ |
| ७ | कुलुङ | २.९ | २.९ | २.९ |
| ८ | बान्तवा | २.५ | २.७ | २.३ |
| ९ | शेर्पा | १.९ | २ | १.९ |
| १० | अन्य | ९.८ | ९.८ | ९.८ |
| | | १०० | १०० | १०० |

स्रोतः राष्ट्रिय जनगणना प्रतिवेदन २०७८

### ख) आर्थिक सन्दर्भ

नगरपालिकाको मुख्य आर्थिक क्रियाकलाप कृषि रहेको छ।षडानन्द नगरपालिका अधिकाम्स जनसंख्याले कृषि पेशालाई आफ्नो प्रमुख पेशाको रुपमा अगाल्ने गरेको देखिन्छ राष्ट्रिय जनगणना प्रतिवेदन २०७८ अनुसार कृषि पेशामा आवद्ध जनसंख्या यस पालिकाको कुल जनसंख्याको करिव ८९.१९ प्रतिशत रहेको छ।वडाका आधारमा पेशागत जनसंख्या

**तालिका १.२**

**पेशाका आधारमा जनसंख्या**

| वडा नं. | कृषि पेशा | गैरकृषि पेशा | जम्मा |
|---|---|---|---|
| १ | २९८० | २९८ | ३२७८ |
| २ | १९१७ | १७६ | २०९३ |
| ३ | १२६९ | १३५ | १४०४ |
| ४ | १५७१ | ४९९ | २०७० |
| ५ | १८७९ | २३० | २१०९ |
| ६ | १८२९ | १९४ | २०२३ |
| ७ | १७६९ | २५७ | २०२६ |
| ८ | २००३ | ३६७ | २३७० |
| ९ | १२७१ | ३९ | १३१० |

| | | | |
|---|---|---|---|
| १० | २६४९ | २१५ | २८६४ |
| ११ | २१९५ | २५५ | २४५० |
| १२ | २१३४ | २४० | २३७४ |
| १३ | १२२० | ९५ | १३१५ |
| १४ | १४८४ | १७१ | १६५५ |
| **जम्मा** | | | २९३४२ |

स्रोत: राष्ट्रिय जनगणना प्रतिवेदन २०७८

### ग) भौगोलिक स्थीति

षडानन्द नगरपालिकाको क्षेत्रफल २४१.१५ वर्ग कि.मि. रहेको छ।अक्षाश २७°१५'१४.७६" उत्तर देखि २७°२५'११.६४"उत्तर र देशान्तर ८७°०' ५३.२८" पुर्व देखि ८७° १२' ४१.०४" पुर्व रहेको छ।हावापनी समशितोष्ण छ।यस नगरपालिकाको समुद्र सतहबाट ३३६ मिटर देखि ३११० मिटर सम्मको उचाइ अवस्थित रहेको छ।यस नगरपालिकाको पूर्वमा अरुण नदी (संखुवासभा), पश्चिम सात्पासिलिचो गाउँपालिकार टेम्केमैयु नगरपालिका, उत्तर सात्पाशिलिचो नगरपालिका,दक्षिण भोजपुर नगरपालिका र अरुण गाउँपालिका रहेक छन्।

नेपाल सरकारको राज्य पुनसंरचना २०७३ साविकका १० वटा गाउँ विकास समितिहरु (नेपालेडाँडा, कुदाककाउले, खार्तम्छा, मुलपानी,केउरेनीपानी, तुङ्गेछा, किमालुङ्ग, साङ्पाङ, देउराली र बोया मिलेर षडानन्द नगरपालिका बनेको छ।यस पालिकालाई १४ वडामा विभाजन गरिएको छ।पालिकाको केन्द्र साविक मुलपानी गा.वि.स.को मुकाम दिङ्ला बजारमा रहेको छ।

### घ) जनसांख्कीय स्वरुप

षडानन्द नगरपालिकाको कुल जनसंख्या २९३४२ जना पुरुष १४५५८ जना ४९.६१ ( प्रतिशत) महिला १४७८४ जना (५०.३८ प्रतिशत) रहेको छ।पुरुष भन्दा महिलाको जनसंख्या २२६ जनाले वढि रहेको छ।तालिकामा षडानन्द नगरपालिकाको वडागत जनसंख्या देखाइएको छ।

**तालिका नं.१.३**

षडानन्द नगरपालिका  वडागत उमेरगत जनसंख्या विवरण

| वडा नं. | जनसंख्या | क्षेत्रफल (वर्ग किलोमिटरमा) | जनघनत्व प्रति वर्ग कि .मि. |
|---|---|---|---|
| १ | ३२७८ | ११ ५. | १७४.०८ |
| २ | २०९३ | ६ ४. | ७७८४. |
| ३ | १,४०४ | ५ २. | ६३६७. |
| ४ | २,०७० | ६ ३. | १६०३४. |
| ५ | २,१०९ | ६ ५. | ३३२६५. |
| ६ | २,०२१ | ६ ७. | १२१६०. |
| ७ | २,०२६ | ६ ५. | २०२१९. |
| ८ | २,३७० | ८ . | २०४६६. |
| ९ | १,३१० | ४ ८. | ५९४४. |
| १० | २,८६४ | ९ ५. | १३०८४. |
| ११ | २,४५० | ९ १. | १२३८६. |
| १२ | २,३७९ | ७ ९. | १०७०७. |
| १३ | १,३१५ | ५ ७. | ९४४०. |
| १४ | १,६५३ | ५ ८. | १०३१२. |
| जम्मा | २९३४२ | १०० | १२१६८. |

श्रोतः राष्ट्रिय जनगणना प्रतिवेदन २०७८

राष्ट्रिय जनगणना प्रतिववेदन २०७८ अनुसार हेर्दा षडानन्द नगरपालिकामा कुल जनसंख्या २९ हजार ३ सय ४२ रहेको छ ।  वडागत जनसंख्याको हिसावमा हेर्दा वडा नं. १ नेपालेडाँडा  सबै भन्दा वढि जनसंख्या  ३२७८ जना भएको र वडा नं.९ सबैभन्दा कम जनसख्या १३१० जना मात्र जनसंख्या भएको  वडा रहेको छ ।

### ङ) नगरपालिकाको शैक्षिक अवस्था

नेपालको शैक्षिक संरचनाको दृष्ट्रिले हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ।एक वर्ष अवधिको प्रारम्भिक बालविकास, कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा कक्षा ९देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ।माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने व्यवस्था गरिएको छ।आधारभूत तहलाई अनिवार्य तथा निशुल्क गरिएको छ भने माध्यमिक तहलाई निशुल्क हुनेव्यवस्था गरिएको छ। विद्यालय शिक्षालाई दुई तरीकाहरु नीजि लगानी र सरकारी लगानीबाट व्यवस्थापन गरिएको छ।यस नगरपालिकाको कुल साक्षरतादर ७८.८ प्रतिशत राष्ट्रिय जनगणना २०७८ अनुसार रहेको छ जस्मा पुरुष साक्षरता ८६ प्रतिशत र महिला साक्षरता ७१.८ प्रतिशत रहेको छ।साक्षरता प्रतिशतलाई वडागत रुपमा हेर्दा निम्न अनुसार रहेको देखिन्छ।

**तालिका नं. १.४**

**साक्षरताको अवस्था**

| वडा | कुल साक्षरता(%) | वडा | कुल साक्षरता(%) | वडा | कुल साक्षरता(%) |
|---|---|---|---|---|---|
| १ | ७९ | ६ | ८२.१ | ११ | ७७.५ |
| २ | ७८.६ | ७ | ७७.१ | १२ | ७८ |
| ३ | ८१.९ | ८ | ७८.४ | १३ | ७१.८ |
| ४ | ७८.८ | ९ | ७६.४ | १४ | ७५.६ |
| ५ | ८४.९ | १० | ८०.२ | कुल | ७८.८ |

## १.३ नीतिगत प्रबन्ध

नेपालको संविधान २०७२ मा शिक्षालाई प्राथमिकतामा राखेको छ साथै संविधानको भाग ३ मा मौलिकहकको व्यवस्था गरीएको छ जस अन्तर्गत धारा ३१माशिक्षा सम्बन्धी हक उल्लेख छ।धारा ३१ मा शिक्षालाई नागरीकको आधारभुत अधिकारको रुपमा व्यवस्था गरी प्रत्येक नागरीकलाई आधारभूत तह शिक्षा अनिवार्य र निःशुल्क,माध्यामिक तह सम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ साथै अपाङ्गता भएका र आर्थिक रुप ले विपन्न नागरीकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ।त्यस्तै दृष्टीविहिन नागरीकलाई ब्रेललिपि, बहिरा तथा बोलाई सम्बन्धी समस्या भएका नागरीकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने

तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसकालागि शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुने कुरा उल्लेख गरीएको छ।यसै गरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा ५मा महिलालाई शिक्षा स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ।यसै गरीनेपालको संविधान २०७२ मा वालवालिकाको हक अन्तर्गत प्रत्येक वालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य, पालनपोषण,उचित स्याहार खेलकुद मनोरञ्जन, तथा व्यक्तित्व विकास तथा बाल सहभागिताको हक रहेको छ साथै बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शरिरीक मानसिक वा कुनै किसिमको यातना दिन पाईने छैन भनि उल्लेख छ त्यसै गरी दलितको हक अन्तर्गत आधारभुत तहबाट उच्च तह सम्म छात्रवृत्ती सहित निःशुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ।त्यसैगरी नेपालको संविधानमा शिक्षालाई बैज्ञानिक प्राविधिक ब्याबसायिक सिपमुलक, रोजगारमुलक जनमुखी बनाउदै सक्षम प्रतिस्पर्धी नैतिक एबं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रनमा राज्यको लागानी अभिबृद्धि गर्ने कुरा उल्लेख छ साथै नागरीकको व्यक्तित्व विकासका लागि पुस्तकालय, सामुदायिक सुचना केन्द्रको स्थापना र प्रबर्द्धन गर्ने कुरा उल्लेख छ ।त्यस्तै १६औ आवधिक योजनामा गुणस्तरिय शिक्षा मार्फत दक्ष प्रतिस्पर्धी उत्पादनशिल र नबप्रवर्तनशिल मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ यसैगरी विद्यालय क्षेत्रविकास योजना २०७३|०७४-२०७९-०८० ले समाजका विविधता पुर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसाथ गरी सबैनागरीकलाई उत्पादनशिल जिवनयापन गर्न चाहिने पुर्ण कार्यमुलक साक्षरता गणितिय सिप़ तथा आधारभुत जिवनोपयोगी सिपको विकासको अबसर प्राप्त गर्न सहजिकरण गर्दै जनशक्तिको क्षमता विकास निरन्तर एबं समावेशी प्रयत्न मार्फत मुलुकको सामाजिक आर्थिक, विकासमा योगदान दिई विद्दमान असमानता हटाउने लक्ष्य तथा राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी प्रबर्द्धनात्मक र मुल्य उन्मुख नागरीकको विकासमा योगदान पुर्याउने दुरदृष्टि राखेकोछ।

राष्ट्रिय शिक्षा निति २०७६मा सबै तहको शिक्षालाई प्रतिस्पर्धी प्रविधीमैत्रि रोजगारमुलक र उत्पादनशिल बनाई देशको आवश्यकता अनुरुपको मानब संसाधन विकास गर्ने लक्ष्य राखेको छ।यसै गरी उच्च स्तरिय राष्ट्रिय शिक्षाआयोग २०७५ को प्रतिबेदनमा शिक्षाका राष्ट्रिय उद्देश्य पुरा गर्नका लागि सामाजिक न्याय सहित सभ्य समुन्नत स्वस्थ जनशक्ति उत्पादन राष्ट्र निर्माणको दिशा,व्यक्तिको सर्वाङ्गिण विकास र सामाजिक आर्थिक रुपान्तरणका लागि गुणस्तरिय शिक्षा"भन्ने उल्लेख भएको छ।यसै गरी विद्यालय शिक्षालाई गुणस्तरिय बनाउनका लागि पाखिबास नगर शिक्षा

ऐन-२०७७ र नगर शिक्षा नियमावली २०७७ नर्माण भई कार्यान्वयन भईरहेको छ। यसै गरी यस नगरपालिकाको शिक्षाक्षेत्रमा तपशिलका अधिकारहरु समेत रहेका छन्-

- नगर शिक्षा सम्बन्धी निति कानुन मापदण्ड योजना तर्जुमा कार्यान्वयनअनुगमन र , मुल्याङ्कन
- विद्यालय स्थापना तथा ब्यबस्थापन र अनुमती
- शिक्षा सम्बन्धी तालिम गोष्ठी संचालन
- गाभिएका र बन्द भएका विद्यालयका सम्पत्ती व्यवस्थापन
- नगर शिक्षा समिति विद्यालय ब्यवस्थापन समिति गठन तथा ब्यवस्थापन
- विद्यालयको भौतिक सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापन
- विद्यालय शिक्षाको गुणस्तर बृद्दिकालागि विभिन्न तालिम गोष्ठि संचालन तथा पाठ्यसामाग्री वितरण
- सामुदायिक विद्यालयको दरबन्दि मिलान
- विद्यालयको नकसाङ्कन
- सामुदायिक विद्यालयको पूर्वाधार निर्माण तथा मर्मत
- आधारभुत तहको परिक्षा संचालन अनुगमन तथा व्यवस्थापन
- विद्यार्थी सिकाई उपलब्धी परिक्षण र मुल्याङ्कन
- छात्रबृत्ती व्यवस्थापन
- सामुदायिक आध्ययन केन्द्  सामुदायिक बाचनालय रसामुदायिक पुस्तकालयको संचालन र ब्यवस्थापन
- अतिरिक्त क्रियाकलापको आयोजना

त्यसैगरी यस षडानन्द नगरपालिकाले स्थापनाकाल देखि नै विद्यालयको गुणस्तर सुधारमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।मुलत विद्यालयको भौतिक सुधार प्रारम्भिक बालविकास तथा प्रारम्भिक कक्षाको पठनसीप सहितसम्पूर्ण नगरवासी तथा वाह्य विद्यार्थीहरुलाई निःशुल्क उच्च शिक्षा सिकाइ सुधारमा जोड दिदै आएको छ ।

## १.४ शौक्षिक अवस्था, उपलब्धी र अन्तर

विद्यालयले अद्यावधिक गरेको एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली अनुसार यस नगरपालिकामा सञ्चालित संस्थागत ६ र सामुदायिक ७० गरी जम्मा ७६ विद्यालयहरु संचालित रहेको छ। जसमध्ये सामुदायिक आधारभूत तर्फ ५७ ओटा, मावि १३ ओटा, संस्थागत तर्फ मा. वि. १ ओटा र आ.वि. ५ ओटा,१ सामुदायिक क्याम्पस सञ्चालन रहेको छ। यसैगरी ५८ ओटा बाल विकास केन्द्रहरु मध्ये ५६ ओटा सामुदायिक विद्यालयमा आधारित र २ ओटा संस्थागतमा आधारित रहेका छन। यसै गरी यस नगरपालिकामा प्राविधिका धार अन्तगर्त कृषि (वालिवज्ञान) विषय २ विद्यालयमा पढाइ भइरहेको छ। अनौपचारिक शिक्षा तर्फ ३ ओटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेको देखिन्छ।

यस नगरपालिकामा प्राथमिक तह देखि उ मा वि सम्म हाल ३२२ जना (स्थायी, अस्थायी, राहत र उमावि कोटा) दरवन्दीमा कार्यरत र करीव १०जना शिक्षण सहयोग अनुदान तथा निजी शिक्षककोरुपमा गरी करिव ४९० शिक्षकहरु कार्यरत रहेको देखिन्छ। कुल विद्यार्थीहरु मध्ये बाल विकासमा छात्रा ५४.%, आधारभुत तहमा ६८%, माविमा ५१.९५%, मावि तहमा ५४.३७% र उमावि तहमा ६०.४४% रहेको देखिन्छ। कुल ३२२ दरवन्दीमा कार्यरत शिक्षकहरु मध्ये ९३ जना अर्थात करिव २९% महिला शिक्षकहरु कार्यरतरहेको षडानन्द नगरपालिका कार्यालयको अभिलेखमा देखिन्छ।

**तालिका नं. १.५**

**नगरपालिकामा रहेका सामुदायिक शैक्षिक संस्थाहरुको विवरण**

| वडा | आधारभूत | माध्यमिक | उच्च शिक्षा | जम्मा |
|---|---|---|---|---|
| १ | ७ | २ | ० | ९ |
| २ | ७ | १ | ० | ८ |
| ३ | ५ | १ | ० | ६ |
| ४ | २ | ० | ० | २ |
| ५ | ३ | १ | ० | ४ |
| ६ | ६ | ० | ० | ६ |
| ७ | २ | २ | १ | ५ |
| ८ | ५ | ० | ० | ५ |

| | | | | |
|---|---|---|---|---|
| ९ | ३ | १ | ० | ४ |
| १० | ५ | १ | ० | ६ |
| ११ | ३ | १ | ० | ४ |
| १२ | ३ | १ | ० | ४ |
| १३ | ४ | 0 | ० | ४ |
| १४ | ३ | १ | ० | ४ |
| **जम्मा** | ५८ | १२ | १ | ७० |

श्रोतः षडानन्द नगरपालिका, शिक्षा शाखा

## १.५ शिक्षा क्षेत्रका सवल पक्षहरु

षडानन्द नगरपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय सकारात्मक तथा असल अभ्यासहरू कार्यान्वयनमा ल्याएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको अधिकारको प्रभावकारी उपयोग गर्दै आधारभूत तथा माध्यमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने दिशामा विद्यार्थी भर्ना अभियान, विशेष छात्रवृत्ति कार्यक्रम, दिवा खाजा तथा विद्यालय पोसाक वितरण जस्ता लक्षित कार्यक्रम सञ्चालन गरिएका छन्। यी कार्यक्रमहरूले गरिब, विपन्न तथा सीमान्तकृत परिवारका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

विद्यालय वातावरण सुधारका लागि बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइएको छ। "एक वडा एक बाल उद्यान", "एक विद्यार्थी एक बिरुवा" र "एक विद्यालय एक बगैंचा" जस्ता अवधारणाहरूले सिकाइलाई व्यवहारिक, वातावरणसँग जोडिएको र जीवनोपयोगी बनाउने प्रयास गरेका छन्। सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित परिसर निर्माणले विद्यालयलाई सिकाइअनुकूल बनाउने दिशामा सकारात्मक परिणाम देखाउन थालेको छ।

शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रविधि एकीकरणमा विशेष ध्यान दिइएको छ। स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला विस्तार, इन्टरनेट जडान तथा डिजिटल सामग्रीको प्रयोगले आधुनिक शिक्षण सिकाइ प्रक्रिया प्रवर्द्धन गरेको छ। "एक विद्यालय एक स्वास्थ्यकर्मी" र "एक विद्यालय एक मनोसामाजिक परामर्शदाता" जस्ता अभ्यासहरूले विद्यार्थीको शारीरिक तथा मानसिक स्वास्थ्यलाई पनि शिक्षा प्रणालीको अभिन्न अंगका रूपमा स्वीकार गरेको देखिन्छ, जसले समग्र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

समावेशी शिक्षाको क्षेत्रमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य सीमान्तकृत समूहलाई विशेष प्राथमिकता दिइएको छ। अपाङ्गताका प्रकृतिअनुसार सहायक सामग्री, छात्रवृत्ति तथा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ। महिला शिक्षकहरूको नेतृत्व विकास तालिमले विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्वमा लैङ्गिक सन्तुलन कायम गर्न सहयोग पुऱ्याएको छ।

यसका अतिरिक्त, सामुदायिक सिकाइ केन्द्रहरूको सक्रियता बढाई वयस्क साक्षरता, निरन्तर शिक्षा र जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिएको छ। विद्यालयस्तरमा नियमित शैक्षिक अनुगमन, उपलब्धि परीक्षण, अभिभावक शिक्षक अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रदर्शनी तथा प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गरी सिकाइ उपलब्धि सुधारमा ध्यान दिइएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी युवाहरूलाई स्वरोजगार र उद्यमशीलतातर्फ उन्मुख गराउने पहल पनि अघि बढाइएको छ।

समग्रमा, षडानन्द नगरपालिकाले शिक्षामा पहुँच, गुणस्तर, समावेशीकरण र दिगोपनालाई एकसाथ सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ। यदि यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन र स्रोत व्यवस्थापन सुनिश्चित गर्न सकियो भने स्थानीय स्तरमै गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकासको नमुना स्थापित हुनसक्ने सम्भावना प्रबल रहेको छ।

**१.६ शिक्षा क्षेत्रका समस्या**

षडानन्द नगरपालिकाको शिक्षा क्षेत्रका विद्यमान समस्याहरूलाई देहाय बमोजिम विश्लेषण गरिएको छ।

**क) समतामूलक पहुँच र सहभागिता**

विद्यालय भर्ना दर सन्तोषजनक भए पनि गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र चेतनाको अभावका कारण केही बालबालिकाहरू बीचैमा विद्यालय छोड्ने समस्या कायम छ। अपाङ्गता भएका, दलित, सीमान्तकृत तथा कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा अर्थपूर्ण सहभागिता गराउनु अझै चुनौतीपूर्ण छ। अभिभावक शिक्षाको अभावले घर– विद्यालय समन्वय कमजोर भएको देखिन्छ। समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित सहयोग, सामाजिक परिचालन र अभिभावक सशक्तीकरण कार्यक्रमलाई सुदृढ बनाउनु आवश्यक छ।

**ख) गुणस्तर र सान्दर्भिकता**

शिक्षण सिकाइ प्रक्रियामा परम्परागत घोकन्ते पद्धतिको प्रभाव अझै देखिन्छ। विद्यार्थी केन्द्रित, खोजमूलक र प्रयोगात्मक शिक्षण अभ्यास सीमित छन्। विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक

अभ्यास र अनुसन्धान संस्कृति विकास हुन नसक्दा सिकाइ सैद्धान्तिक रूपमा सीमित भएको छ। स्थानीय सन्दर्भ समेट्ने पाठ्यक्रम विकासमा ढिलाइ हुँदा शिक्षा र स्थानीय आवश्यकता बीचको सम्बन्ध कमजोर भएको देखिन्छ। यसले जीवनोपयोगी सीप विकासमा चुनौती सिर्जना गरेको छ।

**ग) शिक्षक व्यवस्थापन**

विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत शिक्षक दरबन्दी पर्याप्त छैन। विशेषगरी विज्ञान, गणित र अंग्रेजी विषयमा दक्ष शिक्षक अभावले सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पारेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकास, प्रविधि– मैत्री तालिम र समावेशी शिक्षण रणनीतिसम्बन्धी कार्यक्रम अपर्याप्त छन्। शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप र नियुक्ति प्रक्रियामा हुने विवादले स्थायित्व र पेशागत मनोबलमा नकारात्मक प्रभाव पार्ने सम्भावना देखिन्छ।

**घ) भौतिक पूर्वाधार**

धेरै विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, सुरक्षित भवन, पुस्तकालय र पर्याप्त फर्निचर जस्ता आधारभूत सुविधा अझै अपर्याप्त छन्। कतिपय भवनहरू जीर्ण अवस्थामा रहेकाले विद्यार्थीको सुरक्षामा जोखिम देखिन्छ। आधुनिक शिक्षणका लागि आवश्यक कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड र उच्च गतिको इन्टरनेट सुविधा अधिकांश सामुदायिक विद्यालयमा सीमित छन्। यसले डिजिटल शिक्षण– सिकाइ प्रक्रियामा असमानता सिर्जना गरेको छ।

**ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली**

स्थानीय पाठ्यक्रम निर्माण र प्रभावकारी कार्यान्वयनमा ढिलाइ भएको छ। सिकाइ उपलब्धिको वैज्ञानिक,तथ्यमा आधारित मूल्याङ्कन प्रणाली कमजोर देखिन्छ। विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन र फिडब्याक प्रणाली पर्याप्त सुदृढ छैन। परीक्षा केन्द्रित अभ्यास हाबी हुँदा सिर्जनात्मकता र आलोचनात्मक सोच विकासमा अपेक्षित प्रगति हुन सकेको छैन ।

**च) समता र समावेशीकरण**

अपाङ्गता भएका, दलित तथा सीमान्तकृत बालबालिकाको पूर्ण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अझै संरचनागत सुधार आवश्यक छ। लैङ्गिक साक्षरता अन्तर, सामाजिक विभेद र आर्थिक असमानताले शिक्षामा समान अवसर प्राप्तिमा अवरोध सिर्जना गरेका छन्। समावेशी पूर्वाधार, सहायक सामग्री र संवेदनशील शिक्षक तयारी अपर्याप्त हुँदा समावेशी शिक्षाको प्रभाव सीमित हुन सक्छ।

### छ) विद्यालय सुशासन र व्यवस्थापन

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकबीचको समन्वय सुदृढ नहुँदा योजना कार्यान्वयनमा प्रभावकारिता कमी देखिन्छ। पारदर्शी बजेट व्यवस्थापन, सहभागितामूलक योजना निर्माण र जवाफदेहिता प्रणाली पूर्ण रूपमा संस्थागत हुन सकेको छैन। अनुगमन तथा मूल्याङ्कन संयन्त्र कमजोर हुँदा विद्यालय सुधार योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने अवस्था देखिन्छ। विद्यालयहरूको शैक्षिक र प्रशासनिक क्रियाकलापको चुस्त अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको अभाव छ। शैक्षिक सत्र र क्यालेन्डरलाई नियमित र व्यवस्थित बनाउन नसक्दा सिकाइ प्रक्रिया प्रभावित हुने गरेको छ। माध्यमिक र प्राविधिक शिक्षालाई गुणस्तरीय र सुविधासम्पन्न बनाउन आवश्यक पर्ने लगानी र बजेटको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ ।

समग्रमा हेर्दा  षडानन्द नगरपालिकामा शिक्षा क्षेत्रमा पहुँच विस्तार र नीतिगत प्रतिबद्धता सकारात्मक भए पनि गुणस्तर, समावेशीकरण, शिक्षक व्यवस्थापन, पूर्वाधार सुदृढीकरण र सुशासनका क्षेत्रमा थप सुधार अपरिहार्य देखिन्छ। प्रभावकारी योजना, स्रोतको उचित उपयोग र समुदायमा आधारित उत्तरदायित्व प्रणाली विकास गर्न सके यी समस्यालाई अवसरमा रूपान्तरण गर्न सकिने सम्भावना रहेको छ।

### १.७ अवसरहरु

संविधान र कानुनी व्यवस्थाअनुसार शिक्षा स्थानीय तहको अधिकारभित्र परेपछि स्थानीय सरकारले आफ्नै योजनाअनुसार गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सक्ने अवसर प्राप्त भएको छ। यससँगै शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने क्षमता र तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाबाट सहकार्य र स्रोत जुटाउने वातावरण पनि उपलब्ध छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भएसँगै डिजिटल शिक्षण–सिकाइ, अनलाइन सामग्री र शिक्षक–विद्यार्थी समन्वयमा सहजता आएको छ। स्थानीय पाठ्यक्रम विकासका क्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन र जीवनोपयोगी विषयवस्तु समावेश गर्न सकिने भएकाले शिक्षा केवल सैद्धान्तिक नभई व्यवहारिक र वर्तमान चुनौतीसँग सुसंगत हुने सम्भावना बढेको छ।  त्यस्तै, स्थानीय स्तरमा विद्यमान रैथाने ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रम र सिकाइ अभ्यासमा आन्तरिकीकरण गर्न सकिनु विद्यार्थीको सांस्कृतिक र सामाजिक सन्दर्भसँग शिक्षा जोड्ने अवसर दिन्छ। साथै, वैकल्पिक सिकाइको सहजीकरणमार्फत प्रत्येक विद्यार्थीले सिक्न पाउने अधिकार सुनिश्चित गर्न सकिने भएकाले पहुँच, समावेशीकरण र गुणस्तर एकसाथ बढाउने वातावरण तयार भएको छ। यस प्रकार, कानुनी अधिकार, स्रोत व्यवस्थापन,

प्रविधि र स्थानीय ज्ञानको उपयोगले षडानन्द नगरपालिकाको शिक्षा प्रणालीलाई दिगो, समावेशी र जीवनोपयोगी बनाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको छ।

## १.८ चुनौतीहरू

षडानन्द नगरपालिकाले शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर र समावेशीकरण सुनिश्चित गर्न थुप्रै चुनौती र अवसरको सामना गर्दै आएको देखिन्छ। लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति र अन्य सामाजिक विविधताका कारण सबै बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्न अझै प्रयास आवश्यक छ । जनसाङ्ख्यिकीय प्रवृत्ति, जन्म दर, बसाइँसराइ, भौगोलिक विकटता र स्थानीय बनौटका कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा शिक्षक दरबन्दीको न्यायोचित वितरण आवश्यक छ, जसले विद्यार्थी र शिक्षक दुवैको सहज पहुँच सुनिश्चित गर्दछ। विद्यालयमा थप आर्थिक व्यवस्थापन गर्न कठिनाई हुँदा निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनमा पूर्णता दिन चुनौती देखिन्छ। दक्ष जनशक्तिको अभावले पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणाली सुधार तथा सूचना सञ्चार प्रविधिको प्रभावकारी प्रयोगमा बाधा पुऱ्याउँछ। साथै, विपत्का अवस्थाहरू जस्तै बाढी, पहिरो वा अन्य आपतकालीन परिस्थितिमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर उपलब्ध गराउने रणनीति आवश्यक छ। जनसाङ्ख्यिक विविधताका कारण आजीवन सिकाइ कार्यक्रममा समान अवसर र विविधता सुनिश्चित गर्नुपर्छ। सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधार निर्माण गरी हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत संकलन आवश्यक छ, साथै जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अपनाउनु दिगो शिक्षा प्रणालीका लागि अनिवार्य छ। यी सबै चुनौती र अवसरलाई व्यवस्थित रूपमा सम्बोधन गर्दा षडानन्द नगरपालिकामा समावेशी, दिगो र गुणस्तरीय शिक्षा प्रणाली विकास गर्न सकिने सम्भावना उच्च रहेको छ।

# परिच्छेद- दुई
# दुरदृष्टी, ध्येय, उदेश्य तथा प्रमुख उपलब्धी सुचकहरु

## २.१ राष्ट्रिय दीर्घकालिन सोच

सामाजिक तथाआर्थिक रुपान्तरणको माध्यमबाट न्यायपुर्ण समाजको विकाससहित नेपाललाई समृद् र नेपालीलाई सुखी बनाउन योगदान गर्ने।

## २.२ दूरदृष्टि

"गुणस्तरीय, सिपमूलक, प्रविधिमैत्री शिक्षाको माध्यमबाट सामाजिक रूपान्तरण"

## २.३ लक्ष्य

समावेशी पहुँचसहित गुणस्तरीय, सिपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय-अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने,

## २.४ उदेश्य

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु,

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,

## २.५ रणनीतिहरु

**उद्देश्य १ सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता र सुनिश्चित गर्नु**

**रणनीतिहरूः**

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि अनिवार्य र निःशुल्क बनाउँदै पहुँचयोग्य र समतामूलक बनाउने,

ख) विद्यालय जानबाट वञ्चित बालबालिकाहरूको पहिचान गर्न तथ्याङ्क सङ्कलन गर्ने र शैक्षिक सत्रको सुरुमा "विद्यार्थी भर्ना घरदैलो अभियान" सञ्चालन गर्ने,

ग) गरिब, विपन्न, दलित र सीमान्तकृत समूहका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न र टिकाइराख्न दिवा खाजा, छात्रवृत्ति र पोसाक वितरण गर्ने,

घ) विकट क्षेत्र वा अध्ययन गर्ने वातावरण नभएका बालबालिकाहरूका लागि आवश्यकता अनुसार छात्रावासको व्यवस्था गर्ने,

ङ) अपाङ्गता भएका बालबालिकाका लागि उनीहरूको अवस्था अनुसार (शारिरिक, सुनाई,दृष्टि, अटिज आदी) ब्रेल, साङ्केतिक चित्र र ह्विलचेयर जस्ता सामग्री र विशेष छात्रवृत्तिको व्यवस्था गर्ने,

च) अपाङ्गता भएका, सीमान्तकृत वा विशेष आवश्यकताका बालबालिकाका लागि समावेशी सिकाइ वातावरण उपलब्ध गराउने,

छ) बालबालिकाको शिक्षामा अभिभावकलाई जिम्मेवार बनाउन अभिभावक शिक्षा कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गर्ने,

ज) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने

झ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु उत्थानशिलता र वातावरणमैत्री पुर्वाधार सुनिश्चित गर्नु

**उद्देश्य २ सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,**

**रणनीतिहरूः**

क) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने

ख) शिक्षण सिकाइलाई प्रभावकारी बनाउन स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र इन्टरनेट सुविधाको विस्तार गर्ने

ग) शिक्षाको गुणस्तर कायम गर्न नतिजमा आधारित अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको विकास गर्ने

घ) पाठ्यक्रमलाई स्थानीय आवश्यकता, संस्कृति र जीवनोपयोगी सीपसँग मेल खाने गरी अनुकूल बनाउने

ङ) विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्ने

च) शिक्षण सिकाइमा खोजमूलक, प्रयोगात्मक, विद्यार्थीकेन्द्रित र क्रियाकलाप आधारित सिकाइ प्रवर्द्धन गर्ने

छ) शिक्षकलाई नवीनतम शिक्षण विधि, ICT प्रयोग, समावेशी र गुणस्तरीय शिक्षण तालिम प्रदान गर्ने

ज) नियमित मूल्याङ्कन र फिडब्याक प्रणालीको माध्यमबाट सिकाइ उपलब्धि र गुणस्तर सुनिश्चित गर्ने

झ) विद्यालयमा पर्याप्त पाठ्यपुस्तक, डिजिटल सामग्री, स्मार्ट बोर्ड, कम्प्युटर ल्याब र प्रयोगशालाको उपलब्धता सुनिश्चित गर्ने

**उद्देश्य ३ औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि अनौपचारिक, खुला र वैकल्पिक निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु**

**रणनीतिहरु**

क) अनलाइन प्लेटफर्म, भिडियो क्लास, मोबाइल एप्लिकेशन र रेडियो / टेलिभिजन माध्यमबाट बैकल्पिक सिकाइ पहुँच विस्तार गर्ने

ख) प्रत्येक वडामा इन्टरनेट सुविधा सहित कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने

ग) एक वडा एक पुस्तकालय/वाचनालय को अवधारणा अनुसार प्रत्यक सामुदायिक सिकाइ केन्द्रसँग आवद्धरहने गरी पुस्तकालयहरु स्थापना गर्ने

घ) नगरस्तरमा एक मुख्य पुस्तकालय स्थापना गरी वडाका पुस्तकालयहरूलाई एउटै सञ्जालमा जोड्ने

ङ) परम्परागत र मौलिक ज्ञान, दर्शन र प्राकृतिक विज्ञानलाई सङ्ग्रह र सूचीकरण गरी संरक्षण गर्ने

च) प्रत्येक टोलमा नागरिकहरूको सिकाइको चाहना पूरा गर्न र "जीवन पर्यन्त सिकाइ" लाई अभियानको रूपमा सञ्चालन गर्न स्थानीय बौद्धिक समाज गठन गर्ने

छ) समुदायको समन्वय र सहयोगमा टोल टोलमा प्रौढ कक्षाहरू सञ्चालन-गर्ने र उनीहरूको सिकाइ उपलब्धिलाई मापन गर्ने सूचकहरू विकास गरि कार्यान्वयन गर्ने

ज) अनौपचारिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रहरूको भूमिका प्रभावकारी बनाएर नगरपालिकालाई **"पूर्ण साक्षर तथा शिक्षित पालिका"** घोषणा गर्ने

**उद्देश्य ४ विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,**

रणनीतिहरू

क) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध गर्ने

ख) शैक्षिक पेसामा संलग्न जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्न परिणाममा आधारित जवाफदेहिता प्रणालीको विकास गर्ने

ग) प्रधानाध्यापक छनोट प्रणालीलाई योग्यता र क्षमताका आधारमा हुने गरी परिमार्जन गर्ने

घ) विव्यसको भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाई स्वचालित र सफल संस्थाका रूपमा विकास गर्ने

ङ) विद्यालयप्रति समुदायको अपनत्व बढाउन विद्यालय समुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्ने

च) विद्यालय र विद्यार्थीको विस्तृत विवरणका लागि एकीकृत तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण गर्ने

छ) सम्पूर्ण सूचनालाई सुरक्षित राख्न र 'रियल टाइम' मा प्राप्त गर्न Cloud Data Management र स्वचालित संयन्त्रको विकास गर्ने

ज) निजी (संस्थागत), गुठी र सहकारी विद्यालयहरूको स्थापना, अनुमति, सञ्चालन र आर्थिक पारदर्शिताको नियमित अनुगमन र नियमन गर्ने

झ) शैक्षिक जनशक्ति र नेतृत्व तहका लागि स्पष्ट आचारसंहिता निर्माण गरी लागू गर्ने

ञ) नगरपालिकाभरि रहेका शिक्षक दरबन्दीको अध्ययन गरी दरबन्दी मिलान र पुनर्वितरण गर्ने

ट) प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक र कर्मचारीहरूका लागि नियमित तालिम र

| |
|---|
| नेतृत्व विकास कार्यक्रमहरू सञ्चालन गर्ने |

### २.६ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ,

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ,

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

### मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| मुख्य कार्यसम्पादन सुचक | | | | | |
|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | आधार बर्ष २०८२ | मध्य अवधि २०८८ | लक्ष्य वर्ष २०९२ |
| 1.1 | प्रारम्भिकबाल विकास | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर(%) | ९० | ९२ | ९५ |
| 1.2 | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर(%) | ७० | ७८ | ८५ |
| 1.3 | | न्यनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | १०० | १०० | १०० |
| 1.4 | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ६० | ६५ | ७० |
| 1.5 | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका(%) | ९५ | ९७ | १०० |
| 2.1 | आधारभुततह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | १०० | १०० | १०० |
| 2.2 | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १०५ | १०३ | १०२ |
| 2.3 | | आधारभूत तह प्राथमिक कक्षा (१-५) खुद भर्ना दर % | ९८ | ९९ | १०० |
| 2.4 | | आधारभूत तह प्राथमिक कक्षा (१-५) कुल भर्ना दर (%) | १२० | ११७ | ११५ |
| 2.5 | | आधारभूत तह (कक्षा ६-८ मा खुद भर्ना दर (%) | ९७ | ९८ | १०० |
| 2.6 | | आधारभूत तह (कक्षा ६-८ मा कुल भर्ना दर (%) | ९८.६ | ९९ | १०० |
| 2.7 | | आधारभूत तह (कक्षा १ -८ खुद भर्ना दर (%) | ९८ | ९९ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| 2.8 | | आधारभूत तह (कक्षा १ -८ कुल भर्ना दर (%) | ११० | १०८ | १०६ |
| 2.9 | | आधारभूत तह (कक्षा १-८ खुद भर्ना दरमा लैङगिक समता सुचक) | १०० | १०० | १०० |
| 2.10 | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर(%) | ९६ | ९८ | ९९ |
| 2.11 | | आधारभूततहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर(%) | | | |
| 2.12 | | विद्यालय वाहिर रहेका बालबालिका (%) कक्षा १-८ | | | |
| 3.1 | **माध्यमिक तह** | माध्यमिक तह ( कक्षा ९-१० मा खुद भर्ना दर %) | ७० | ७३ | ७५ |
| 3.2 | | माध्यमिक तह ( कक्षा ९-१० मा कुल भर्ना दर %) | ९२ | ९४ | ९५ |
| 3.3 | | माध्यमिक तह (कक्षा ११-१२ मा खुद भर्ना दर %) | ३५ | ४० | ४५ |
| 3.4 | | माध्यमिक तह (कक्षा ११-१२ मा कुल भर्ना दर %) | ८० | ८२ | ८५ |
| 3.5 | | माध्यमिक तह (कक्षा ९-१२ मा खुद भर्ना दर %) | ५५ | ६० | ६५ |
| 3.6 | | माध्यमिक तह (कक्षा ९-१२ मा कुल भर्ना दर %) | ८५ | ८७ | ९० |
| 3.7 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउदर (%) | ७५ | ८० | ८५ |
| 3.8 | | कक्षा १ माभर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | | | |
| 3.9 | | कक्षा ११- १२को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | | | |
| 4.1 | **अनौपचारिकशिक्षा तथा निरन्तर सिकाइ** | ५ बर्ष माथिको साक्षरता दर | ८८ | | ९२ |
| 4.2 | | ५-२४ वर्षको साक्षरता दर | | | |
| 4.3 | | १५ बर्षमाथिको साक्षरता दर | | | |
| 5.1 | **महिलाशिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा१-८) | ३३ | ३७ | ४० |
| 5.2 | | माध्यमिक तह (कक्षा ९-१२) | २५ | | ३३ |
| 6.1 | **PMEC पुरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | ८० | | ९० |
| 6.2 | | आधारभुत | ६० | | ७५ |
| 6.3 | | माध्यमिक | ५५ | | ७० |
| 7.0 | **स्थानीयतहमा शिक्षाको बजेट प्रतिशत** | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट(%) | ५ | | १० |
| 8. 1 | **छोड्नेदर** | आधारभूत तह (कक्षा १-८) | १.५ | | ० |
| 8.2 | | माध्यमिक तह(कक्षा ९-१०) | १.५ | | ०.५ |
| 9.1 | **दोर्याउनेदर** | आधारभूत तह (कक्षा १-८) | १.५ | | ०.५ |
| 9.2 | | माध्यमिक तह (कक्षा ९-१०) | १.५ | | ०.५ |

| | | समग्र सिकाई उपलब्धि दर | ६० | | ७० |
|---|---|---|---|---|---|

# परिच्छेद ३ :
# विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१ परिचय

पाठ्यक्रम प्रारुप २०७६ का अनुसार चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख गरिएको छ भने चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक,संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ। प्रारम्भिकबालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापकामाध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयारपार्नु हुने छ भन्ने कुरा उल्लेख गरिएको छ।प्रारम्भिक बालविकास र शिक्षाका ७ सक्षमताहरू मा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकासर भाषिक तथा सञ्चार सिपको विकास रहेका छन्।

प्रारम्भिक बाल विकास तथा शिक्षा आधारभुत तहको एक महत्वपुर्ण उप क्षेत्र हो।चार बर्ष उमेर पुगेका बालबालिकालाई दिईने शिक्षालाई प्रारम्भिक बालशिक्षा भनिन्छ।शारीरिक,मानसिक (बौद्धिक), संवेगात्मक र सामाजिक क्षेत्रको समुचित विकासलाई नै बाल बिकासको आधारमा लिएको हाल रहेको छ।हाल बालविकास केन्द्र विद्यालयमा आधारित तथा समुदायमा आधारित २ प्रकारका रहेका छन्।प्रारम्भिक बालविकासकक्षादेखि १२ सम्मलाई सरकारले विद्यालय शिक्षाको संरचनामा राखेको छ।

नेपालको संविधानको धारा ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताकोहक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले

बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्तव थप पुष्टि भएको छ।बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच गुणस्तरमा जोड दिइएको छ भने शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उदेश्य लिएको छ भने उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ।त्यस्तैगरी १६ औ योजनाले प्रारम्भिक शिक्षा लाई विद्यालय शिक्षाको अभिन्न अंगका रुपमा लिइ सबै बालबालिकाहरुको पहुँचको सुनिश्चित गर्ने रणनीति लिइएको छ भने कार्यनितका रुपमा बालविकासको विकासको लागि लगानी साझेदारी गर्ने दक्ष योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने प्रारम्भिक शिक्षाको ब्यवस्थापनको न्युनतम मापदण्ड पुरा गर्ने लिएको छ।

### ३.१.२ वर्तमान अवस्था

षडानन्द नगरपालिकामा हाल जम्मा ६२ वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्, जसमा सामुदायिकतर्फ ५९ र संस्थागत विद्यालयतर्फ ३ केन्द्र रहेका छन्। यी केन्द्रहरूमा कुल ५२४ जना बालबालिका अध्ययनरत रहेका छन्, जसमध्ये ३०५ जना छात्र र २१९ जना छात्रा रहेका छन्। यस उमेर समूहको अनुमानित कुल जनसंख्याका आधारमा सहजै देखिने भर्नादर कुल भर्नादर ९० प्रतिशत रहेको देखिन्छ, जसले पहुँच विस्तार भएको संकेत गरे पनि शतप्रतिशत लक्ष्य अझै हासिल हुन बाँकी रहेको देखाउँछ।

बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको संख्या ४१९ रहेको छ। यसमध्ये एक वर्षको बालविकास अनुभवसहित कक्षा १ मा जाने बालबालिकाको ८० प्रतिशत रहेको छ। अनुभवसहित कक्षा १ मा प्रवेश गरेका बालबालिकाको सिकाइ उपलब्धि र कक्षागत अनुकूलन

क्षमता तुलनात्मक रूपमा राम्रो देखिएको छ, जसले बालविकास कार्यक्रमको प्रभावकारिता पुष्टि गर्दछ।

समावेशी पहुँचको दृष्टिले दलित बालबालिकाको संख्या ५२४, दलित बालबालिकाको संख्या ७१ र अपाङ्गता भएका बालबालिकाको संख्या ५ रहेको छ। यी तथ्याङ्कले समावेशी सहभागिता बढ्दो क्रममा रहेको देखाए पनि जनसंख्या अनुपातअनुसार अझ सुधारको आवश्यकता रहेको देखिन्छ। विशेषगरी अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्री, पहुँचयोग्य भौतिक संरचना तथा प्रशिक्षित जनशक्ति व्यवस्था सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

बालविकासका न्यूनतम सक्षमता मापदण्ड पूरा गरेका संस्थागत विद्यालयको संख्या १ रहेको छ, जुन कुल संस्थागत विद्यालयको करिब १६ प्रतिशत हो। न्यूनतम सक्षमता अन्तर्गत सुरक्षित कक्षाकोठा, खेलमैत्री सिकाइ सामग्री, प्रशिक्षित सहजकर्ता, बालमैत्री शौचालय र सुरक्षित खानेपानी जस्ता सूचकहरू समावेश गरिएका छन्। हाल यी मापदण्ड पूर्ण रूपमा कार्यान्वयन भएका केन्द्रहरूको अनुपात सीमित रहेको देखिएकाले गुणस्तर सुधारका लागि थप लगानी र अनुगमन आवश्यक देखिन्छ। समग्रमा हेर्दा यस नगरपालिकामा प्रारम्भिक बालविकासको पहुँच विस्तार सन्तोषजनक देखिए पनि गुणस्तर, समावेशिता र न्यूनतम सक्षमता सुनिश्चिततामा अझ रणनीतिक हस्तक्षेप आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ।

**तालिका ३.१**

**प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ५९ | २०९ | १६६ | ३७५ | २९ | २८ | ५७ | २ | ३ | ५ |
| संस्थागत | ३ | ९६ | ५३ | १४९ | ७ | ७ | १४ | ० | ० | ० |
| जम्मा | ६२ | ३०५ | २१९ | ५२४ | ३६ | ३५ | ७१ | २ | ३ | ५ |

यस नगरपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ। यसले ५ वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ। नगरपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण

रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ। हाल यस नगरपालिकामा बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारमा केहि कमी देखिएको छ। धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य–दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ। यद्यपि, नगरपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ ।

### ३.१.३ उदेश्य

यस पालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको हुने छ

- ५बर्ष मुनिको सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँचमा सुनिश्चित गर्नु।
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षा तथा विकास/पुर्व प्राथमिक शिक्षाको अनुभव सहितकक्षा १ मा प्रवेश गराउनु।
- बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु
- सबै बालबालिकालाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउनु
- बाल विकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाउनु।

### ३.१.४ रणनीतिहरू

**क)** सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

**ख)** बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने,

**ग)** निजी क्षेत्रलाई समेत केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहित गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने ।

**घ)** अति विपन्न, दलित, सीमान्तकृत र अपाङ्ग बालबालिकालाई पहुँच सुनिश्चित गर्दै निःशुल्क भर्ना अभियान सञ्चालन ।

**ङ)** कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

च) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,

छ) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,

ज) लागत सहभागिता अभिवृद्धि गर्ने,

झ) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

ञ) ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,

ट) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,

ठ) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

ड) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणका लागि समायोजन तथा परिमार्जन गर्ने,

ढ) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने।

### ३.१.५ अवसर र चुनौतिहरु

बालविकासको क्षेत्रमा प्रत्येक बर्ष प्रति विद्यार्थी रु ५०० का दरले अनुदान विद्यालयले प्राप्त गर्नु, प्रदेश सरकारले यस क्षेत्रमा जोड दिदै आउनु, यस नगरपालिकाले बालविकासमा जोड दिनु, खाजा कार्यक्रम लागु हुनु बालविकास केन्द्रको लागि धेरै विद्यालयहरुमा छुट्टै कक्षाकोठा हुनु अभिभाबकहरुमा क्रमश ४ बर्ष पछि बालविकासमा भर्ना गर्नु पर्छ भन्ने चेतना बढ्दै जानु स्थानीय सरकारले स्थानीय सरकारले बालबविकास केन्द्र स्थपना गर्नु  लागायतका गतिविधिले यस क्षेत्रको सुधार र विकासको स्पस्ट अवसर देखिन्छ।

यस क्षेत्रको चुनौतिका रुपमा सहजकर्ताहरुले विद्यालयमा शिक्षकको अभावले अन्य कक्षाहरु पनि सहजिकरण गर्नु पर्ने, बाल विकास सहजकर्ताले कम पारिश्रमिक प्राप्त गर्नु बालविकास केन्द्रहरुको बर्गीकरण नगर्नु,  धेरै बालविकास केन्द्रहरुका सरकारले ताकेका न्युनत्तम मापदण्ड पनि पुरा नगर्नु रहेकोछन्। मुलत यस क्षेत्रका मुख्य समस्या तथा चुनौतिहरुमा यस प्रकार रहेका छन्।

- प्रारम्भिकबाल विकास केन्द्रको न्युत्तम मापदण्ड पुरा गर्दै बालबालिकाहरुको सर्वाङ्गिण विकास गर्नु
- पिछाडीएका वर्गका बालबालिकाहरुलाई बाल शिक्षाको पहुँचमा सुनिश्चत गर्नु
- योग्यता तथा तालिम प्राप्त सहजकर्ताको ब्यवस्था गर्नु तथा टिकाइ राख्नु
- सबै बालविकास केन्द्रहरुमा तोकिएको पाठ्यक्रम अनुरुप सहजीकरण गर्नु
- प्रारम्भिक बालहेरचाहा पोषण सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभाबक जागरण गर्नु
- हरेक विद्यालयमा अनिवार्य वालविकासको व्यवस्था अभाव हुनु।

### ३.१.६ उपलब्धी तथा प्रमुख नतिजाहरु

यस क्षेत्रको चुनौतिका रुपमा सहजकर्ताहरुले विद्यालयमा शिक्षकको अभावले अन्य कक्षाहरु पनि सहजिकरण गर्नु पर्ने, बाल विकास सहजकर्ताले कम पारिश्रमिक प्राप्त गर्नु बालविकास केन्द्रहरुको बर्गीकरण नगर्नु, धेरै बालविकास केन्द्रहरुका सरकारले तोकेका न्युनत्तम मापदण्ड पनि पुरा नगर्नु रहेकोछन्। मुलत यस क्षेत्रका मुख्य समस्या तथा चुनौतिहरुमा यस प्रकार रहेका छन्।

**क) उपलब्धी**

सबै बालबालिकाको पहुँचमा गुणास्तरीय प्रारम्भिक बालबिकासको अवसर सुनिश्चित र अनिवार्य गरिनेछ।

**ख) नतिजा**

- सबै सामुदायिक तथा निजी विद्यालयहरुमा आवश्यकताका आधारमा प्रारम्भिक वालविकास केन्द्र सञ्चालन हुनेछन् ,
- सबै प्रारम्भिक वालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरु तालिम प्राप्त हुनेछन् ,
- प्रारम्भिक वालविकास केन्द्रमा वालवालिकालाई ल्याउन पुर्याउन अभिभावक तथा विद्यालय जिम्मेवार हुनेछन्
- वालमैत्री तथा प्रविधिमैत्री कक्षाकोठाको व्यवस्था हुनेछ ,
- प्रारम्भिक वालविकास तथा शिक्षा उमेर समूहका सबै वालवालिकाहरुलाई प्रारम्भिक वालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार हुनेछ ,
- प्रारम्भिक वालविकास केन्द्रहरु प्रारम्भिक वालविकास सम्वन्धी न्युनतम मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) अनुसार मापदण्ड पूरा भएका हुनेछन्।

- सबै प्रारम्भिक वालविकास सहयोगी कार्यकर्ताहरु  मण्टेश्वरीमा आधरित तालिम प्राप्त हुनेछन् ।
- प्रारम्भिक वालविकास शिक्षामा अभिभावककमा अपनत्वको भावन जागृत भएको हुनेछ ।

## ३.१.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्रश | कार्यक्रम /क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (बर्ष ५पहिलो ) | | | | | भौतिक लक्ष्य (बर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | भर्ना अभियान सञ्चालन गर्ने | समय | √ | √ | √ | √ | √ | √ | नियमित |
| २ | अभिभाबक सचेतना शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | विद्यालय | २ | ४ | ८ | १६ | ३२ | ७० | |
| ३ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरुको सहयोग गर्ने । | समय | १ | २ | ३ | ४ | ५ | ३० | |
| ४ | प्रस्ताबनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकासको सुनिश्चतको लागि सहयोग कार्यक्रम सञ्चालन गर्ने । | केन्द्र | १ | २ | ३ | ४ | ५ | ३० | |
| ५ | बालशिक्षालाई थप गुणस्तर को लागि थप शिक्षकको ब्यवस्था गर्ने । | जना | २ | ३ | ४ | ५ | ६ | २२ | |
| ६ | बालविकासको सहजकर्ताको पारिश्रमीकमा थप प्रोत्साहन भत्ताको ब्यवस्था गर्ने । | जना | ५८ | ६५ | ६९ | ७४ | ८० | ८० | |
| ७ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि क्षमताविकास कार्यक्रम सञ्चालन गर्ने । | जना | २० | ३० | १७ | | १३ | ८० | |
| ८ | समुदायको वस्ती, बालबालिकाको संख्या र बालविकास केन्द्रको दूरीलाई आधारमानी बालविकास केन्द्र संख्या विस्तार र समायोजन गर्ने । | पटक | २ | ३ | ४ | ५ | ६ | २२ | |
| ९ | नमुना बालविकास केन्द्रको स्थापना कार्यक्रम गर्ने । | वडा | १ | २ | ३ | ३ | ३ | १४ | |
| १० | वडा स्तरीय बाल बालउद्यान निर्माण गर्ने । | वडा | १ | २ | ३ | ३ | ३ | १४ | |
| ११ | प्रारम्भिक बाल शिक्षाको पाठ्यक्रम मार्फत अनिवार्य रुपमा शिक्षण गर्ने । | केन्द्र | √ | √ | √ | √ | √ | √ | नियमित |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विब्यस वा रोस्टरबाट निश्चित सुचकको आधारमा मासिक अनुगमन गरी समीक्षा बैठक सञ्चालन गर्ने । | केन्द्र | √ | √ | √ | √ | √ | √ | नियमित |
| १३ | बर्षको कम्तिमा २ पटक सहजकर्ताहरु सँग समीक्षा तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | जना | √ | √ | √ | √ | √ | √ | नियमित |
| १४ | बार्षिक उत्कृष्ट बालविकास सहजकर्ता लाई सम्मान गर्ने । | जना | १ | १ | १ | १ | १ | १० | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङगिण विकास , गुणास्तरीय जीवनयापन र सामजिक समायोजनमा सहयोग गर्दछ।यसले व्यत्तिलाई जीवनपर्यन्त सिकाईको मार्ग प्रशस्त गरि मुलुकको समाजिक तथा अर्थिक रूपान्तरणमा सहभागि हुने अवसर प्रदान गर्दछ।नेपालको सविंधानले अधारभुत शिक्षालाई ब्याक्तिको मौलिक अधिकारको रुपमा लिएको हुनाले आधारभुत शिक्षामा समतामुलक पहुँच पुर्याई गुणस्तर सुनिश्चित गर्नु राज्यको दायित्व हो।नेपालको सविंधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षाअनिवार्य र निशुल्कपाउने हकहुनेछ भनेको छ।यसै गरि अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले आधारभूततह सम्मको शिक्षाप्रदान गर्ने दायित्व र तत्सम्बन्धि आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेस सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका वालवालिकालाई विद्यालय पठाउन प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ।प्रचलितऐनहरुले परिभाषित गरेअनुसार नेपालमा आधारभुत शिक्षाभन्नाले प्रारम्भिक वालशिक्षा देखि कक्षा ८ सम्मको दिने शिक्षा हो।

नेपालको सविंधानले विद्यालयतहको शिक्षा स्थानीयतहको एकल तथा संघ,प्रदेस र स्थानीयतह को साझाअधिकारको रुपमा राखेको पाईन्छ।यसरी विद्यालयतहको पहिलो तहआधारभुततहविकासमा सवै तह र तप्काका सरकार र संस्थाको उत्तिकै महत्व रहन्छ।

शिक्षा ऐन २०२८ अनुसार “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो। आधारभूत तहमा अध्ययन गर्ने वालवालिकाहरुको उमेर समूह ४ वर्ष देखि १२ वर्ष सम्म रहेको छ। आधारभुत तह कक्षा १– ३ मा पाठ्यक्रम प्रारुप २०७६ अनुसार एकीकृत पाठ्यक्रम लागू गरी कार्यन्वयन हुँदैछ जसमा विद्यार्थी मूल्याङ्कन विद्यार्थीको उपलव्धि स्तरका आधारमा निरन्तर मूल्याङ्कन गरी अक्षराङ्क पद्धतिबाट गरिन्छ। कक्षा ४ र ५ मा ६०० पूर्णाङ्कको सात विषयहरु पठनपाठन गराई ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षाबाट विद्यार्थी मूल्याङ्कन गरिन्छ। कक्षा ६– ८ मा हाल कक्षा ६ मा पाठ्यक्रम प्रारुप

२०७६ अनुसारको पाठ्यक्रम लागू भएको छ भने अन्य कक्षामा क्रमशः लागू हुँदै जाने छ। यी कक्षाहरुमा निरन्तर मूल्याङ्कन ४० प्रतिशत र आवधिक परीक्षा ६० प्रतिशतको गरी विद्यार्थी मूल्याङ्कन गरिन्छ साथै कक्षा ८ अन्त्यमा नगरपालिका स्तरीय परीक्षा सञ्चालन गरिन्छ ।राष्ट्रिय शिक्षा नीति २०७६ मा सामान्यतया आधारभूत तहका वालवालिकाहरुले १ घण्टाको दूरी भन्दा वढी हिड्नु नपर्ने गरी विद्यालयको नक्शाङ्कन समायोजन र मिलान गरिने छ। आधारभूत विद्यालय उमेर समूहका आफ्ना परिवारका वालवालिकालाई विद्यालय भर्ना नगराएमा कानुन वमोजिम दण्डित हुने तथ्य अभिभावकलाई वोध गराउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ उपधारा (१)मा नागगरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन्। युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ।आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि षडानन्दनगरपालिकाले यस योजनामा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमाचुनौतीहरू पहिचान गरिआगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुखक्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ ।

### ३.२.२ वर्तमान अवस्था

आधारभुततहका विद्यार्थीका उमेरका सम्पूर्ण विद्यार्थी विद्यालयमा रहेको अवस्था छैन। केहीविद्यालय उमेरका विद्यार्थीहरु संरक्षकको अभावमा विद्यालय बाहिर रहेका छन भने

केहीविद्यार्थीहरु समय हुदाँ पनि विद्यालयबाहिर रहेका छन। आधारभुतशिक्षामा सवै वालवालिकाको समतामुलक पहुँच पुर्याउन विगतमा केहीप्रयास हरु गरिएको पाईन्छ। यसका लागि विद्यालयमा कक्षा १–५ मा दिवाखाजा, आधारभुततहमा १०० प्रतिसत छात्रा छात्रावृत्ति, अपाङ्ग छात्रावृत्ति, दलित छात्रवृत्ति, निशुल्क पाठ्यपुस्तकवितरण, विद्यालयले गरेका भर्ना अभियान, निशुल्कशिक्षा जस्ता कृयाकलापहरु गरेका पाईन्छन। फलस्वरुप कक्षा १–५ खुदभर्नादर ९८ प्रतिसत र कक्षा १–८ खुद भर्नादर ९८ प्रतिशत पुगेको छ। यी प्रयासका बावजुत पनि आधारभुत तहको उमेर समूहको करिव २ प्रतिशत वालवालिका विद्यालय वाहिर रहेका छन। विद्यालय बाहिर रहेका विद्यार्थी संख्या वडागत रुपमा समान छैन। आर्थीक तथा सामाजिक रुपले पछाडी परेका परिवारका वालवालिकाहरु नै विद्यालयवाहिर रहने गरेका छन। यस्तै यस नगरपालिकाभित्र जम्मा ७६ आधारभुत विद्यालयमध्ये ७० वटा सामुदायिक र ६ वटा संस्थागत रहेका छन। यसरी यस नगरपालिकाका विद्यार्थीहरु मध्ये ४५७३ सामुदायिक र ३९१ सस्थागत विद्यालयमा अध्यन गरी रहेका छन।

**तालिका नं. ३.२**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ७० | २२९९ | २२७४ | ४५७३ | २८५ | २७३ | ५५८ | ६० | ३६ | ९६ |
| संस्थागत | ६ | २१६ | १७५ | ३९१ | २४ | २० | ४४ | ० | ० | ० |
| जम्मा | ७६ | २५१५ | २४४९ | ४९६४ | ३०९ | २९३ | ६०२ | ६० | ३६ | ९६ |

षडानन्द नगरपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ। सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ। विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ ।

### ३.२.३ उदेश्य

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य बनाउनु

ख) सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु

ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु

### ३.२.४ रणनीतिहरु

क) कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले विशेष भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने

ख) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने

ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था तथा कार्यविधि तर्जुमा गर्ने

घ) अनिवार्य तथा निःशुल्क शिक्षाका लागि आवश्यक आर्थिक तथा अन्य स्रोतको सुनिश्चितता गर्ने

ङ) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण र समायोजन गरी शैक्षिक पहुँच सन्तुलित बनाउने

च) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरी विषयगत तथा कक्षागत शिक्षकको पर्याप्तता सुनिश्चित गर्ने

छ) सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गरी तिनलाई प्रतिस्पर्धी, प्रभावकारी र विश्वसनीय बनाउने

ज) शिक्षण– सिकाइ विधिमा आवश्यक परिमार्जन गरी विद्यार्थीकेन्द्रित, क्रियाकलाप आधारित तथा व्यवहारमुखी पद्धति अवलम्बन गर्ने

झ) कक्षा ३ सम्म आधारभूत कक्षा शिक्षण प्रभावकारी रूपमा कार्यान्वयन गर्ने

ञ) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने

ट) मूल्याङ्कनलाई शिक्षण– सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउने

ठ) कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने

ड) विद्यार्थीलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराई सिकाइ उपलब्धिमा सुधार ल्याउने

ढ) अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा सुधार गर्ने

ण) दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सिपहरूलाई सिकाइ क्रियाकलापमा समावेश गर्ने

त) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने

थ) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

द) शिक्षक विकास तथा सहायता प्रणालीलाई व्यवस्थित गर्ने

ध) शिक्षामा कार्यरत सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने

न) विद्यालय तथा शैक्षिक निकायको शासकीय र व्यवस्थापकीय पद्धतिमा सुधार गरी नतिजाप्रति जवाफदेहिता सुनिश्चित गर्ने

ऩ) विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने

प) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने

फ) विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणयुक्त बनाउने

ब) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने

भ) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने

म) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने

य) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने

र) विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने तथा भाषिक र सामाजिक– सांस्कृतिक विविधताको सम्मान गर्ने

ल) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीजस्ता परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

### ३.२.५ चुनौतिहरु

- आधारभुततहमासिकाइको गुणस्तर बृद्धि गर्न ।
- आधारभुतशिक्षामा सवै बालबालिकाको पहुँचतथा सहभागिता सुनिश्चित गर्न ।
- आधारभुततहमाविषयगततथाकक्षागतशिक्षकको व्यवस्था गर्न
- आधारभुतविद्यालयको शैक्षिकवातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्रीबनाउन

- सुचनातथा सञ्चार लगायतका प्रविधिमाशिक्षक तथाविद्यार्थीको पहुँचविस्तार तथाशिक्षकको दक्षतामा बृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्न ।
- विद्यालयमा क्यान्टिन निर्माण गरी पोषण युक्तखाजाको व्यवस्था गर्न
- विद्यालयलाई समुदायप्रतिउत्तरदायीबनाउन
- विद्यार्थी संख्याको समानवितरण गर्न
- विद्यार्थीलाई सीपयुक्तनिर्माण गर्न
- शिक्षकको वृत्तिविकासलाई व्यवस्थितबनाई पारदर्शी, नतिजामाआधारित र योग्यबनाउने ।

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

- सबै वालबालिकाका लागि समतामुलक तथा गुणस्तरीय आधारभुत शिक्षामा प्रविधियुक्त पहुँच,सहभागिता र गुणस्तर अभिवृद्धि भएको हुने।
- सवै वालवालिकाको लागि अनिवार्य ,निशुल्क तथा प्रविधियुत्त अधारभुत शिक्षाको पहुँच तथा गुणस्तर अभिबृद्दी भएको हुने छ

ख) प्रमुख नतिजाहरू

- बिद्यालमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने
- आधारभुत शिक्षाको भर्ना सहभागिता तथा सिकाई उपलब्धिमा लैङ्गिक भौगोलिक सामाजिक तथा आर्थीक समता सूचकमा सुधार हुने
- बिधालय शिक्षा प्रणालि प्रकोप संकट तथा महामारी लगायतका परीस्थितीमा बैकल्पीक शैक्षिक ब्यवस्था कार्यन्वयन भएको हुने
- बालबालिकाले न्युनतम सिकाई उपलब्धि हासिल गरेको हुने
- स्थानिय पाठ्यक्रम वा अतिरीक्त विषयको रुपमा कम्प्युटर कक्षा सञ्चालन भएको हुने
- बिधालयमा खानेपानी शौचालय तथा उचित कक्षाकोठाको ब्यवस्था भएको हुने
- सबै बालवालिकामा आधारभुत शिक्षाको पहुच सुनिस्चित हुने
- बिपन्न वर्गका बालबालिकाले स्टेसनरी तथा छात्रवृति प्राप्त गरेको हुने

ग) प्रमुख क्रियाकलापहरु

## तालिका ३.३ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो (५ वर्ष) | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | स्थानिय पाठ्यक्रम निर्माण | कक्षा | | १-५ | ६-८ | | | | ८ | नगरपालिका |
| २ | बि.व्य.स तथा शि.अ.स लाई क्षमताविकास तालिम | समय | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ३ | प्रबिधिमैत्रि शिक्षक तालिम | जना | २० | २० | २० | २० | २० | १०० | २०० | नगरपालिका |
| ४ | बिधालय अनुगमन तथा कक्षा शिक्षणअनुगमन र नमुना शिक्षण | समय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | नगर पालिका |
| ५ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | | | १ | २ | ४ | नगर पालिका |
| ६ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन | पटक | | १ | | | १ | २ | ४ | नगर पालिका |
| ७ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | ९८ | ९९ | १०० | | | | १०० | नगर पालिका |
| ८ | विद्यालयमा न्युनतम् भौतिक पूर्वाधार विकास | संख्या | ३ | ५ | ५ | ५ | ५ | २३ | ४६ | संघ/ प्रदेश/ नगरपालिका |
| ९ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा योजना तयारी महामारीलगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ/ प्रदेश/ नगरपालिका |
| १० | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | २ | ३ | ३ | ३ | ३ | १५ | २९ | संघ/ प्रदेश/ नगरपालिका |
| ११ | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ/ प्रदेश/ नगरपालिका |
| १२ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | नगरपालिका |
| ११ | नि:शुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | १०० | नगरपालिका |
| १५ | सामुदायिक शिकाई केन्द्र तथा पुस्तकालय सञ्चालन | सङ्ख्या | १ | १ | १ | २ | २ | ७ | १४ | नगरपालिका |
| १६ | आधुनिक शिक्षण प्रबिधिसिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | १०० | नगरपालिका |
| १७ | कक्षा१ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थीनिर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापनसञ्चालन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | ७० | |
| २८ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनितिको निरन्तरता सहितप्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोगकार्यक्रम | विद्यालय | १० | १० | १० | १० | १० | ५० | ७० | |
| २९ | बालबालिकाहरुको पठन सहित सिकाइ सुधारमा योगदान पुर्याउने उत्कृष्टअभिभाबक सम्मान कार्यक्रम | जना | २ | २ | ३ | ३ | ५ | १५ | ३० | |
| २० | कक्षा १ ३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठाइ तथा गणितियसीप परिक्षण सञ्चालन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | ६९ | |
| २१ | बार्षिक रुपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | ७० | |
| २२ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सबसहित शैक्षिक प्रदशनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २३ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | जना | २ | २ | २ | २ | २ | १० | २० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

माध्यमिक शिक्षा भन्नाले कक्षा ९-१२ सम्म दिईने शिक्षालाई बुझिन्छ।यस तहमा अध्यन गर्ने बिध्यार्थिको उमेर समुह १३ वर्ष देखि १६ वर्ष सम्म रहेको छ। माध्यमिक शिक्षालाई साधारण प्राबिधिक तथा ब्यवसायिक र परम्परागत गरी तिन प्रकारमा बर्गिकरण गरीएको छ।गुरुकुल, गोन्पा बिहार, मदर्सा, मुन्दुम लगाएतका परम्परागत शिक्षा पद्दतिलाई माध्यमिक शिक्षामा समेटिएको छ। साधारण तथा प्राबिधिक धारमा क्रमस ८०० र १००० पुर्णाङकका बिषयबस्तु पठनपाठन गराइन्छ ।यस तहमा अक्षराङक पद्दति द्वारा बिध्यार्थि मुल्याङकन गरीन्छ।कक्षा १० को अन्त्यमा प्रदेश स्तरको एस.ई.ई र कक्षा १२ को अन्त्यमा राष्ट्रिय स्तरको  परीक्षा सञ्चालन तथा ब्यवस्थापन गरीदै आएको छ।नेपालको संविधानले २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ।संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका  सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ।

### ३.३.२ वर्तमान अवस्था

यस षडानन्द नगरपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या ९६७, शिक्षक दरबन्दी ५४ र शिक्षक– विद्यार्थी अनुपात करिब १७:९१ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित ११२, जनजाति ७०४ र अपाङ्गता भएका बालबालिका १७ रहेका छन्। केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षा कोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा

सञ्चार प्रविधि पर्याप्त छैन। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ।

नेपालको संघीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९–१२ लाई माध्यमिक शिक्षा मानिएको यस नगरपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ।नगरपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको छ।विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ भनेकेही विद्यालय अझै ०+२ मोडेलमा सञ्चालन भइरहेका र पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्नुपर्ने अवस्था रहेको छ ।

### ३.३.३ उद्देश्यहरू

**क)** माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

**ख)** माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

**ग)** विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

### ३.३.४ रणनीतिहरू

क) विद्यालयहरूको नक्साङ्कन तथा संरचनागत सुधार गरी पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्ने

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकता अनुसार स्थापना गर्ने

ग) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने

ङ) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने

च) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

छ) वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने

ज) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

झ) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने

ञ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने

ट) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने

ठ) शिक्षण– सिकाइ पद्धतिमा सुधार गर्ने

ड) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने

ढ) स्मार्ट बोर्ड, इन्टरनेट तथा श्रव्य– दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने

ण) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउने

त) विज्ञान विषय अध्ययनका लागि आवश्यक पूर्वाधारसहितको व्यवस्था गर्ने

थ) थप विद्यालयहरूमा विज्ञान संकाय विस्तारका लागि अध्ययन तथा लगानी गर्ने

द) व्यावसायिक, कृषि, सङ्गीत वा आयुर्वेद जस्ता विशिष्टीकृत विद्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने

ध) छानिएका विद्यालयलाई अङ्ग्रेजी माध्यमबाट नमूना विद्यालयका रूपमा विकास गर्ने

न) यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने

ऩ) सदाचार, अनुशासन र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने

प) सफल व्यक्तिहरूसँग अन्तरक्रिया तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने

फ) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने

ब) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने

### ३.३.५ अवसर र चुनौतिहरु

- कार्यरत सबै शिक्षकलाई पेसागत तालिमको ब्यवस्था गरी क्षमता अभिबृदि गर्नु
- सबै माध्यमिक बिBfलयहरुमा बिषयगत शिक्षक दरबन्दी  ब्यवस्था गरी कार्यान्वयन गर्नु
- सबै कक्षाहरु प्रबिधिमैत्रि बनाई कार्यान्वयन गर्नु
- बिधालयमा निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई कार्यान्वयन गर्ने।
- माध्यमिक तहमा प्राविधिक तथा ब्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने।

- विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउनु ।
- सुचना प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्ने।
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउने ।
- शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्ने ।
- विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने |
- विषायगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्ने ।
- विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित व्यवस्थापन गर्नु ।
- प्रविधिक धारअन्तरगत एउटा मात्र विद्यालय सञ्चालनमा रहनु
- कक्षा ११-१२ मा विज्ञान विषयको अध्यापन गराउनु

### ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

ख) नतिजा

- निःशुल्कमाध्यमिकतहकोशिक्षामापहुँचसुनिश्चितभईखुदभर्नातथाटिकाउदरमावृद्धिहुनेतथाकक्षाछोड्नेरदोहोर्‍याउनेदरमाकमीआउने।
- सबैमाध्यमिकविद्यालयलेआधारभूतमापदण्डपूरागरेकोहुने।
- माध्यमिकतहमाप्राविधिकधारतर्फकोशिक्षाव्यवस्थितरविस्तारभएकोहुने।
- मध्यमिकशिक्षापूरागर्नेविद्यार्थीलेन्यूनतम सिकाइउपलब्धिहासिलगरेकोहुने।
- विद्यालयशिक्षामासूचनाप्रविधिकोप्रयोगमाविस्तारतथासहजप्रयोगरउचितसिकाइवातावरणकोनिर्माणभएकोहुने।
- विद्यालयकोछुट्टैप्रशासनिककामगर्नेगरीयोग्यतारक्षमतामाआधारितप्र.अ .व्यवस्थापनहुने।
- माध्यमिकतहमाजनशक्तिकोक्षमताविकासगरीगुणस्तरीयशिक्षाप्रवाहतथाशैक्षिकसुशासनकायमहुने।
- यस पालिकामा कम्तिमा ३ प्राविधिक विद्यालय थप हुने।
- यस पालिकाका कक्षा ११-१२ मा कम्तिमा ३ विद्यालयमा विज्ञान विषय थप हुने

### ३.३.७ माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | भौतिक | कैफियत |
|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | लक्ष्य १०) (वर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधितयारी | पटक | | १ | | | | १ | नगरपालिका |
| २ | विद्यालयमा नक्शाङ्कन,पुनर्वितरण तथा समायोजन | पटक | | १ | | | १ | ३ | नगरपालिका |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | | १ | | | | २ | नगरपालिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | | १ | | | | | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | आवश्यकताअनुसार स्कूल बसको व्यवस्था | संख्या | | | | १ | | २ | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, प्रतिशत स्थानीय तह सुधारको क्रियकलाप अनुसार | पटक | | १ | १ | १ | १ | ५ | संघ/ प्रदेश/ नगरपालिका |
| ७ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | | | | १ | | १ | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | सूचना तथा सञ्चारप्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | | १ | १ | १ | १ | ५ | संघ/ प्रदेश/ नगरपालिका |
| ९ | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम | प्रतिशत | | १० | १५ | १५ | १५ | १०० | संघ/ प्रदेश/ नगरपालिका |
| १० | क्षमतामा आधारित प्र.अ .व्यवस्थापन | संख्या | १ | २ | २ | २ | २ | १२ | नगरपालिका |
| ११ | प्रकोप प्रति सचेत रहन योजना विकास | पटक | | १ | | १ | | ५ | नगरपालिका |
| १२ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | घुम्ती पुस्तकालय सञ्चालन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | नगरपालिका |
| १५ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | नगरपालिका |
| १६ | माध्यमिक तहमा विज्ञान कक्षा सञ्चालन | संख्या | १ | | | १ | | ३ | |
| १७ | खुला तथादुर शिक्षालगायतका वैकल्पिक प्रबन्ध गर्ने | संख्या | | १ | १ | १ | १ | ९ | |

## ३.४ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई

### ३.४.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो। औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाई प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन्। आफ्नो जीवनको इतिहास आफै लेख्छन्। तसर्थ सिकाई जीवन पद्धतिसंग जोडिएको हुनेछ। अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासंग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ ।

### ३.४.२ वर्तमान अवस्था

नगरपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट नगरपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसंख्यामा कुल साक्षरता करिव ८९ प्रतिशत भन्दा माथि पुगेको छ। नगरपालिकामा ३ वटा सिकाई केन्द्रहरू सञ्चालनमा छ।विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको अवसर सुनिश्चित गर्ने लक्ष्य राखेको छ।सबै उमेर समूहलाई शिक्षाको मूल प्रवाहमा जोड्दै जीवन पर्यन्त सिकाइलाई प्रोत्साहन गर्ने उद्देश्य लिएको छ। औपचारिक शिक्षाबाट बाहिर रहेका नागरिकहरूलाई समेट्ने संस्थागत संरचना सुदृढ गर्न आवश्यक देखिएको छ।केही सामुदायिक सिकाइ केन्द्र र पुस्तकालय सञ्चालनमा रहे पनि सबै वडामा प्रभावकारी पहुँच विस्तार गर्नुपर्ने अवस्था रहेको छ।मदरसा, गुरुकुल, गुम्बा, विहार र वेद विद्याश्रमजस्ता वैकल्पिक संस्थाहरूको समन्वय र स्रोत सुदृढीकरण आवश्यक रहेकोप्रौढ साक्षरता, खुला तथा दूर शिक्षामा सहभागिता बढाउन थप सहजीकरण आवश्यक रहेको छ।

### ३.४.३ उद्देश्य

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्मबाट जीवनोपयोगी, सीपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु

ख) सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,

ग) अनैपचारिक सिपको अभिलेखिकरण तथा अतिरिक्त माध्यम बाट प्राप्त ज्ञान परिक्षण तथा प्रमाणिकरण गर्नु,

### ३.४.४ रणनीतिहरू

क) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसंख्याको पहिचान र अभिलेखीकरण गर्ने

ख) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने

ग) प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना, समायोजन तथा सुदृढीकरण गर्ने

घ) सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय केन्द्रका रूपमा विकास गर्दै विद्युतीय पुस्तकालय, सूचना केन्द्र तथा अन्य सेवा विस्तार गर्ने

ङ) “एक वडा एक पुस्तकालय” अवधारणा कार्यान्वयन गरी नगरस्तरीय पुस्तकालय सञ्जाल निर्माण गर्ने

च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने

छ) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने

ज) संघीय, प्रदेश सरकार तथा अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने

झ) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सीपमूलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने

ञ) नागरिकहरूको आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुसार सामग्री विकास तथा प्रयोग गर्ने

ट) खुला, वैकल्पिक, परम्परागत विद्यालय तथा मदरसा, गुरुकुल, गुम्बा, विहार र वेद विद्याश्रमसँग समन्वय र सुदृढीकरण गर्ने

ठ) सामुदायिक सिकाइ केन्द्रमार्फत सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्ने

ड) सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

ढ) समुदायमा रहेका परम्परागत ज्ञान तथा सीपहरुको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्ने

ण) अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने

त) सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने

थ) नगरपालिकालाई पूर्ण साक्षर तथा शिक्षित पालिका घोषणा गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना कार्यान्वयन गर्ने

## ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिः सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| प्रमुख कियाकलाप तथा लक्ष्यहरु | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष | दोस्रो ५ | भौतिक लक्ष | कैफियत |

| | | | | | | | | वर्षको लक्ष्य | १० वर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | नगर स्तरिय डिपोजटरी नगर पुस्तकालय तथा सुचना केन्द्रको स्थापना | पटक | | | १ | | | | १ | नगरपालिकातथा स्थानीय समुदाय |
| २ | वडा स्तरीय सिकाइ केन्द्रमा सामुदायिक पुस्तकालय सचालन | पटक | १ | १ | २ | २ | २ | ६ | १४ | वडाकार्यालय तथा स्थानीय समुदाय |
| ३ | सामुदायिक पुस्तकालय तथा सिकाइ केन्द्रको क्षमता विकास | निरन्तर | १ | १ | १ | १ | | ४ | ८ | नगरपालिकार सिकाइ केन्द्र |
| ४ | सामुदायिक सिकाइ केन्द्र परिचालिकाक्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिकार सिकाइ केन्द्र |
| ५ | विज्ञ समुह निर्माण | पटक | | १ | | | १ | २ | ४ | नगरपालिका |
| ६ | अध्ययन भ्रमण | पटक | | १ | १ | १ | १ | ४ | ९ | नगरपालिका |
| ७ | स्थानीयसंघ संस्थासँग सहकार्य | निरन्तर | | | | | | | | |
| ८ | स्थानीय पुस्तकालय सूचना प्रविधि तथा अनौपचारी शिक्षा निती बनेर कार्यान्वय भएङ्को हुने | | | | १ | | | १ | १ | नगरपालिका |

## ३.५ प्राविधिक शिक्षा

### ३.५.१ परिचय

नेपालको संविधान २०७२ ले माध्यमिकशिक्षालाई निःशुल्क र सर्वसुलभ हुने कुरा उल्लेख गरेको छ भने प्रचलितशिक्षा ऐनले समेत माध्यमिकतहसम्मको शिक्षानिःशुल्कप्रदान गर्ने दायित्व राज्को हुने कुरा उल्लेख गरेको छ। नेपालको संविधानले माध्यमिकतहसम्मको शिक्षाको सम्पूर्ण अधिकार स्थानीय सरकारलाई सुम्पेको छ भने शिक्षा जस्तो महत्वपूर्ण जिम्मेवारीबाट संघीय सरकार र प्रदेश सरकारलाई पनि पछि हट्न नसक्ने गरी बाँधेको छ। आधारभूततह पूरा गरी सकेका विद्यार्थीहरुको रुचि र क्षमताअनुसार माध्यमिकतहअन्तर्गत कक्षा ९देखि कक्षा १२ सम्म परम्परागत,

संस्कृत, साधारण र प्राविधिकधार अन्तर्गतको शिक्षाहासिल गर्न पाउने व्यवस्था रहेको छ। माध्यमिकतहको शिक्षाजीवनोपयोगी, व्यवहारिक, प्रविधियुक्त र उत्पादनमूलकहुन जरुरी छ।यस तहको शिक्षाले व्यक्तिमाउत्पादनमूलक सीपको विकास गर्नुका साथै उच्चशिक्षाअध्ययनको लागिआधार निर्माण गर्न सक्नु पर्दछ।हरेक स्थानीय तहका कम्तीमा एक माध्यमिक विद्यालयमाप्राविधिकतथाव्यवसायिकशिक्षाधार अन्तर्गत बाली विज्ञान,पशु विज्ञान, कम्प्यूटर इन्जिनियरिङ, सिभिलइन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ जस्ता विषयहरुमध्ये कुनै एक विषयमाकक्षा सञ्चालन गर्न सकिने प्राबधान रहेको छ।षडानन्द नगरपालिकाले प्राविधिकशिक्षाको सञ्चालन र विकासलाई बिशेष महत्वदिदैं आएको छ।

### ३.५.२ वर्तमान अवस्था

नेपाल सरकारको एक स्थानीयतह एक प्राविधिकविद्यालयको नीतिअनुसार यस षडानन्द नगरपालिका अन्तर्गत श्री शारदा माध्यमिक विद्यालय झ्याउँपोखरी, षडानन्द न.पा. ११ मा प्राविधिक धार अन्तर्गत बालीविज्ञान विषयमावि.सं.२०७६ बाट कक्षा ९ को पठनपाठन शुरु गर्ने गरी शिक्षातथामानव स्रोत विकास केन्द्रबाट अनुदान प्राप्त गर्न सफल भयो।त्यसपछि षडानन्द नगरपालिकाबाट कक्षा सञ्चालन अनुमतिलिई उक्तविषयमा अध्ययन अध्यापनको कार्य प्रारम्भ भयो।सो विद्यालयमा वि.सं.२०७७ मा कक्षा १० र २०७८ मा कक्षा ११ मा स्तरबृद्धि भई पठनपाठन भईरहेको छ।त्यसै गरीयसै षडानन्द नगरपालिकाअन्तर्गतको श्री षडानन्द माध्यमिकविद्यालयदिङ्लाले वि.सं.२०७७ बाट सि.टि.इ.भि.टी.बाट सम्बन्धनलिई बालीविज्ञान (कृषि) विषयमा १८ महिने टि.एस.एल.सी.(जे.टि.ए.) कक्षा सञ्चालन गरी रहेको छ ।

प्राबिधिक शिक्षाको वर्तमान विद्यार्थी विवरण

तालिका नं. ३.३

शारदा माध्यमिकविद्यालयझ्याउँपोखरी, शैक्षिक सत्र २०८२

| कक्षा | कक्षा ९ | कक्षा१० | कक्षा११ | कक्षा १२ | जम्मा विद्यार्थि संख्या |
|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १० | १७ | ४ | २ | ३३ |

प्राविधिक शिक्षा तर्फको जनशक्ति विवरण

शारदा मा वि झ्याउपोखरी

| पद | नि मा तृ सरहको सहायक प्रशिक्षक(कृषि) | मा तृ सरहको प्रशिक्षक (कृषि) | उ मा सरहको प्रशिक्षक (कृषि) | उ मा सरहको प्रशिक्षक(विज्ञान) | प्रा तृ सरहको ल्याबअसिष्टेन्ट (कृषि) |
|---|---|---|---|---|---|
| प्राप्त अनुदान कोटा | २ | २ | १ | २ | १ |

आगामी वर्ष कक्षा १२ सञ्चालन भ एपश्चात साबिक उ.मा.शि.सरहको विज्ञान र कृषि विषयहरुमा एक/एक प्रशिक्षक थप हुने व्यवस्था रहेको छ।

### ३.५.३ उद्देश्यहरु

प्राबिधिक शिक्षालाई व्यवस्थित र प्रभावकारी बनाउननिम्न उद्देश्यहरु राखिएका छन् –

- प्राबिधिक शिक्षामा सर्बसाधारणको पहुँच बृद्धि गरी गुणस्तर कायम गर्नु
- विद्यालयको भौतिक, शैक्षिकवातावरणमा सुधार गरी बालमैत्री सिकाइ वातावरण तयार गर्नु
- सिकाइलाई विद्यार्थीको दैनिकजीवनसँग जोडी शिक्षालाई व्यवहारिक बनाउनु
- आवश्यकता अनुसार प्राबिधिक शिक्षा प्रदान गर्ने विद्यालय थप गर्नु।

### ३.५.४ रणनीतिहरु

प्राबिधिक शिक्षाका उद्देश्यहरु हासिल गर्न निम्न रणनीतिहरु अवलम्बन गरिनेछ –

- प्राबिधिकशिक्षाको आबश्यकता र महत्वबारे सर्बसाधारणलाई सुसूचित गर्ने प्रचारात्मक कार्यक्रम सञ्चालन गरिने छ
- माध्यमिक तहको प्राबिधिकशिक्षामा सबैको पहुँच स्थापित गर्न विद्यालयको क्षमताअभिबृद्धि गरिनेछ
- शिक्षण सिकाइमाप्रबिधि मैत्री शिक्षण पद्धतिलाई अबलम्वन गरिनेछ ।
- प्राबिधिकशिक्षाकाविद्यालयहरुमा छात्रावासको व्यवस्था गरिनेछ
- प्रयोगात्मककार्यका लागिआबश्यक सामग्री सहितको प्रयोगशालाको व्यवस्थापन गरिने छ

- संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आबश्यकता अनुसार प्राबिधिक शिक्षाका विद्यालय थप गरिनेछ

### ३.५.६ उपलब्धि, नतिजा, प्रमुखक्रियाकलापतथालक्ष्य

क) उपलब्धि

- माध्यमिक तहसम्मको प्राबिधिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई शिक्षामा गुणस्तर कायमहुने

ख) नतिजा

- प्राबिधिक शिक्षामा सर्बसाधारणको पहुँच स्थापित भई विद्यार्थी संख्यामा बढोत्तरी आउने
- प्राबिधिक शिक्षा प्रदान गर्ने विद्यालयहरु व्यवस्थितर सुबिधा सम्पन्नहुने
- प्राबिधिकधारतर्फ माध्यमिक तह पूरा गरेका विद्यार्थीहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल भई शिक्षा व्यवहारिक र रोजगारमुखी हुने
- शिक्षण सिकाइक्रियाकलापमा सूचना र प्रबिधिको प्रयोग उच्चतमभई सहजसिकाइवातावरण निर्माण हुने

### ३.५.७ प्राबिधिक शिक्षामा देखिएकाचुनौतिहरु

- प्राबिधिक शिक्षामा विद्यार्थी संख्या बृद्धि गर्ने
- शिक्षकहरुको उपलब्धता र स्थायीत्वको सुनिश्चितता गर्ने
- विद्यालयको भौतिक र शैक्षिकवातावरणलाई बालमैत्री तथा सिकाइमैत्री बनाउने
- माध्यमिक तहसम्मको प्राविधिक शिक्षालाई निःशुल्क, सर्बसाधारणको पहुँचयोग्य र सर्वसुलभ बनाउने
- प्रबिधिमैत्री शिक्षामा शिक्षक र विद्यार्थीको पहुँच बढाउने
- प्रयोगात्मक कार्यका लागि आबश्यक सामग्रीसहितको प्रयोगशाला व्यवस्थापन गर्ने
- विद्यार्थीको सिकाइमा गुणस्तर कायम गर्ने

### ३.५.८ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र स | प्रमुखक्रियाकलापहरु | इकाइ | भौतिकलक्ष्य (वर्ष ५पहिलो ) | | | | | | | भौतिक लक्ष्य | प्रमुखक्रिया कलापहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | | |
| १ | प्राबिधिकशिक्षाको | नियमि | √ | √ | √ | √ | √ | √ | | √ | विद्यालय |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महत्व, आवश्यकताबारे अभिभावकअभिमुखिकरण, ब्रोसियर छपाइ बितरण र प्रचार प्रसार | त | | | | | | | | | |
| २ | बिपन्न र टाढाबाट अध्ययनगर्न आउने विद्यार्थीका लागि छात्रावासको व्यवस्था | संख्या | | १ | | | १ | | | ४ | संघ प्रदेस र नगरपालिका |
| ३ | शिक्षणमा सूचना र सञ्चार प्रबिधिको प्रयोगमा बृद्धि गर्न आवश्यक सामग्रीव्यवस्था र शिक्षकको क्षमताविकास | संख्या | | १ | | | १ | | | ४ | संघ प्रदेस र नगरपालिका विद्यालय |
| ४ | मापदण्ड अनुसार क्षमतावानविषयशिक्षकको व्यवस्था | जना | | २ | २ | ६ | ८ | १८ | ६ | २४ | संघ प्रदेस र नगरपालिका |
| ५ | निःशुल्कर सर्वसुलभ शिक्षाको लागिविषयगत पाठ्यपुस्तक सहितको पुस्तकालय र आवश्यक सामग्री सहितको प्रयोगशालाको व्यवस्था | संख्या | १ | १ | | १ | | ३ | | ४ | संघ प्रदेस र नगरपालिका |
| ६ | गरिब तथा जेहेन्दार विद्यार्थीहरुकालागि छात्रवृत्ति र अन्य सहयोग | प्रतिशत | १० | १५ | २० | २५ | ३० | ३० | १०५ | ५० | संघ प्रदेस र नगरपालिका |
| ७ | व्यवस्थितआन्तरिक परीक्षाबाट विद्यार्थी मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान | नियमित | √ | √ | √ | √ | √ | √ | | √ | विद्यालय |
| ८ | विद्यालयमान्यूनतमभौतिकपूर्वाधारको विकास | संख्या | १ | १ | | १ | | ३ | १ | ४ | संघ प्रदेस र नगरपालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भवन), कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदानआदि ( | | | | | | | | | | |
| ९ | विद्यालयव्यवस्थापन समिति र शिक्षकअभिभावक संघको क्षमताविकास | ज्ना | २० | २० | | २० | | ६० | २० | ८० | |
| १० | प्राबिधिकशिक्षाप्रतिको बढ्दो चाहनालाई ख्याल गरी आवश्यकताअनुसार प्राबिधिकविद्यालयथप गर्ने | | | १ | १ | १ | | ३ | २ | ५ | विद्यालय |

## ३.६ उच्च शिक्षा

### ३.६.१ परिचय

उच्च शिक्षा भन्नाले नेपालको परिपेक्षमा विद्यालय पछिको शिक्षा भन्ने बुझिन्छ अर्थत विश्व विद्यालयमार्फत दिइने शिक्षा नै उच्च शिक्षा हो। उच्च शिक्षा देसको मेरूदण्ड हो। माध्यमिक शिक्षा पछि विद्यार्थीको रूची र आवश्यकता अनुसार उच्च शिक्षा दिनु आजको आवस्कता हो। शिक्षाको महत्व अनुसारनै हाल उच्च शिक्षा लिने ब्यत्तिहरुको संख्या बड्दै गई रहेको छ। देसको विभिन्न क्षेत्रमा उन्नति गर्न उच्च शिक्षाको ठूलो भुमिका रहेको हुन्छ। षडानन्द बहुमुखी क्याम्पसको स्थापना स्थानीय समुदायको सक्रियतामा वि.सं. २०६७ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त गरी भोजपुर जिल्लाको दिङ्ला बजारमा भएको छ। क्याम्पसको नाम शिक्षासेवी तथा समाज सुधारक बालागुरु षडानन्दको नामबाट भएको छ। बालागुरुले भोजपुरको दिङ्लामा नेपालकै पहिलो जनस्तरबाट संचालित पहिलो विद्यालयको स्थापना गरी त्यसको दीर्घकालीन व्यवस्थापन गरेका थिए ।

यस क्याम्पसमा शिक्षाशास्त्र र वाणिज्यशास्त्र दुई संकायहरु संचलानमा रहेका छन्। जनस्तरमा संचालित सामुदायिक क्याम्पसको रुपमा भोजपुर जिल्लाका उत्तरी क्षेत्रकामा गुणस्तरीय उच्च शिक्षाको पहुँच पुर्याउने उद्देश्का साथ स्थापना भएको हो। यस क्याम्पसको स्थापनाले महिला, दलित,जनजाति, सीमान्तकृत वर्गका विद्यार्थीहरु विषेश लाभान्वीत भई रहेका छन् र हुनेछन्।

### ३.६.२ वर्तमान अवस्था

अवाल व्रम्हचारी षडानन्द गुरुले दिङ्लामा १९३२ मा संस्कृत पाठशालाको स्थापना गरेका थिए। सो पाठशाला संचालनका लागि गुठीको व्यवस्थापन गरी तत्कालिन नेपाल सरकारबाट स्वीकृति तथा लाल मोहर समेत जारी गराउन सफल भएका थिए।

दण्डपाणि चापागाईका अनुसार २०२२/६/५/३ षडानन्द संस्कृत महाविद्यालय उद्घाटन कार्य सुसम्पन्न गराइयो। तत्कालीन वडाहाकिम यदुनाथ शर्माको अध्यक्षतामा विद्यालय संचालक समिति गठन भयो। त्रिभुवन विश्वविद्यालयबाट महाविद्यालयको प्रथम पटक निरीक्षणमा प्रा. श्री तोयानाथ पाण्डे, दोस्रो पटक हरदेव मिश्र आएका थिए। उनीहरुले त्रिभुवन विश्वविद्यालयमा महाविद्यालय संचालन भएको प्रतिवेदन वुझाइ स्विकृतिका लागि सिफारिस गरेका थिए। परीक्षा केन्द्र धरान पिण्डेश्वरमा कायम गरिएको थियो। ५ जना आचार्यहरु भए पछि स्वीकृति दिने बचन त्रि.वि.का उपकुलपतिले दिएका थिए। अध्यापकहरुले योग्यता पनि बढाउदै लगेका थिए। व्यवस्थापनको कमजोरीले पूर्व मध्यमा भन्दा माथिका कक्षाहरु चल्न सकेनन्, महाविद्यालय बन्द भयो।

यस पछि पनि दिङ्लामा विश्वविद्यालय शिक्षाको सन्दर्भ उठ्दै सेलाउदै गरेको पाइन्छ। यसै सन्दर्भमा दिङ्लामा विश्वविद्यालय शिक्षाको संभावना र चुनौति बहसका लागि एक कार्यपत्र पूर्व सांसद नरेन्द्र बस्नेतले २०६४ सालमा प्रस्तुत गरेका थिए। उक्त कार्यपत्रमा विषय प्रवेश, दिङ्लाको वदलिंदो स्थिती एक विश्लेषण, शिक्षाको भावि योजना गरी ३ भागमा बाँडेर विषयवस्तुको प्रस्तुती भएको छ।

भोजपुरमा रहेको त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस दिङ्लाबाट१३ कोष दुरीमा रहेको छ। भौगोलिक विकटताले भोजपुर क्याम्पसमा दिङ्ला क्षेत्रका मानिसहरुको पहुँच नगन्य रहेको छ। नेपालकै ऐतिहासिक दिङ्ला बजारमा लामो समय देखि क्याम्पसको चर्चा चल्दै आए पनि स्थापना हुन सकेको थिएन। दिङ्ला क्षेत्रबाट सबैभन्दा पायकको क्याम्पसहरु खाँदबारी बजारमा रहेका छन्। त्यहाँ पुग्न औषत यस क्षेत्रका वासिन्दाहरुलाई ४ देखि १० घण्टासम्मको पैदल दुरी तय गर्नु पर्दछ। हाल कच्ची बाटो बनेको भएता पनि अरूण नदीमा पक्की पुल नभएकोले खाँदबारी जान पनि गाह्रो रहेको छ । यसरी यस क्षेत्रका मानिसहरुलाई भोजपुर र कुलुङ, खाँदबारी दुवै तर्फ अपायक भएकोले यस क्षेत्रमा क्याम्पस नहुदा विद्यार्थीहरु कक्षा १२ पास गरे पछि कि त पढाइ छाड्नु पर्ने कि त खाँदबारी, धनकुटा, धरान, विराटनगर वा काठमाण्डौ सम्म उच्च अध्ययनका लागि जानु पर्ने बाध्यत्मक अवस्था रहेको थियो।

यस क्याम्पसका मुख्य समस्याहरुमा आर्थिक अभाव,पर्याप्त भवन, जग्गाको अभाव,दीगो आय स्रोतको अभाव र क्याम्पस प्रति स्थानीयहरुको भ्रमपूर्ण धारणाहरु रहनु मुख्य समस्या हुन्। क्याम्पसका वर्तमान नीति तथा प्रक्रियाहरु **(SMCs' Existing Polices Procedures)** हरु क्याम्पसको विधान २०६६ पाँचौं संशोधन २०७८, क्याम्पस सभा,क्याम्पस व्यस्थापन समितिका निर्णयहरु रहेका छन्।

क्याम्पसको विनियम २०६६ पाँचौ संशोधन २०७८ मा सामुदायिक क्याम्पस हुने, यो क्याम्पस मुनाफा रहितहुने,गुणस्तरीय उच्चशिक्षा प्रदान गरि उच्च स्तरीय जनशक्ति उत्पादन गर्नु, अनुसन्धानमुलक कार्यलाई प्रथमिकता दिदै अनुसन्धानकार्यलाई प्रवर्धन गर्नु,स्थानीय ज्ञान, सीप प्रविधिहरुको संरक्षण र यसको वजारीकरण गर्नु र स्थानीयतहमा ज्ञान प्रविधि हस्तान्तरण गर्दै समय अनुकुल दक्षजनशक्तिको उत्पादन गर्नु रहेका छन्।

### ३.६.३ उद्देश्य

क्याम्सको क्षमता वृद्धिक्याम्पस संचालन अक्षयकोषको स्थापना गर्ने, देश विदेशमा रहेका स्थानीयबासीहरुबाट सहयोग जुटाउने, जग्गा तथा भवनको लागि दाताको खोजी गर्ने, पूर्णकालिन शिक्षक,कर्मचारीको नियुक्ति गर्ने, कार्य भएको हुनेछ।

- सहकार्य र समन्वयस्थानीय स्थानीयसरकार नेपाल संघीय सरकार र मातहतका निकायहरुसँग निरन्तर सहकार्य तथा समन्वय गर्ने।
- शिक्षण सिकाइ तथा गुणस्तर सुधार
- शिक्षण सिकाइ मैत्रि शिक्षण वातावरणको निर्माण भएको हुनेछ।

### ३.६.४ रणनीतिक नीतिहरु

क्याम्पसले वृहत् रुपमा यो रणनीतिक योजनाका परिकल्पना, ध्येय, लक्ष्य, उदेश्यहरु प्राप्त गर्न निम्न अल्पकालिन र दिर्धकालिन रणनीतिक नीतिहरु अपनाउनेछः–

क) दीर्धकालिन रणनीतिहरु

- यो क्याम्पस सामुदायिक संस्था हो। यसको विकासमा सामुदायको संलग्नता अपरिहार्य हुने भएकोले भएका साधन स्रोतको प्रभावकारी सञ्चालन तथा उपयोग गर्नका लागि तथा साधन स्रोत जुटाउन सामुदायिक संलग्नता बढाउन जोड दिइने छ।
- नयाँ दाता तथा साझेदारहरुको खोजीलाई प्राथमिकता दिई शैक्षिक सामग्रीको व्यवस्थापन तथा शिक्षणमा सूचना प्रविधिको उपयोग र विस्तारमा जोड दिइनेछ ।

- आर्थिक पारदर्शिता, सुशासन कायम राख्न जोड दिई संस्था प्रति जनविश्वाश बढाउन संस्थाको कारोबारको सामाजिक लेखा परीक्षण प्रतिवेदन तथा लेखा परीक्षण प्रविवेदन तयार गरी सार्वजनिक गरीनेछ।
- क्याम्पसलाई आर्थिक र भौतिक सहयोग जुटाउनका लागि विभिन्न क्षेत्र काठमाण्डौ तथा विदेशमा रहेका नेपालीहरुको समेत सहयोग प्राप्त गर्न प्रयास गरिने छ।
- क्याम्पस विकासकालागि किताब, कम्प्युटर शिक्षा र छात्रवृति कार्यक्रम संचालनमा ल्याइने छ ।
- क्याम्पस पुस्तकालय सुदृढीकरणमा जोड दिइने छ।
- देश तथा विदेशमा रहेका दाताहरुको पहिचान गरी अभिलेखीकरण गरीने छ। दाताहरुको उचित सम्मान गरिने छ।
- षडानन्द भूतपुर्व विद्यार्थी संगठन बनाइ सहयोग प्राप्त गरिने छ।
- अवको १० वर्ष पछि स्नाकोत्तर तहको पूर्वाधार तयार गरीने छ।
- विद्यार्थी सहुलियत तथा छात्रवृतिकोषको स्थापना गरी सो कोषबाट गरीव जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरीने छ।
- क्याम्पसको दिगो आय स्रोतको व्यवस्थापनको लागि स्थानीय निकायहरुमा क्याम्पस विकास शुल्क लगाउन प्रस्तावगरी कार्यान्वयन समेत गरीने छ।
- क्याम्पस व्यवस्थापनका लागि षडानन्द गुठिबाट निस्चित रकम अनुदान प्राप्त गर्न गुठी समिति र क्याम्पस समिति वीच सहकार्यको वातावरण तयार गरी सहयोग प्राप्त गर्न कोशिष गरिनेछ।
- क्याम्पस व्यवस्थापनका लागि न्युनतम दश करोड रुपौंयाको अक्षय कोष स्थापना गर्नको लागि चन्दा सहयोग अभियान स्थानीय तथा अस्थानीय क्षेत्रमा संचालन गरिने छ।
- क्याम्पसमा पूर्णकलिन  प्राध्यपकहरूको व्यवस्थापन गरिने छ।
- विद्यार्थी भर्नाको अभियान चलाइनेछ।
- तत्काल क्याम्पसको दिगो विकासका लागि अक्षयकोषको स्थापना गर्न शिक्षक तथा व्यवस्था समितिका सदस्यहरुबाट चन्दा अभियान शुरु गरिनेछ।
- पठन समाग्रीहरुको विद्युतीय प्रति तथा कक्षा नोटको हेण्ड्स आउट प्रति उपलब्ध गराउन व्यवस्थाको शुरुवात गरिने छ।

### ३.६.५ क्रियाकलाप

- क्याम्पसलाई आर्थिक रुपमा सवल बनाउन कम्तिमा १० करोड रुपौयाको क्याम्पस विकास अक्षय कोष स्थापना गरीने छ ।
- क्याम्पस सहयोग समिति बनाई आर्थिक सहयोग संकलन गरीने छ ।
- स्थानीयवासी, शिक्षक, विद्यार्थी, व्यापारी तथा विभिन्न वर्गरतहका जनसमुदायहरुलाई क्याम्पसका लागि आर्थिक सहयोग गर्नका लागि आहन गरीनेछ, संवाद चालइनेछ ।
- स्थानीय निकायहरुमा शिक्षा कर लगाइ उक्त करबाट आएको रकम क्याम्पसमा अनुदान प्राप्त गराउन पहल गरिने छ । यो रकम अक्षय कोषमा जम्मा गर्दै लगिनेछ । व्याज मात्र खर्च गरिनेछ ।
- देश तथा विदेशमा रहेका दाताहरुको पहिचान गरी अभिलेखीकरण गरीने छ ।
- षडानन्द पूर्व विद्यार्थी संगठन बनाइ सहयोग प्राप्त गरिने छ ।
- भविष्यको लागि कम्तीमा १०० रोपनी जग्गा खोजीका लागि दाताहरुको पहिचान गरीने छ।
- क्याम्पसको विकासमा महत्वपूर्ण आर्थिक (नगद तथा जिन्सी) पु¥याउने व्यक्ति संस्थालाई सम्मान गरीने छ ।
- संस्थाको क्षमता विश्लेषण वार्षिक रुपमा १ पटक, ५ बर्षमा ५ पटक गरी त्यसको नतिजाको आधारमा संस्थागत सुधार गरिनेछ ।
- चौमासिक रुपमा प्रत्येक वर्ष भित्ते लेखन, पोष्टरिङ, रेडियोबाट क्याम्पसको प्रचारप्रसार गरिनेछ ।
- क्याम्पस व्यवस्थापन समिति तथा अन्य समितिहरुको स्वमुल्यअंकन गर्ने गरी सुधार गर्ने कार्यको सुरुवात गरी निरन्तरता दिइने छ।
- आवधिक र वार्षिक रुपमा नीति नियम तथा निर्देशिका बनाई लागु गरिनेछ ।
- शिक्षक कर्मचारीहरुको कार्य दक्षताको मूल्याअंकन गरीने छ ।
- क्याम्पसका शिक्षक विद्यार्थीहरुलाई शिक्षण सिकाइको क्रममा अनुसन्धान कार्यहरुमा संलग्न गराईने छ । विद्यार्थीहरुलाई ग्रामीण विकासमा प्रत्यक्ष संलग्न गराउन स्थानीय अनुकरणीय कार्य भएका क्षेत्र स्थानको भ्रमण, शैक्षिक भ्रमण गराइने छ ।
- कम्तीमा एक कक्षा एक कप्युटर एक इन्टरेक्टिभ प्यानल बोर्डको व्यवस्था मिलाइने छ ।

- क्याम्पसको पुस्तकालयमा तालिमा प्राप्त लाइब्रेरियनको व्यवस्था, इन्टरनेट जडान, ई–सर्वरको जडान तथा शन्दर्भ तथा विषयतग पुस्तकहरु  थप गरी स्तर उन्नती गरीने छ ।
- निर्माणधिन क्याम्पस भवनको निर्माण कार्य सम्पन्न गरिने छ ।
- क्याम्पसमा एक सामुदायिक छात्रवृत्ति अक्षयकोषको स्थापना गरी संचालनमा ल्याइनेछ ।
- कम्तीमा ९ जना पूर्णकालिन विषय शिक्षकहरु र ३ जना कर्मचारीको व्यवस्था गरिने छ ।
- शिक्षकहरुलाई उनीहरुको दक्षताको आधारमा पुरस्कृत गरिने छ ।
- शिक्षण सामग्रीले युक्त कक्षा कोठाको  व्यवस्था गरिने छ ।
- खानेपानी शौचालयको व्यवस्थापन भएको हुनेछ

उपलब्धि र नतिजा

क) उपलब्धि

गुणस्तरीय उच्च शिक्षा प्राप्त गर्ने अवसरको सुनिश्चित हुने

ख) नतिजा

षडानन्द बहुमुखी क्याम्पस आत्मनिर्भर र सक्षम क्याम्पसको रुपमा रुपान्तरण हुने

**३.६.६ प्रमुख कृयाकलापहरू**

| प्रमुख कियाकलाप तथा लक्षहरु | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष | | | | | दोस्रो ५ वर्ष लक्ष्य | भौतिक लक्ष १० वर्ष | कैफियत |
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | क्याम्पससंचालन अक्षयकोष स्थापना | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | क्याम्पससहयोग समिति गठन परिचालन | १ | √ | √ | √ | √ | √ | √ | √ | |
| ३ | स्थानीय,अस्थानीयक्षेत्रमा सहयोग अभियान | १ | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | स्थानीयतहमा शिक्षा कर | १ | √ | | | | | | √ | |
| ५ | दातापहिचान र अभिलेखीकरण र सम्मान | १ | √ | √ | √ | √ | √ | | √ | |
| ६ | आवधिक नीतिनियम निर्माण परिमार्जन | १ | | √ | | √ | | | √ | |
| ७ | सस्थागतक्षमता विश्लेषण | १ | | | √ | | | | √ | |
| ८ | शिक्षककर्मचारीको कार्यदक्षता मुल्यअकन | १ | √ | √ | √ | √ | √ | | √ | |
| ९ | अनुसन्धानतथा प्रकासन | १ | √ | √ | √ | √ | √ | | √ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | एक कक्षाएक कम्प्युटर इन्टरेक्टीभ, प्यानलबोर्ड | १ | √ | √ | √ | √ | √ | | √ | |
| ११ | पुस्तकालयक्षमता विकास,लाइब्रेरियन , एकाउन्टेन्ट नियुक्ति | जना | | १ | १ | १ | | ३ | ६ | |
| १२ | स्थीत्व रसदृढीकरण | निरन्तर | √ | √ | √ | √ | √ | | √ | |
| १३ | पूर्णाकालीन शिक्षक नियुक्ति | जना | १ | १ | २ | २ | २ | १ | ९ | |

### ३.६.७ अवसर र चुनौति

नेपालको संविधा २०७२ धारा ३१ मा शिक्षाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ ।दिङ्लाको ऐतिहासिक पहिचानलाई उपयोग गर्न सकिने अवसर रहेको छ।क्याम्पसको परिसर मै कक्षा १२ सम्म शिक्षा समुह पढाइ हुने दुई माध्यमिक विद्यालयहरु रहेका छन्।साथै छिमेकि षडानन्द नगरपालिका वडा नं. ११ देउराली, वडा नं. १ सोमबारे, वडा नं.२ कुदाककाउले डाँडा, वडा नं. २ कुदाककाउलेमा शिक्षा समुह पढाइ हुने माध्यमिक विद्यालयहरु रहेका छन्।मापदण्ड पूरा गर्न सकेमा विश्वविद्यालय अनुदान आयोगबाट आर्थिक, प्राविधिक सहयोग मिल्न सक्छ। स्थानीय क्षेत्रमा बाटो तथा विद्युतीय पूर्वाधारको विकास भई रहेको छ।

स्थानीय क्षेत्रमा विभिन्न आमा समुह, बन समूह,सहकारी संस्थाहरु,षडानन्द गुठी र CBOs तथा विभिन्न NGOs, INGOs, हरु कार्यरत रहेकोले तिनीहरुसँग सहकार्य र सहयोग लिने दिने अवसर छ . क्याम्पस पुस्तकालयमा २९०० पुस्तकहरु रहेका छन् ।विद्यार्थी संख्या कम हुनु उत्कृष्ट विद्यार्थीहरुलाइ आकर्षण गर्न नसक्नु वियषगत दक्ष शिक्षकहरु उपलब्ध हुन नसक्नु आर्थिक रुपले सबल बनाउनु आदि मुख्य चुनौति रहेको छ।

# परिच्छेद ४
# अन्तरसम्बन्धित विषय क्षेत्रहरु

## ४.१ पाठ्यक्रम र मूल्याङ्क

### ४.१.१ परिचय

नेपालमा विद्यमान संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षा ऐन तथा सम्बन्धित नियम– निर्देशनले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रमुख माध्यमका रूपमा लिएको छ। यी कानुनी प्रावधानअनुसार पाठ्यक्रमले विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक, जीवनोपयोगी सीप विकास गर्न लक्षित छ भने मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, दक्षता र सिकाइ प्रक्रियामा प्रगतिको मापन गर्दै विद्यार्थीको पूर्ण मूल्याङ्कन गर्न सुनिश्चित गर्दछ। यसले शिक्षक र विद्यालयलाई पनि जिम्मेवार बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तरीय सुधारको वातावरण सिर्जना गर्ने कार्य गर्दछ।

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअन्तगत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो। पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरियो। यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ।

पाठ्क्रम कुनै कक्षा वा तहमा कुन कुन विषय वस्तु सिकाउने भन्ने कुरा सगँ मात्र सम्बन्धित नभइ विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो। अर्थात किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चत गरि

आवश्यक पृष्ठ पोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो ,मानव जीवनका लागि आइपर्ने विभिन्न समस्यहरु समाधान गर्नका लागि चाहिने ज्ञान,सिप, क्षमता आर्जनका लागि एउटा मार्ग निर्देश नै पाठ्यक्रम हो।वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन ,समकालिन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषय वस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि वालवालिकको सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ।पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिक कारण सहित आत्मसात गर्न विभेद रहित समता मूलक र समावेशि दृष्टिकोण अनुरुप व्यवहार गर्न आप०नो र अरुको अधिकार र कर्तव्यप्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङगवाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ ।पाठ्यक्रम विकास तथा कार्यन्वयन प्राविधीक कार्य हो।यसमा विभिन्न व्यक्ति ,समुह सँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रुपमा सान्दभिक हुनुपर्छ।समय सापेक्ष हुनु पर्छ। जनचाहना पूरा गर्न सिक्नु पर्दछ।कक्षाकोठाको वातावरण अनुकुल हुनुपर्छ पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहना प्रतिविम्वन गर्न सक्नु पर्छ।स्थानिय तहको नेतुत्व र सहभागिताका आधारमा स्थानिय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानिय ज्ञान,सिप र प्रविधीमा आधारित बिषय वस्तुको चयन, व्यवस्थापन र कार्यन्वयन गरिनुलाई स्थानिय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ।

### ४.१.२ वर्तमान अवस्था

षडानन्दनगरपालिकाले हाल सम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको छ।यस शैक्षिक सत्रमा यस पालिकाले आधारभूत तह कक्षा (१–५) मा स्थानिय बिषयको पाठ्यक्रम निर्माण गरि कार्यन्वयन गर्ने छलफल थालिएको छ। स्थानिय बिषयले यस पालिकाको समग्रता ,झल्काउन मद्दत पुर्याई वालबालिकाहरुलाई आफ्नो परिवेश अनुकुलको बिषय वस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुर्याउछ।

आधारभूत तह कक्षा (१–३) मा एकिकृत पाठ्यक्रम प्रणाली नीति अपनाइएको छ । भने शै.स २०८३ देखि आधारभूत तह कक्षा (४–५) मा समेत १०० प्रतिशत नै निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ।आधारभूत तह कक्षा ६ मा पनि नया पाठ्यक्रम लागू भएको छ भने कक्षा ७ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ।कक्षा ८को बार्षिक

परीक्षा पालिका स्तरमा हुने छ भने कक्षा १० तथा १२ को अन्तिम परिक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने व्यवस्था छ।

### ४.१.३ पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरु

- स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास गर्नु
- प्रारम्भिक कक्षाहरुमा आवश्यकता अनुसार मातृभाषा ,स्थानिय भाषा बहुभाषा प्रयोग गर्नु
- स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउनु
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधीको प्रयोग गर्नु ।
- स्थानिय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तहको अर्थपूर्ण सहभागिता
- स्थानिय पाठ्यक्रम कार्यान्वयन गर्नु

### ४.१.४ उद्देश्य

क) विद्यालय तहको पठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु

ख) स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु

ग) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु

घ) सिकाइलाई दैनिक जिवन सँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरि सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

ङ) स्थानिय पाठ्यक्रम मार्फत समृद्ध पालिका निर्माणका लागि सक्षम , सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु

च) सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर ,आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतीको व्यवस्था गर्नु

### ४.१.५ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,

ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,

ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,

घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

ङ) शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,

च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,

छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,

ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,

झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,

ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

ट) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,

ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ,

ड) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवमं कार्यान्यिन गर्ने,

ढ) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने।

### ४.१.६ उपलब्धी,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

विद्यालय तहमा रहेको आधारभूत तहको स्थानिय पाठयक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जिवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनपयोगी सिपहरु समावेश हुने स्थानिय कला, संस्कृति भाषा इतिहास ,परम्परा सिप तथा ज्ञान ,सकारात्मक सोच भएको निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

#### ख नतिजा

- स्थानिय पाठ्यक्रम कक्षा १ देखि कक्षा ८ सम्म विकास तथा कार्यन्वयन हुने ।
- प्रारम्भिक बालविकास शिक्षा देखि आधारभूत तह कक्षा ५ सम्म आवश्यकता अनुसार मातृभाषा र स्थानिय भाषा प्रयोग गरि सिकाइ सहजीकरण हुने ।
- शिक्षण सिकाइको अभिन्न अंगको रुपमा मूल्याङ्कन हुने ।

- शिक्षण सिकाइ क्रियाकलाप बालमैत्रि अपाङ्ग मैत्री तथा स्थानिय सन्दर्भ सापेक्ष प्रभावकारी हुने ।
- स्थानिय पठ्यक्रम परिमार्जन तथा सूधार अनुसन्धानमा आधारित हुने ।
- प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिर्वाय कार्य सञ्चयीका फायल खडा भएको हुने ।

**ग प्रमुख क्रियाकलापहरु**

| क .स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्यवर्षे५- | | | | | भौतिक लक्ष्य १०-वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग र परिमार्जन | पटक | | | | | १ | २ | |
| २ | मातृभाषा तथा स्थानीय भाषाको प्रयोग | संख्या | १ | | | | ३ | ५ | |
| ३ | निरन्तर विद्यार्थी मुल्याङकनको प्रयोग | निरनतर | √ | √ | √ | √ | √ | √ | |
| ४ | फरक क्षमता भएको विद्यार्थीको लागि स्रोत सामग्रीको विकास र प्रयोग | पटक | | | १ | १ | १ | ५ | |
| ५ | नपा स्तरीय परीक्षा संचालन | संख्या | | २ | २ | २ | २ | २ | |

## ४.२. शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

सिकाइ सहजीकरण प्रक्रियासन्चालनको मुख्य केन्द्रका रुपमा शिक्षक रहन्छन्। सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्धर विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्तज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनलेविद्यार्थीहरूकोसिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरितशिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमाविकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षकसहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीकोसिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाईप्राथमिकता दिइने छ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरीचुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूकोसामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रमकार्यान्वयनबाटहासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

षडानन्द नगरपालिका भित्रका अधिकांश विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरबन्दी पर्याप्त नभएको देखिन्छ। विद्यार्थी संख्यासँग अनुपात मिलाएर शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गर्न अहिले टड्कारो आवश्यकता छ। त्यस्तै, हाल कार्यरत शिक्षक तथा शिक्षिकाहरूका लागि नवीनतम् शिक्षण पद्धति, सूचना प्रविधि र बाल मनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिमको अभाव रहेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ। साथै, शिक्षा क्षेत्रमा हुने राजनीतिक हस्तक्षेप र नियुक्ति विवादले शैक्षिक गुणस्तरमा ह्रास ल्याइरहेको र शिक्षक व्यवस्थापनलाई जटिल बनाएको देखिन्छ। शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग वैज्ञानिक रूपमा जोड्ने संयन्त्रको कमी भएको छ, जसले शिक्षकलाई थप जिम्मेवार, उत्तरदायी र नतिजामुखी बन्ने आवश्यकता देखाउँछ। नगरपालिकामा दक्ष र तालिमप्राप्त शिक्षकहरूको आपूर्ति पर्याप्त छैन भने प्रधानाध्यापकहरूको छनोट प्रक्रियामा पनि योग्यता र क्षमतामाथि आधारित सुधार आवश्यक छ। यी चुनौतीहरूको समाधानका

लागि नगरपालिका शिक्षक दरबन्दी मिलान, कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहन, र नियमित पुनर्ताजगी तालिमको माध्यमबाट दीर्घकालीन रणनीतिहरू लागू गर्दै आएको छ।

### ४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख) विद्यालय सुपरिबेक्षण कार्यलाई प्रभावकारी र व्यवस्थित वनाउने,

ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

### ४.२.४ रणनीतिहरू

क) विद्यार्थी संख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र आवश्यक अनुसार पुनर्वितरण गर्ने

ख) रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन गर्ने

ग) दक्ष र तालिमप्राप्त शिक्षकको आपूर्ति सुनिश्चित गर्ने र नियुक्ति प्रक्रिया पारदर्शी बनाउने

घ) शिक्षकहरूको नियमित पेशागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने

ङ) शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगमा प्रशिक्षित गर्ने

च) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग उपलब्ध गराउने

छ) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने

ज) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रममार्फत प्रेरित गर्ने

झ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने

ञ) प्रधानाध्यापकलाई नेतृत्व, विद्यालय व्यवस्थापन, लेखा तथा संसाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने

ट) शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने

ठ) नियुक्ति र पदस्थापन प्रक्रियामा राजनीतिक हस्तक्षेप न्यूनिकरण गरी योग्यता र अनुभव आधारित निर्णय सुनिश्चित गर्ने

ड) कार्ययोजना, शैक्षिक योग्यता र अनुभवको आधारमा प्रधानध्यापकको छनौट गर्ने

ढ) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउने

ण) शिक्षकले कक्षा काठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापक जिम्मेवार हुने

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः** विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ, विद्यालय सुपरिबेक्षण, कार्यप्रभावकारीता, पेशागत कार्यक्षमता, कक्षा पठनपाठन सिपको विकास हुने छ र शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

## शिक्षक व्यवस्थापन तथा विकाससम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण बृद्धि | | | | | | | | |
| | स्वयम् सेवक शिक्षक बैक तयारी | संख्या | ५ | १० | १० | १० | १० | ७० | नगरपालिका |
| | नगरपालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | | १ | | | | १ | नगरपालिका |
| २ | शिक्षक तयारी | | | | | | | | |
| | नयाँ नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | √ | √ | √ | √ | √ | आवश्यकता अनुसार | संघ /प्रदेश/ नगरपालिका |
| ३ | शिक्षणसिकाइ क्रियाकलाप | | | | | | | | |
| | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | १ | | | | | १ | नगरपालिका |
| | उपचारात्मक शिक्षण पद्धति | पटक | √ | √ | √ | √ | √ | निरन्तर | विद्यालय |
| | एक विद्यालय एक पुस्तकालय स्थापना | संख्या | ५ | ५ | ५ | ५ | ५ | ४० | संघ /प्रदेश/ नगरपालिका |
| | एक विद्यालय एक ICT ल्याव | संख्या | ५ | ५ | ५ | ५ | ५ | ४० | संघ /प्रदेश/ नगरपालिका |
| | शिक्षक पेशागत सहयोग पद्धति विकास | पटक | √ | √ | √ | √ | √ | निरन्तर | संघ /प्रदेश/ नगरपालिका |
| | शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास | पटक | √ | √ | √ | √ | √ | | नगरपालिका |
| | पेशागत शैक्षिक अवलोकन | पटक | √ | √ | √ | √ | √ | निरन्तर | नगरपालिका |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | | | | | | | |
| | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | संख्या | २५ | २५ | २५ | | | ७० | नगरपालिका |
| ५ | शिक्षक उत्तरदायित्व | | | | | | | | |
| | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | ७० | √ | √ | √ | √ | √ | नगरपालिका |
| | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | नगरपालिका |
| ६ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | १० | संघ /प्रदेश/ नगरपालिका |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

शिक्षा क्षेत्रमा समता र समावेशीकरण विशेष रूपमा महत्वपूर्ण छन्। समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। विद्यालयले विद्यार्थीहरूको विविध आवश्यकता अनुसार पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकूल बनाउँछ। यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा फरक पृष्ठभूमिका तथा वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ।

समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, समान अवसर, मानव अधिकारको संरक्षण र दिगो विकासलाई प्रवर्द्धन गर्दछ। यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जीउने अवसर प्रदान गर्दछ। त्यसैले, समता र समावेशीकरणलाई नीति, योजना र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ।

### ४.३.२ वर्तमान अवस्था

यस षडानन्द नगरपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। नगरपालिकामा हाल करिब ७० वटा सामुदायिक विद्यालय र ६ वटा संस्थागत विद्यालय रहेका छन्, जसमा करिब ५४८८ जना विद्यार्थी अध्ययनरत छन्। तीमध्ये छात्राको संख्या करिब ४८.६१ प्रतिशत रहेको छ।नगरपालिकाले आर्थिक रूपमा कमजोर तथा वञ्चित समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ। हालसम्म करिब ४०० जना विद्यार्थीले छात्रवृत्ति सुविधा प्राप्त गरेका छन्। त्यसैगरी अपाङ्गता भएका विद्यार्थीहरूको संख्या करिब ९६ जना रहेको छ र उनीहरूका लागि समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ।

यद्यपि, केही विद्यालयहरूमा शिक्षक दरबन्दी, स्रोतसाधन तथा पूर्वाधारको असमानता देखिन्छ। विशेष गरी दुर्गम बस्तीका बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल स्रोतमा पहुँच अझै चुनौतीपूर्ण रहेको छ।

समग्रमा हेर्दा, यस नगरपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे पनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित

कार्यक्रम तथा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ।

### ४.३.३ उद्देश्य

क) शिक्षा तथा सामाजिक सेवामा सबै बालबालिका र समुदायको समान पहुँच सुनिश्चित गर्दै विशेषगरी वञ्चित, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्नु

ख) जात, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गता तथा भौगोलिक अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्नु

### ४.३.४ रणनीतिहरू

क) विद्यालयमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई नियमित अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

ख) विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त गतिविधिहरूमा बालबालिकाको समावेशी तथा समान सहभागिता सुनिश्चित गर्ने

ग) विद्यालयमा विशेषगरी छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि' जेन्डर फोकल पर्सन ÷वा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने

घ) प्रत्येक विद्यालयमा गुनासो पेटिका राखी विद्यार्थी तथा सरोकारवालाहरूका गुनासो सङ्कलन र समाधानको व्यवस्था गर्ने

ङ) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू) शौचालय, र्याम्प, सुरक्षित कक्षा कोठा आदि (निर्माण तथा सुधार गर्ने

च) घरधुरी सर्वेक्षणमार्फत बालबालिकासम्बन्धी आवश्यक विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने

छ) साधारण विद्यालयमा भर्ना भएर अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाका लागि स्रोत कक्षा वा आवश्यक सहयोगी सेवा उपलब्ध गराउने

ज) समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने

झ) विशेषगरी किशोरीहरूलाई हुने विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने

### ४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

ख) प्रमुख क्रियाकलाप र लक्ष्य

| क .सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पालिका भित्रको अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | १ | ४ | नगरपालिका |
| २ | विद्यालयबाहिररहेकाबालबालिकाहरुकोअवस्था र आवश्यकता पहिचान गरीसहभागिता | निरन्तर | √ | √ | √ | √ | √ | √ | नगरपालिका |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | √ | √ | √ | √ | √ | √ | नगरपालिका |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | विद्यालयहरूमा वालमैत्री,अपाङ्गतामैत्रीरलैङ्गिकमैत्रीभौतिक संरचना निर्माण | संख्या | | २ | ३ | ५ | ५ | ३० | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | आधारभूत तहमा मातृभाषामा सिकाइकोअवसरप्रदानगरिने | निरन्तर | √ | √ | √ | √ | √ | √ | विद्यालय |
| ७ | मनोसामाजिकपरामर्श | निरन्तर | √ | √ | √ | √ | √ | √ | विद्यालय |
| ८ | लैङ्गिकसम्पर्कव्यक्तिको क्षमता विकास तालिम | आवश्यकता अनुसार | | २० | २० | १५ | १५ | ७० | संघ/ प्रदेश/ नगरपालिका |

## ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

### ४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र

विकास, नियमित उपस्थिती र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ। साथै, विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यस कार्यक्रमले सहयोग गर्दछ।

## ४.४.२ बर्तमान अवस्था

षडानन्द नगरपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सामुदायिक विद्यालयहरूमा बालविकासदेखि कक्षा ५ सम्मको दिवाखाजा नेपाल सरकारको व्यवस्थापनमा रहेको छ भने कक्षा ६ देखि १२ सम्मको दिवाखाजा नगरपालिकाको जिम्मेवारीमा प्रभावकारी रूपमा संचालन हुँदै आएको छ। यस कार्यक्रमबाट विशेषगरी आर्थिक अवस्था कमजोर परिवारका विद्यार्थीहरू लाभान्वित भएका छन्।

नगरपालिकाका सबै माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भइसकेको छ र बाँकी विद्यालयमा निर्माण प्रक्रिया जारी छ। कक्षा ६–१२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ। साथै, सबै विद्यालयमा प्राथमिक उपचार सामाग्रीको बाकस राखिएको छ र बालिकाहरूका लागि आइरन चक्की वितरण गरी पोषण सुधारमा सहयोग पुऱ्याइएको छ।

यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिती र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुऱ्याउँदै समता र समावेशीकरणलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण भूमिका खेलेका छन्।

### ४.४.३ उद्देश्यहरु

क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता

सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु

### ४.४.४ रणनीतिहरू

क) सबै सामुदायिक र संस्थागत विद्यालयमा बालविकासदेखि कक्षा १२ सम्म पोषिलो र ताजा दिवाखाजा उपलब्ध गराउने।

ख) विद्यालय भान्सा, भण्डार, भान्सामा प्रयोग हुने भाँडावर्तन र सामाग्री सुधार्ने, समूहमा हात धुने सुविधा विस्तार गर्ने।

ग) पर्याप्त पानी, साबुन, सफाइ सामाग्री, अलग– अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, कक्षा र परिसर सरसफाइ सुनिश्चित गर्ने।

घ) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व वितरण नियमित गर्ने।

ङ) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड वितरण प्रभावकारी बनाउने।

च) विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

छ) अपाङ्गता भएका, वञ्चित र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी कार्यक्रम पहुँच सुनिश्चित गर्ने।

ज) शिक्षक र कर्मचारीलाई तालिम दिई क्षमता विकास गर्ने।

झ) अभिभावक र समुदायलाई अनुगमन, सुधार र मूल्याङ्कनमा सक्रिय सहभागी बनाउने।

ञ) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने।

ट) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिः विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ।

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि २०७७अद्यावधिक र परिमार्जन | पटक | | १ | | | | २ | नगरपालिका |
| २ | एक विद्यालय एक स्वास्थकर्मि | संख्या | | | १ | १ | १ | १२ | संघ/ प्रदेश/ नगरपालिका |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | | १० | १० | १० | १० | ७० | नगरपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा६-८ | | ६-८ | | | | | विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | | १० | १० | १० | १० | ७० | विद्यालय |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवाखाजा | निरन्तर | ७० | ७० | ७० | ७० | ७० | ७० | विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | | ७० | ७० | ७० | ७० | ७० | विद्यालय |
| ८ | अभिभावक आमा समूह | संख्या | | १० | १० | १० | १० | ७० | विद्यालय |

## ४.५ आपतकालीन अवस्थामा शिक्षा

### ४.५.१ परिचय

आपतकालीन अवस्था, जस्तै प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य संकटका बेला बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ। यस क्रममा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, अनलाइन वा सामुदायिक आधारमा सिकाइको व्यवस्था गरिनु पर्छ। शिक्षण सामग्री, शिक्षक प्रशिक्षण र विद्यार्थीहरूको पहुँचमा ध्यान दिँदै सबै बालबालिकाले समान अवसर पाउनुपर्छ। आपतकालीन शिक्षाले मात्र बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्दैन, उनीहरूको मानसिक स्वास्थ्य, सुरक्षा र सामाजिक सुरक्षा पनि प्रवर्द्धन गर्छ। यसले दीर्घकालीन विकास र समावेशी समाज निर्माणमा योगदान पुऱ्याउँछ।

### ४.५.२ वर्तमान अवस्था

षडानन्द नगरपालिकामा आपतकालीन अवस्थामा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्न विभिन्न तयारी र कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। प्राकृतिक प्रकोप वा स्वास्थ्य संकट जस्ता

अवस्थाका बेला विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, सामुदायिक केन्द्र वा घरमा आधारित सिकाइको व्यवस्था गरिन्छ। स्थानीय सरकार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहकार्यमा संकटमा रहेका बालबालिकाका लागि आवश्यक शैक्षिक सामग्री वितरण, अनलाइन वा टेलिफोन माध्यममार्फत सिकाइको सुविधा उपलब्ध गराउने व्यवस्था छ।

साथै, शिक्षकहरूलाई आपतकालीन शिक्षासम्बन्धी तालिम दिइरहेको र अभिभावक तथा समुदायलाई बालबालिकाको सिकाइ निरन्तरतामा सहकार्य गर्न अभिमुखीकरण गरिएको छ। यद्यपि, केही दुर्गम क्षेत्रका बालबालिकाले अनलाइन पहुँच, उपकरण र स्रोत अभावका कारण प्रभावकारी सिकाइमा चुनौती भोगिरहेका छन्। नगरपालिकाले आपतकालीन शिक्षामा पहुँच, सामग्री वितरण र समावेशीता सुनिश्चित गर्न थप योजना र स्रोत व्यवस्थापन गर्दै आएको छ।

### ४.५.३ उद्धेश्य

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु

ख) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु

### ४.५.४ रणनीति

क) संघीय सरकारले बनाएको विपद्/आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास गर्ने।

ख) स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने।

ग) स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने।

घ) विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने ।

ङ) नगरपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने, जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने ।

च) प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार गर्ने ।

छ) महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण—सिकाइ उपाय तयार गर्ने ।

ज) स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपतकालीन क्षमता विकास गर्ने ।

झ) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन गर्ने ।

ञ) हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

ट) संकट/आपतकालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने ।

ठ) विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजना समावेश गर्ने ।

ड) शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी ज्ञान र व्यवहारिक तालिम दिने ।

ढ) अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागी बनाउने ।

ण) संकट—आपतकालिन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने ।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धीः**

आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ

**ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | आवस्यकतानुसार | √ | √ | √ | √ | √ | √ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | क्षमता विकास | संख्या | १० | २० | २० | २० | २० | १९० | नगरपालिका |
| ३ | मापदण्ड अनुसारको भौतिक पूर्वाधार | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ/ प्रदेश/ नगरपालिका |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | ५ | १० | १० | १० | २० | १०० | नगरपालिका |
| ५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | संख्या | ५ | १० | १० | १५ | २० | ७० | नगरपालिका |
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस | संख्या | १० | १० | १० | २० | २० | ७० | नगरपालिका |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

भौतिक पूर्वाधार विकाससले भौतिक संरचनालाई जनाउदछ त्यस्ता जोखिमरहित र सुविधा सम्मन्न हुनका साथै बालमैत्रि , लैङ्गिकमैत्रि  समेत  हुन जरुरी हुन्छ। राष्ट्रिय भबन संहिता २०६० र वस्ती विकास,  शहरी योजना तथा भवन निर्माण भवन निर्माण सम्बन्धि आधारभूत मार्गनिर्देशन २०६२ मा प्राविधिक नंक्साङकन, स्ट्रक्चरल डिजाइन अनिवार्य, सिभिल इन्जिनियरबाट प्रमाणित गर्ने र जनेखिमयुत्त संरचना र पर्खाल भत्काउने आदिजस्ता मापदण्द निर्धारण गरेको छ भने विद्यालयको हकमा शिक्षा नियमावलि २०४९ नियम ४ संग सम्वन्धित अनुसूचि ३ मा कक्षाकोठाहरु ९ फिट उचाई घाम पानिबाट बचाउ हुने किसिमको,पूर्वप्रथमिक विद्याल भबनको हकमा प्रति विद्यार्थि ०.७५ वर्ग मिटर, नि.मा. वि र माविमा १.०० वर्ग मिटर क्षेत्रफल भएको कक्षाकोठा हावा प्रकाश आउने किसिमको १ विद्यार्थि २ प्रति पुस्तक सम्पूर्ण विद्यार्थिहरु एकैसाथ उभिन सक्ने कम्पाउन्ड र विद्यालयको हाताभित्र घेराबारा भएको हुनुपर्ने व्यावस्था गरेको छ।राष्ट्रिय शिक्षानीति २०७६ ले भौतिक पूर्वाधार , पाठ्यसामग्री आदिलाई बाल, अपाङगता र लैङगिक मैत्रि बनाउने, बालबालिकाहरुको स्याहार केन्द्र लगायतको संरचना जोखिमरहित सुविधासम्पन्न सहितको आधुनिक बानाउने उद्देश्य ले गुरुयोजना निर्माण गर्ने समेत नीतिगत व्यावस्था गरेको छ । नमूना विद्यालय छनौट कार्यविधिमा समेत भोतिक पूर्वाधार जस्ता सूचकहरु राखेको छ । स्थानिय सरकार सञ्चालन ऐन २०७४ मा भौतिक पूर्वाधार निर्माणको मापदण्ड र मूल्याङ्कन नियमन गर्ने प्रावधान रहेको छ । सुक्षित र ष्अत  प्रयोग गर्न सक्ने भौतिक संरचना निर्माण गरि शिक्षालाई सवैको पहुँचमा पुर्याउनका साथै गुणस्तरिय समावेशि ,सर्वव्यापि, जिवनउपयोगि र प्रविधिमैत्रि शिक्षा आदि  प्रदान गर्ने लक्ष्य राखेर भौतिक विकासको आवश्यकता, सम्भावना र चुनौति लाई पहिचान गरि आगामी १० वर्षे शैक्षिक योजनामा उद्देश्य , रणनीति , प्रमुख क्रियाकलाप र स्रमेत व्यावस्थापन समेत उल्लेख गरि निर्माण  गरेको छौ।

### ४.६.२ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय  ७६ मध्ये सामुदायिक ७० र ६ सस्थागत विद्यालय छन्। सामुदायिक विद्यालय तर्फ ७० भवन रहेका छन। सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु ७०, छात्र शौचालय ७०  वटा शैचालय रको छ।

खानेपानीको आफ्नै श्रोत भएका विद्यालय ५१, बाहिरी श्रोत भएका विद्यालय  रहेका छन। पालिका भरमा २५ वटा विद्यालयमा पुस्तकालय, ९ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, र ५५ वटा विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा ७० विद्यालयमा स्टाफ कोठा रहेको छ भने ६१ विद्यालयमा खेलकुद कोठा साथै विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन्।विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन् ।

जोखिमरहित तथा सुविधायुक्त भौतिक पूर्वाधार विकासमा मापदण्ड र गुरुयोजना निर्माण

- पूर्वाधारलाई वालमैत्रि, अपाङगमैत्रि, लैङगिकमैत्रि र सूचना सञ्चार प्रविधिको संरचना सहित निर्माण गर्नु ।
- पूर्वाधार विकास र विस्तार गर्दा पारदर्शी जवाफदेहि तथा गुणस्तरीय बनाउनु ।
- आवश्यक स्रोतको व्यावस्थापन गर्नु।
- निरन्तर नियमन अनुगमन नियन्त्रण र मूल्याङकन गर्नु।

### ४.६.३ उद्देश्य

- पूर्वाधार विकासमा नीतिगत व्यावस्थाअनुरुपको सुरक्षित जोखिमरहित, मापदण्ड अनुसारका पूर्वाधार विकास गर्ने।
- शिक्षण सिकाई क्रियाकलाप अनुकुल हुने गरि वालमैत्रि, अपाङगमैत्रि, लैङगिक मैत्रि आधारभूत सुविधासहितको  पूर्वाधार विकास गर्ने।

### ४.६.४ रणनीतिहरू

- पूर्वाधार विकासमा गुरुयोजना र मापदण्ड तयार गरी कार्यन्वयन गरिनेछ।
- विद्यालयमा प्राथमिक उपचार सहितको पूर्वाधार तयार गरिनेछ।
- पूर्वाधार निर्माण  गर्न आवश्यक स्रोत साधनको व्यावस्थापन गर्न सम्वन्धित निकाय वा संघसस्थाहरुसंग साझदारी गरिनेछ।
- भौतिक पूर्वाधार जोखिमको मूल्याङकन गरि जौखिमयुक्त संरचना  लाई हटाउने तथा मर्मत सम्भार गरिनेछ ।
- विद्यालयका सुधार गर्न आवश्यक कार्यविधि निर्माण गरि कार्यन्वयन गरिनेछ ।
- सुरक्षित मापदण्डअनुसारका  संरचना अनुसार स्मार्ट कक्षाकोठा निर्माण ध्यान दिइनेछ ।
- प्रत्येक विद्यालयमा बाल उद्यान निर्माण गरिनेछ ।

## ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

### क) उपलब्धि

- जेखिमरहित सुरक्षित र न्युनतम सुविधा सम्पन्न भौतिक पूर्वाधारको निर्माण गरि प्रभावकारी सिकाई क्रियाकलापको वातावरण तयार हुने ।

### ख) नतिजा

- जोखिम रहित तथा न्युनतम सुविधायुत्त भौतिक पूर्वाधार विकासका लागि १० वर्षे गुरुयोजना र मापदण्ड तयार हुने ।
- सवै विद्यालयमा आवश्यक भौतकपूर्वाधार निर्माण भएको हुने।
- विद्यालयमा वालमैत्रि लैङगिक तथा अपाङगमैत्रि ष्अत सहितको भौतिक पूर्वाधार विकास हुने।
- विद्यालयमा रहेको भौतिक सम्पतिको प्रयोगमा कार्यविधि मापदण्ड र प्रभाबकारिता को सूचक तयार गर्ने।
- सवै विद्यालयमा गणित, विज्ञानको प्रयोगशाला कप्यूटर ल्याब पुस्तकालय , अध्ययन कक्षा , चमेना गृह वालउद्यान स्वच्छ खाने पानि उपलब्ध हुने।
- भौतिक पूर्वाधार विकासकोमा स्रोत व्यावस्थापनका लागि सम्वन्धित निकाय , संघसंस्था , अभिभावक आदिमा सहकार्य हुने ।

### ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**विद्यालय भौतिक पूर्वाधार विकासकाप्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पूर्वाधार विकासका लागिमापदण्ड | पटक | | १ | | | | २ | नगरपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि१० वर्षे गुरु योजना तयार | पटक | | १ | १ | | | ३ | नगरपालिका |
| ३ | अपाङ्गमैत्रीबालमैत्री तथा लैङ्गिक मैत्री भौतिक , | संख्या | | | २ | २ | २ | १३ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्वाधार निर्माण | | | | | | | | |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | | | | | | | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | | | | | | | संघ/ प्रदेश/ नगर पालिका |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन | आवश्यक | | | | | | | नगरपालिका |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ। नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ।

सूचना तथा सञ्चार प्रविधि (ICT) विद्यालय शिक्षामा सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागी र आधुनिक बनाउन प्रयोग गरिन्छ। ICT मार्फत शिक्षकहरूले बहु-माध्यमिक सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र शिक्षण सफ्टवेयरको प्रयोग गरी पाठ्यक्रमअनुसार सिकाइ अनुभव समृद्ध बनाउन सक्छन्। विद्यार्थीहरूलाई खोज, अनुसन्धान, प्रोजेक्ट कार्य र संवादात्मक सिकाइमा सहभागी गराउने ICT ले सिकाइलाई सक्रिय र रचनात्मक बनाउँछ। विद्यालय शिक्षामा ICT को प्रयोगले

शिक्षण–सिकाइलाई विद्यार्थी केन्द्रित बनाउँछ, सूचना पहुँच सजिलो बनाउँछ, सहकार्य र सञ्चार प्रवर्द्धन गर्छ र डिजिटल सीप विकासमा सहयोग पुऱ्याउँछ। यसले मात्र ज्ञान प्राप्तिमा सहजता ल्याउने होइन, भविष्यका दक्ष र सृजनशील नागरिक तयार पार्नमा पनि महत्वपूर्ण योगदान दिन्छ।

### ४.७.२ वर्तमान अवस्था

षडानन्द  नगरपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग विस्तार हुँदै आएको छ। केही माध्यमिक र आधारभूत विद्यालयमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड र इन्टरनेट सुविधा उपलब्ध छन्। शिक्षकहरूले सिकाइ प्रक्रियामा डिजिटल स्रोत, अनलाइन सामग्री र प्रस्तुति प्रविधिको प्रयोग गर्दै पाठ्यक्रम अनुसार पाठ सञ्चालन गरिरहेका छन्।

तर, सबै विद्यालयमा ICT पहुँच समान छैन। दुर्गम क्षेत्रका विद्यालयहरूमा उपकरण, इन्टरनेट र प्रशिक्षित शिक्षकको अभावले डिजिटल शिक्षामा चुनौती देखा परेको छ। नगरपालिकाले ICT पहुँच, उपकरण उपलब्धता, शिक्षक तालिम र डिजिटल पाठ्य सामग्री विकासमा काम गर्दै आएको छ।

समग्रमा, षडानन्द  नगरपालिकामा ICT को प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि सिकाइ अनुभव समृद्ध बनाउने क्रम जारी छ, तर समावेशी र पूर्ण पहुँच सुनिश्चित गर्न अझ योजना र स्रोतको आवश्यकता देखिन्छ।

### ४.७.३ उद्देश्यहरू

सूचना तथा प्रविधिको प्रयोगमा बढवा दिदैं शिक्षालाई गुणस्तरीय समतापूर्ण ,सबैको पहुँचमा पुर्याउन सुशासनयुक्त शैक्षिक प्रशासन स्थापना र शैक्षिक सूचनालाई प्रभावकारी व्यवस्थापन बनाउनु ।

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु

ख) ICT प्रयोगमार्फत डिजिटल क्षमता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्नु

### ४.७.४ रणनीतिहररु

क) सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण) कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि उपलब्ध गराउने।

ख) शिक्षकहरूको ICT प्रयोग क्षमता वृद्धि गर्न तालिम र कार्यशाला सञ्चालन गर्ने।

ग) कक्षा र विषय अनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्य सामग्रीको प्रयोग बढाउने।

घ) शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने।

ङ) शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।

च) विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवा प्रवाहमा ICT प्रयोग विस्तार गर्ने।

छ) सामुदायिक सिकाइ केन्द्रहरूमा ICT स्थापना गर्ने।

ज) दुर्गम क्षेत्रका विद्यालयमा ICT पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइन समाधानको व्यवस्था गर्ने।

झ) ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्द्धन गर्ने।

ञ) ICT सम्बन्धी अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजनामा समावेश गरी प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.७.५ चुनौतीहरू

- पालिका स्तरीय Education E-Portal Center, Digital Lab, E-Library व्यावस्थापन गर्नु, ।
- सवै विद्यालयहरु लाई Technical Support पुर्‍याउनु ।
- सबै विद्यालयहरुमा ICT को पूर्वाधार निमार्ण गर्न र ICT सामाग्री वितरण गर्न स्रोतको व्यवस्थापन गर्नु ।

### ४.७.६ नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क)उपलब्धि**

- विद्यालयको शिक्षण सिकाइमा क्ष्ऋत् को सान्दर्भिक प्रयोग गरी क्ष्ऋत् लाई वैकल्पिक माध्यमको विस्तार हुनका साथै शैक्षिक सूचनालाई व्यवस्थित गर्दै सुशासन तथा डिजिटल साक्षरता हुने ।

**ख)नतिजा**

- पालिका र विद्यालयस्तरमा ICT प्रयोग सम्बन्धी नीति तथा गुरुयोजना निमार्ण हुने।
- पालिका स्तरीय E-Portal मार्फत शैक्षिक सामग्री निमार्ण वितरण र प्रसार गरिने ।
- स्रोतकेन्द्र वा Leader विद्यालयमा ICT सिकाइ केन्द्र स्थापना गर्ने ।

- कम्प्युटर विषयको शिक्षण गर्ने शिक्षकलाई तालिम प्राप्त हुने ।
- प्रत्येक विद्यालयमा ICT पूर्वाधारसहित न्युनतम सामग्री सम्पन्न हुने र त्यसको माध्यमबाट सिकाइ क्रियाकलाप भएको हुने ।
- प्रत्येक विद्यालयमा आधुनिक सु–सम्पन्न गणित,विज्ञान,कम्प्युटर प्रयोगशालाहरु निमार्ण भएको हुने ।
- आधारभूत तहको ६–८ मा अध्यापन भइरहेको कम्प्युटर सम्बन्धी छुट्टै शिक्षक उपलब्ध भएको हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

### शिक्षामा सूचना र प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | | १० | १० | १० | १० | ७० | संघ/ प्रदेश/ नगरपालिका |
| २ | पूर्णकालीन ICTशिक्षक व्यवस्थापन ,डिजिटल ल्याव स्थापना | संख्या | | | २ | २ | २ | १२ | प्र / . स्थानीय |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | ५ | १० | १० | १० | १० | १०० | विद्यालय |
| ४ | ईपुस्तकालय-अद्यावधिक र विस्तार | संख्या | २ | ५ | ५ | ५ | ८ | २५ | नगरपालिका लिका |
| ५ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Androidफोन का साथै पेनड्राइभको पहुच | प्रतिशत | | १० | २० | २० | २० | ८० | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | संख्या | | १६ | २० | २० | २० | ७६ | नगरपालिका |
| ७ | फ्रि वाई-फाई चौतारी | संख्या | | १ | २ | २ | ३ | १४ | नगरपालिका |
| ८ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | √ | √ | √ | √ | √ | √ | नगरपालिका |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचनातथासञ्चारप्रविधको प्रयोग | निरन्तर | | | १ | १ | २ | ४ | नगरपालिका |
| १० | सूचनाप्रविधिमाआधारितशिक्षकसहायताप्रणालीकोविकासतथासञ्चालन | संख्या | २० | ४० | ४० | ४० | ४० | ३८० | संघ/ प्रदेश/ नगरपालिका |

## ४.८ छात्रवृत्ति

### ४.८.१ परिचय

नेपाल भौगोलिक ,जातीय ,बर्गीय, धार्मिक, सास्कृतिक विवधता भएको देश भएका कारण सबै बालबिलकाहरुको विद्यालय शिक्षा प्राप्त गर्न समान पहुँच र हैसियत छैन ।लैङिगक विभेद ,अपाङ्गता,गरिबी तथा भौगिलक विकटता आदिका कारण धेरै बालबालिका विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेका छन् जसका कारण हुने शैक्षिक क्षति न्यूनीकरण गर्न छात्रवृत्तिले मद्दत पुर्याउँदछ । विद्यालय शिक्षामा विद्यार्थीहरुको सहभागिता वृद्धि गरि सिकाइलाई निरन्तरता दिन तथा विद्यालय वाहिर रहेका सामाजिक, आर्थिक रुपले पिछडिएका वर्गहरुलाई विद्यालय शिक्षामा सुनिश्चित गर्न अगाडि सारिएको उत्प्रेरणामूलक कार्य छात्रवृत्ति हो।जसले लक्षित समुदायहरु गरीब, सुविधाविहिन, अपाङ्गता तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाईविद्यालयमा टिकाइ राख्न मद्दत गर्दछ।

छात्रवृत्तिलगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार,सुविधाविहिन तथाकठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागिसहयोग गरि समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ। यस्तो सहयोगलेआर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेसनरीलगायतका सामग्रीहरू, इत्यादि उपलब्ध हुन नसकी विद्यालयमा हुने विद्यार्थीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउनसहयोग गर्दछ। यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागितासुनिश्चित गर्न र आधारभूत तहमा अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ। विद्यालयमा उपस्थित हुन र सिकाइमा सक्रियतापूर्वक सहभागी हुन उत्प्रेरणा प्राप्त हुनेभएकाले बालबालिकाको सिकाइ सुधार गरी शिक्षाको गुणस्तर सुधार गर्नमा पनि योगदान हुन्छ। विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि प्रदान गरिने यस्ताछात्रवृत्ति तथा प्रोत्साहनहरू मूलतः गरीबी केन्द्रित हुन आवश्यक छ।

### ४.८.२ वर्तमान अवस्था

नेपाल सरकारले हाल सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि विभिन्न किसिका छात्रवृत्तिहरु प्रदान गर्दै आएको छ। षडानन्द नगरपालिका अन्तर्गत आधारभूत तह कक्षा १–५ मा अध्ययनरत २९३६ जना मध्य छात्रा १६९ (दलित छात्रा),१८६ दलित छात्र ६४,अपाङ्गता .

गरी शैक्षिक सत्र २०८२ मा करिब २५० जनाले यो सुविधा लिएका छन्। यस कार्यक्रमबाट विद्यार्थीहरुमा थप हौसला प्राप्त हुनका साथै माथिल्लो कक्षामा अध्ययन गर्न सहज भएको छ ।

### ४.८.३ छात्रवृत्तिसम्बन्धी चुनौतीहरू

- लक्षित समूहलाई प्रदान गरिने छात्रवृत्तिको रकम बृद्दि गर्नु ।
- जात लिङ्ग साथै लक्षित वर्गको पहिचान गरी छात्रवृत्तिको दायरा बडाउनु ।
- छात्रवृत्ति सहित सामुदायिक आवासीय विद्यालय व्यवस्थापन गर्नु।
- छात्रवृत्ति वितरण र यसको उपयुक्तता ,प्रभावकारिताको अनुगमन तथा मूल्याङ्क्नलाई प्रभावकारी बनाउनु ।
- माध्यमिक ,प्राविधिक तथा उच्च शिक्षामा पनि विषेश छात्रवृत्तिको स्थापना गरी कार्यन्वयन गर्नु ।

### ४.८.४ उद्देश्य

- लक्षित वर्ग पहिचान गरीछात्र वृत्ति वितरण गरी बाल बालबालिकाहरुको सिकाइमा सहभिगता र उपलब्धि बढाउने।
- विद्यालय शिक्षामा समतावृद्धि गरी समावेशी बनाउने।
- सबै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी सिकाइ गुणस्तर वृद्धि गर्ने ।

### ४.८.५ रणनीतिहरू

लक्षित वर्गको पहिचान गरी आवश्यकतामा आधारित छात्रवृत्ति वितरण गरिनेछ।

विद्यालय र समुदायको सहभागितामा प्रत्येक विद्यालयमा  छात्रवृत्ति व्यवस्थापन समिति गठन गरिनेछ।

छात्रवृत्ति उद्देश्यमूलक र प्रभावकारी बनाइने छ ।

### ४.८.६ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

- विद्यालय तह तथा उच्च  शिक्षामा आर्थिक अभावका कारणले कुनैपनि बालबालिका एव . विद्यार्थि शिक्षाको अवसरबाट बञ्चित नहुने।

ख) प्रमुख नतिजाहरु

- लक्षित वर्ग पहिचान गरि एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्वयन हुने।
- उद्देश्य र आवश्यकतामा आधारित भएर छात्रवृत्ति वितरण हुने ।
- सामुदायिक आवासीय विद्यालय छात्रवृत्तिसहितको हुने।
- लक्षित समूहको विद्यालयमा भर्ना हुने,टिकिरहने र सिकाइ सहभागिताके दरमा सुधार भई सिकाइमा सुधार हुने ।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

छात्रविर्तिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य (वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | छात्रवृत्ति छनोट र वितरण कार्यविधि विकास | पटक | ० | १ | | | | २ | नगरपालिका |
| २ | छात्रवृत्ति र दिवा खाजा व्यवस्थापन समिति गठन | संख्या | ० | ० | ३६ | | | ७० | विद्यालय |
| ३ | अनुगमन तथा मूल्याङ्कन | संख्या | ० | ० | ३६ | | | ७० | नगरपालिका |

## ४.९. अनिवार्य तथा निशुल्क शिक्षा

### ४.९.१ परिचय

अनिवार्य तथा निःशुल्क शिक्षा भन्नाले निश्चित उमेर समूहका सबै बालबालिकालाई राज्यले कुनै शुल्क नलिई विद्यालयमा भर्ना गराई आधारभूत शिक्षा प्राप्त गर्न सुनिश्चित गर्ने व्यवस्था हो। यस अवधारणाअनुसार अभिभावकले आफ्ना बालबालिकालाई विद्यालय पठाउनु अनिवार्य हुन्छ भने सरकारले आवश्यक शिक्षक, पाठ्यपुस्तक, विद्यालय, शैक्षिक सामग्री तथा अनुकूल सिकाइ वातावरणको व्यवस्था गर्ने दायित्व वहन गर्दछ।

नेपालको नेपालको संविधान, २०७२ को धारा ३१ ले प्रत्येक नागरिकलाई शिक्षाको हक सुनिश्चित गरेको छ। साथै प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा

माध्यमिक तहसम्मको शिक्षा क्रमशः निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिएको छ। यस व्यवस्थालाई कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ लागू गरिएको छ।

### ४.९.२ उद्देश्यहरूः

- सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गर्नु।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउनु।
- निरक्षरता घटाई साक्षर समाज निर्माण गर्नु।
- सामाजिक, आर्थिक तथा लैङ्गिक विभेद न्यूनीकरण गर्नु।
- गुणस्तरीय र समावेशी शिक्षा प्रदान गर्नु।

### ४.९.३ शिक्षाका रणनीतिहरू

क) सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित गर्ने
ख) निःशुल्क शैक्षिक सामग्री उपलब्ध गराउने
ग) गुणस्तरीय शिक्षाको सुनिश्चितता
घ) समावेशी तथा समान अवसरको व्यवस्था
ङ) शिक्षा पूर्वाधारको विकास
च) अभिभावक र समुदायको सहभागिता बढाउने
छ) तीन तहका सरकारबीच समन्वय गर्ने
ज) बालमैत्री विद्यालय वातावरण निर्माण गर्ने
झ) नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने
ञ) जनचेतना अभिवृद्धि गर्ने
ट) घरधुरी सर्वेक्षण गरी विद्यालय उमेरका बालबालिकाको विवरण संकलन गर्ने।
ठ) विद्यालय बाहिर रहेका, जोखिममा रहेका तथा विद्यालय छोडेका बालबालिकाको अभिलेख राख्ने।
ड) शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS) अद्यावधिक गर्ने।

## ४.१०. जलबायु परिवर्तन र शिक्षा

### ४.१०.१ परिचय

जलवायु परिवर्तन (Climate Change) भन्नाले पृथ्वीको तापक्रम, वर्षा, हावापानी, समुद्री सतह तथा मौसमको दीर्घकालीन ढाँचामा हुने परिवर्तनलाई जनाउँछ। प्राकृतिक कारणहरू (जस्तै ज्वालामुखी विस्फोट, सौर्य विकिरणमा परिवर्तन) ले पनि केही प्रभाव पार्ने भए पनि वर्तमान जलवायु परिवर्तनको प्रमुख कारण मानव गतिविधिबाट हुने हरितगृह ग्यास (Greenhouse Gases) को अत्यधिक उत्सर्जन

हो। जीवाश्म इन्धनको प्रयोग, वन विनाश, औद्योगिकीकरण, सवारी साधनको अत्यधिक प्रयोग तथा अव्यवस्थित सहरीकरणले जलवायु परिवर्तनलाई तीव्र बनाएको छ।

शिक्षा भनेको व्यक्तिमा ज्ञान, सीप, मूल्य, दृष्टिकोण र व्यवहार विकास गर्ने प्रक्रिया हो। जलवायु परिवर्तन सम्बन्धी शिक्षा (Climate Change Education) ले वातावरण संरक्षण, प्राकृतिक स्रोतको दिगो उपयोग, विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका उपायबारे विद्यार्थी र समुदायलाई सक्षम बनाउँछ।

### ४.१०.२. जलवायु परिवर्तनका प्रमुख कारणहरू

- जीवाश्म इन्धन (कोइला, पेट्रोल, डिजेल, ग्यास) को अत्यधिक प्रयोग।
- उद्योग तथा कलकारखानाबाट हुने प्रदूषण।
- वन विनाश तथा अवैज्ञानिक भू-उपयोग।
- सवारी साधनको अत्यधिक प्रयोग।
- जनसंख्या वृद्धि र अव्यवस्थित सहरीकरण।
- कृषि तथा पशुपालनबाट उत्सर्जित मिथेन ग्यास।
- प्लास्टिक तथा अन्य फोहोरको अव्यवस्थित व्यवस्थापन।

### ४.१०.३ जलवायु परिवर्तनले शिक्षामा पार्ने प्रभाव

- विद्यालय भवन तथा पूर्वाधारमा क्षति पुग्ने।
- अध्ययन-अध्यापन नियमित सञ्चालन गर्न कठिन हुने।
- विद्यार्थीको विद्यालय उपस्थितिमा कमी आउने।
- विपद्का कारण विद्यालय छोड्ने दर बढ्ने।
- सिकाइ उपलब्धिमा कमी आउने।
- स्वास्थ्य समस्याले विद्यार्थीको सिकाइ क्षमता घट्ने।
- दुर्गम क्षेत्रमा शैक्षिक असमानता बढ्ने।

### ४.१०.४ जलवायु परिवर्तनका सन्दर्भमा शिक्षाको भूमिका

- जलवायु परिवर्तनबारे वैज्ञानिक ज्ञान प्रदान गर्ने।
- वातावरणीय चेतना विकास गर्ने।
- प्राकृतिक स्रोतको संरक्षण गर्न प्रेरित गर्ने।
- दिगो विकासको अवधारणा बुझाउने।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी सीप विकास गर्ने।

- हरित प्रविधि तथा स्वच्छ ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने।
- जिम्मेवार र वातावरणप्रति उत्तरदायी नागरिक निर्माण गर्ने।

### ४.१०.५ विद्यालयमा अपनाउन सकिने उपायहरू

- विद्यालय परिसरमा वृक्षारोपण गर्ने।
- प्लास्टिकमुक्त विद्यालय अभियान सञ्चालन गर्ने।
- वर्षाको पानी संकलन गर्ने।
- ऊर्जा बचत गर्ने अभ्यास गर्ने।
- सौर्य ऊर्जाको प्रयोग बढाउने।
- फोहोरको वर्गीकरण तथा पुनर्चक्रण गर्ने।
- वातावरण दिवस, पृथ्वी दिवस तथा वृक्षारोपण दिवस मनाउने।
- विद्यालय विपद् व्यवस्थापन योजना तयार गर्ने।

# परिच्छेद पाँच
# विद्यालय सुशासन तथा व्यवस्थापन

## ५.१ विद्यालय सुशासन

### ५.१.१ परिचय

शिक्षा प्रणालीको विकासका लागि शासकीय प्रबन्धको महत्वपूर्ण स्थान रहन्छ। उचित निर्णय र प्रभावकारी कार्यान्वयनको समष्टीगत स्वरुपलाई नै शासकीय प्रबन्धको रुपमा बुझ्न सकिन्छ । शिक्षा पद्धतिभित्रका संरचना र प्रक्रियाहरु शासकीय प्रबन्धमा समेटिएका हुन्छन्। विद्यालयको शैक्षिक सुधारका लागि निर्मित योजनाको प्रभावकारी कार्यान्वयनबाट बालबालिकाको सिकाइमा सुधार गर्न निर्वाह गर्ने भूमिका साथै कार्य प्रक्रिया शासकीय प्रबन्ध अन्तर्गत पर्दछन्। यस किसिमका कार्य प्रक्रियाहरुले बालबालिकाहरुको सिकाइमा सहभागिता बृद्धि गरी उनीहरुलाई सिकाइप्रति जवाफदेही बनाउनु साथै निश्चित उद्देश्यमा आधारित रहेर कार्यसम्पादनमा प्रभावकारिता र कार्यकुशलता कायम गर्नु र विधिको सर्वोच्चतालाई प्रोत्साहन गरी सुशासनको झल्को दिन सक्नु पर्दछ। स्थानीय स्तरमा स्थानीय सरकार, समुदाय, विद्यालय, गैरसरकारी संघ संस्थाहरु र विकाससँग सम्बन्धित साझेदारहरुको महत्वपूर्ण भूमिका रहनुका साथै सुशासन कायम गर्न पनि उत्तिकै योगदान रहनु पर्दछ।

शैक्षिक योजना निर्माण पश्चात कार्यान्वयनको चरणमा संस्थागत संरचनाको विकास, क्षमता विकास, योजना कार्यान्वयको जिम्मेवारी सहितको प्रबन्ध र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्नुपर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजना निर्माण गर्दा उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरुप तथा रुपरेखा, तीन तहका सरकारको दायित्व साथै ज्ञान र प्रविधिको क्षेत्रमा समयसापेक्ष हुने परिवर्तनलाई समेत समेट्न जरुरी हुन्छ। नेपालको संविधान २०७२ मा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका आ–आफ्नै अधिकार र साझा अधिकारका सूचि सहित शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने स्पष्ट व्यवस्था गरेको छ। कतिपय संघीय इकाइहरुका लागि एकल अधिकार र साझा अधिकार तथा दायित्वको रुपमा परिभाषित भए पनि बिशेष अवस्थामा कार्यक्रम सञ्चालन र व्यवस्थापनको क्रममा फरक किसिमको प्रबन्धको आवश्यकता पर्न सक्ने अवस्थालाई पनि बिचार पुऱ्याउनु पर्दछ। योजनाको कार्यान्वयन र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रबद्र्धन, नतिजा उन्मुख गतिविधि र कर्तव्य तथा उत्तरदायित्व जस्ता पक्षहरुलाई प्राथमिकता दिनुपर्दछ। यस परिच्छेदमा शिक्षा क्षेत्रमा सुशासन तथा व्यवस्थापन पक्षको प्रबद्र्धन गरी यो १० वर्षे शिक्षा योजनाबाट अपेक्षित नतिजा हासिल गर्नका लागि

आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको व्यवस्था, अनुगमन र मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी सोही आधारमा योजनाका अपेक्षित नतिजा प्राप्तीका लागि प्रस्तावित कार्यक्रमहरुको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, क्षमता विकास, कार्यान्वयन व्यवस्था, अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरुप प्रस्तुत गरिएको छ।

शैक्षिक गतिविधि प्रभावकारी बनाई सुशासन कायम गर्नका लागि समयसापेक्ष शासकीय संरचना, प्रक्रिया र क्षमतामा सुधार गर्नुका साथै शिक्षामा स्थानीय सरकारका अधिकार तथा दायित्व, शिक्षा क्षेत्रमा भएको विकास एवम् बिस्तार, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास र जनचेतनामा आएको परिवर्तन जस्ता पक्षहरुलाई बिचार गर्नुपर्दछ। यस १० वर्षे शैक्षिक योजनामा प्रारम्भिक बालशिक्षा, आधारभूत तहको शिक्षा र माध्यमिक तहको शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी शैक्षिक गुणस्तर अभिबृद्धि, अनौपचारिक शिक्षाको बिस्तार, प्रकोप तथा महामारीको समयमा बैकल्पिक सिकाइ प्रक्रिया साथै शिक्षामा समता र समावेशिताको प्रबद्र्धनसहित शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापना गर्ने प्रयास गरिएको छ । उक्त कार्यका लागि आवश्यक जनशक्ति विकास र क्षमता विकास महत्वपूर्ण पक्ष भएकोले सो पक्षलाई समेत समेट्ने प्रयास गरिएको छ। शिक्षामा सुशासन प्रबद्र्धन गरी शिक्षा विकासका कार्यक्रमहरु कर्यान्वयन गर्न विद्यमान शैक्षिक पद्धतिको समीक्षा गर्दै विद्यालय शिक्षा सम्बन्धी योजना प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतिहरु पहिचान गरी ती चुनौतिहरुको सामना गर्दै सुशासन प्रबद्र्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकासलाई जोड दिइएको छ ।

### ५.१.२ वर्तमान अवस्था

शिक्षासँग सम्बन्धित गतिविधिहरु सञ्चालन गर्न र शैक्षिक विकासका लागि संघीय सरकार मातहतमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। यही मन्त्रालय अन्तर्गत केन्द्रीय स्तरमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। मन्त्रालय मातहत नरहे पनि पूरक शैक्षिक कार्यक्रम सञ्चालन गर्न शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा बोर्ड स्थापना भएका छन्। प्रदेश तहमा शिक्षा क्षेत्र हेर्ने कार्य सामाजिक विकास मन्त्रालयले गर्दछ। सामाजिक विकास मन्त्रालय अन्तर्गत प्रत्येक प्रदेशमा शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्र रहेका छन्। प्रत्येक जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइ र हरेक पालिकामा

शिक्षा तथा खेलकुद शाखा÷महाशाखा रहने व्यवस्था गरिएको छ। नगरपालिका अन्तर्गत नगर शिक्षा समिति र विद्यालय अनुगमन समिति गठन भई शैक्षिक गतिबिधि सञ्चालन भई आएको छ। यी सबै निकायहरुको समन्वय र सहकार्यमा शिक्षा सम्बन्धी गतिविधि र कार्यक्रमहरु सञ्चालन हुनुपर्दछ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा तोकिएका २३ वटा कार्यहरु स्थानीय सरकारले कार्यान्वयन गर्न सक्ने विद्यमान अवस्था छ ।

## ५.१.३ उद्देश्य

यस योजनामा शिक्षा क्षेत्रमा सुशासन तथा व्यवस्थापन कायम गर्न संस्थागत संरचना र क्षमता विकास सम्बन्धी निम्न उद्देश्यहरु कायम गरिएका छन् –

- विद्यार्थी सिकाइ उपलब्धि बृद्धि गरी स्थानीय तहमा शैक्षिक गुणस्तर कायम गर्न आवश्यक संरचना विकास र जनशक्तिको व्यवस्था गर्ने
- विद्यालय शिक्षा सम्बन्धी शैक्षिक गतिविधिहरु सञ्चालन, समन्वय र सहकार्यको लागि आवश्यक संयन्त्र निर्माण र संस्थागत व्यवस्था गर्ने
- शिक्षामा सुशासन कायम गर्न समता र समावेशितालाई प्रोत्साहित गर्ने
- विद्यालयमा क्रियाशील जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिबृद्धि गर्ने

## ५.१.४ रणनीति

- विद्यार्थी सिकाइ उपलब्धि बृद्धि गरी स्थानीय तहभित्र सञ्चालित विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्न भौतिक तथा सांगठनिक संरचनाको सुधार सहित पर्याप्त तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिइनेछ
- विद्यालय शिक्षा सम्बन्धी गतिविधिहरु सञ्चालन, समन्वय र सहकार्यको लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने जसका लागि आवश्यक भौतिक पूर्वाधार विकास, जनशक्ति विकास, बीत्तीय व्यवस्थापन र नीति नियम निर्माण तथा कार्यान्वयन गरिनेछ
- शिक्षामा सुशासन कायम गर्न पारदर्शिता, जवाफदेहिता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास तथा कार्यान्वयन गरी समता र समावेशितालाई प्रोत्साहन गर्न आवश्यक पर्ने नीतिगत तथा कानुनी व्यवस्था गरी कार्यान्वयन गरिनेछ

- विद्यालयमा क्रियाशील जनशक्तिको क्षमता अभिबृद्धि गर्न पेशागत योग्यता र तालिमको व्यवस्था गरिनुका साथै भौतिक तथा सांगठनिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिबृद्धि गर्नमा जोड दिइनेछ।
-

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि

- स्थानीय तहभित्रका सबै शिक्षासँग सम्बन्धित निकायहरु साथै विद्यालयमा सुशासन प्रबद्र्धन भई बालबालिकाको सिकाइ प्रणालीमा सुधार हुने ।

**ख) नतिजा**

- स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संयन्त्र, संरचना र उपयुक्त जनशक्ति तयार हुने
- शिक्षाको शासकीय स्वरुप अन्तर्गत स्थानीय सरकार र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने
- शिक्षासँग सम्बन्धित निकायहरु र शैक्षिक जनशक्तिको दक्षता अभिबृद्धि गर्ने संयन्त्र निर्माण गरी तिनको क्षमतामा सुधार हुने
- शैक्षिक सेवा प्रवाह गर्दा शिक्षार्थीको सिकाइप्रति जवाफदेही भई समतामूलक र समावेशिताको सिद्धान्तमा आधारित रही उद्देश्यमूलक र प्रभावकारी सेवा प्राप्त हुने

**ग) प्रमुख क्रियाकलापहरु र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पााचौ | | |
| १ | आवश्यक कानुनी प्रबन्ध र मापदण्ड विकास | सङ्ख्या | | १ | | | | १ | स्थानीय तह |
| ३ | सूचना प्रणालीमा सुधार तथा सुदृढीकरण | निरन्तर | √ | √ | √ | √ | √ | √ | स्थानीय तह |
| ४ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गराई थप जिम्मेवार बनाउने | सङ्ख्या | | १० | २० | २० | २० | ७० | स्थानीय तह |
| ५ | शिक्षक र विद्यालय शिक्षा प्रणालीलाई शिक्षण सिकाइप्रति बढी उत्तरदायी बनाउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | स्थानीय तह |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा प्रदान गर्ने संयन्त्रको विकास गर्ने | वडागत सङ्ख्या | २ | २ | ३ | ३ | ४ | १४ | स्थानीय तह |
| ७ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ सम्बन्धी सेवा तथा विपद्÷महामारी व्यवस्थापन संयन्त्र विकास गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | स्थानीय तह र विद्यालय |
| ८ | शिक्षा सम्बन्धी गतिविधि प्रभावकारी बनाउन स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता अभिबृद्धि गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | स्थानीय तह |

## ५.२ संस्थागत क्षमता विकास

### ५.२.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थाग्त संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि नगर कार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ।त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलनर प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ। योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दै।त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ।विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ।सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्।त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा /शाखाको व्यवस्था गरिएको छ ।

### ५.२.२ वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन्।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलव्धिपूर्ण तरिकाले काम गरेका छन् । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिकोसमीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय

एकाइ र शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छभने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ।

### ५.२.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

ख) तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,

ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

घ) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

### ५.२.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।

ख) संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने।

ग) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने।

घ) शिक्षक पेशागत सहयोग प्रणाली स्थापन गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने।

ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने।

च) विद्यालय कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।

छ) विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने।

ज) शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने।

झ) विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने।

ञ) मानव, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।

ट) स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने।

ठ) ICT र डिजिटल प्रणालीमार्फत प्रशासन र शिक्षण– सिकाइ प्रक्रियालाई सुदृढ गर्ने।

ड) विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने।

ढ) विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | मुख्य क्रियाकलाप | इकाई | आधार वर्ष.२०८३ | मध्यावधि २०८८ | योजनाको अन्त्य सम्म | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय सुधार योजना )SIP) निर्माण तथा कार्यान्वयन | प्रतिशत मा | १० | ६० | १०० | सबै विद्यालयमा |
| २ | शिक्षकको क्षमता विकास | प्रत्यक वर्ष | २ | २ | २ | पटक |
| ३ | कक्षा अवलोकन तथा पृष्ठपोषण | प्रत्यक वर्ष | १ | १ | १ | |
| ४ | सिकाइ उपलब्धि सुधार | प्रतिशतमा | १० | ६० | १०० | |
| ५ | विद्यार्थी नियमित उपस्थिति | हरेक वर्ष प्रतिशतमा | | १०० | १०० | |
| ६ | शिक्षक नियमित उपस्थिति | प्रतिशतमा | १०० | १०० | १०० | |
| ७ | विद्यालय छोड्ने दर न्यूनीकरण | प्रतिशतमा | | ९५ | १०० | |
| ८ | सूचना प्रविधिको प्रयोग | कम्तीमा ७५ % शिक्षकलेICT प्रयोग गरी शिक्षण गर्ने | २० | ६० | १०० | |
| ९ | पुस्तकालय तथा प्रयोगशालाको प्रयोग | प्रत्येक कक्षाले महिनामा कम्तीमा २ पटक प्रयोग गर्ने | १०० | १०० | १०० | प्रतिशत |
| १० | बालमैत्री तथा समावेशी वातावरण | विद्यालय बालमैत्री मापदण्डका कम्तीमा ८० % सूचक पूरा | | ४० | ७० | |

## ५.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.३.१ परिचय

संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। यस सन्दर्भमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको

शैक्षिक आवश्यकता, प्राथमिकता र स्रोत साधनलाई ध्यानमा राखी शिक्षा योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउने उद्देश्यले तय गरिएको रणनीतिक र कार्यान्वयनमुखी योजना हो। यसले विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, वैकल्पिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि सुधार लगायतका विषयलाई समेट्छ।

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत योजना निर्माण, स्रोत व्यवस्थापन, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका स्पष्ट प्रक्रिया र संरचनाहरू तय गरिन्छ। यस प्रक्रियामा स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा सम्बन्धित सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ।

### ५.३.२ वर्तमान अवस्था

नगरपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्रअनुसार शिक्षा क्षेत्रको व्यवस्थित विकासका लागि **स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** गर्नेछ। नगरपालिकाले शिक्षा शाखामार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्नेछ। योजना कार्यान्वयन अन्तर्गत नगरपालिकाले विद्यालयहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने, विद्यालय सुधार योजना कार्यान्वयनमा सहजीकरण गर्ने, शिक्षक दरबन्दी व्यवस्थापन तथा आवश्यकता अनुसार पुनर्वितरण गर्ने, रिक्त पदमा शिक्षक नियुक्ति प्रक्रियामा सहजीकरण गर्ने तथा शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ कार्यक्रम सञ्चालन गर्नेछ। साथै सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गर्ने, विद्यालय पूर्वाधार विकास गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने कार्यहरू पनि गरिनेछन्।

यसका अतिरिक्त नगरपालिकाले सरोकारवालासँग समन्वय गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा आवश्यक जनशक्ति, स्रोत व्यवस्थापन र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्ने प्रयास गर्नेछ। जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना  र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना

निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ।

### ५.३.३ उद्देश्यहरुः

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.३.४ रणनीतिहरू

क) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

ञ) सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने।

### ५.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ

| क.स. | मुख्य क्रियाकलाप | इकाई | आ.व.२०८३ | आ.व.२०८८ | आ.व.२०९२ |
|---|---|---|---|---|---|
| १ | वार्षिक शिक्षा कार्ययोजना स्वीकृत भएको | पटकवर्ष/ | १ | १ | १ |
| २ | योजना अनुसार सञ्चालन भएका कार्यक्रमको प्रतिशत | प्रतिशत (%) | ८० | १०० | १०० |
| ३ | नियमित अनुगमन सम्पन्न भएका विद्यालयको प्रतिशत | प्रतिशत (%) | ८० | १०० | १०० |
| ४ | त्रैमासिक प्रगति समीक्षा बैठक सम्पन्न भएको संख्या | पटक | १ | २ | ४ |
| ५ | IEMIS/EMIS मा तथ्याङ्क अद्यावधिक गरेका विद्यालयको प्रतिशत | प्रतिशत (%) | १०० | १०० | १०० |
| ६ | क्षमता विकास तालिम प्राप्त गरेका शिक्षकप्रधानाध्यापकको संख्या/ | जना | | | |
| ७ | शिक्षा योजना कार्यान्वयनका लागि खर्च भएको बजेटको प्रतिशत | प्रतिशत (%) | ९० | १०० | १०० |
| ८ | सामाजिक परीक्षण वा सार्वजनिक सुनुवाइ सम्पन्न गरेका विद्यालयको संख्या | विद्यालय संख्या | ७० | ७० | ७० |
| ९ | शिक्षा योजनामा निर्धारण गरिएका वार्षिक लक्ष्यमध्ये हासिल भएका लक्ष्यको प्रतिशत | प्रतिशत (%) | ६० | ९० | १०० |

## ५.४ अनुगमन तथा मूल्याङ्कन

### ५.४.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी

कार्यन्वयनमा जोड दिईएको छ।प्रत्येक बिद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ।विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन्।अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ।कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

### ५.४.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ।खासगरी शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ।बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ।कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन।प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन्।सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ।

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ।योजनाको कार्यान्वयनको क्रममा

नगरपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

### ५.४.३ उद्देश्य

क) अनुगमन तथा मूल्यांकनको लागि संयन्त्रको निर्माण गर्नु

ख) अनुमगन तथा मूल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाउनु

ग) योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु

### ५.४.४ रणनीतिहरू

क) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।

ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।

ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

घ) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।

ङ) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गर्ने

च) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने।

छ) योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने।

### ५.५.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः** प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

ख) **प्रमुख क्रियाकलाप र लक्ष्यः**

नियमित मासिक त्रैमासिक र वार्षिक अनुगमन गरिने छ।

# परिच्छेद छ
## लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचय

देशको आर्थिक सामाजिक परिवर्तन एवम् विकासका लागि शिक्षाको सर्वश्रेष्ठ भूमिका रहन्छ। सभ्य, सुसंस्कृत र समृद्ध तथा विकसित समाजको निर्माणका लागि राज्यले शिक्षा क्षेत्रलाई बिशेष प्राथमिकतामा राखी उच्च लगानी गर्न जरुरी हुन्छ।सही ढंगले शिक्षामा गरिएको लगानीले देश विकासको लागि आवश्यक पर्ने दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्दछ। राज्यले शिक्षामा गरेको लगानीले व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सघाउ पुऱ्याउँछ ।

राज्यले शिक्षामा गरेको लगानीले समाजको आवश्यकता पूरा गर्नुका साथै दिगो विकासको लक्ष्य हासिल गर्न मद्दत गर्नुपर्दछ।यही अपेक्षाकासाथ नेपाल सरकार र बिभिन्न संघसंस्थाहरुका साथै समुदायबाट पनि शिक्षा क्षेत्रमा लगानी दिनानुदिन बृद्धि भइरहेको छ।नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा सञ्चालनको अधिकार स्थानीय तहलाई दिएको भए पनि शिक्षाको दायित्वबाट कोही पनि अलग हुन नहुने भएकोले शिक्षाको बित्तीय व्यवस्थापन लगायत शिक्षा विकासका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, समुदाय साथै निजी क्षेत्रको समेत उत्तिकै जिम्मेवारी रहेको हुन्छ।

शिक्षाका लागि आवश्यक पर्ने स्रोत पहिचान गरी एकिकृत गर्नु र तिनको समुचित वितरण र उपयोग गर्नु नै शिक्षामा लगानी प्रबन्धका लागि ध्यान दिनु पर्ने प्रमुख पक्षहरु हुन्। शिक्षा क्षेत्रका विविध कार्यक्रमहरु सञ्चालन गर्न र शिक्षा विकासका कदमहरु उठाउन सर्वप्रथम बित्तिय स्रोतको जरुरत पर्दछ। बित्तीय स्रोत जुटाउने, स्रोतको उपयुक्त वितरण गरी प्रवाह गर्ने र स्रोतको उपयोग गर्ने जस्ता बिषयहरुमा ध्यान पुऱ्याउन सकिएन भने कार्यक्रमको प्रभावकारिता कम हुनजान्छ।

यस परिच्छेदमा शिक्षा क्षेत्रको विकासका लागि योजना तथा कार्यक्रम कार्यान्वयन गर्न लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका समस्या र चुनौतिहरु उल्लेख गरिएको छ।ती समस्या र चुनौतिहरुको सामना गर्दै बित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आंकलन तथा लगानीका क्षेत्र र लागत सम्बन्धी अनुमानित आँकडा प्रस्तुत गरिएको छ।

## ६.२ वर्तमान अवस्था

षडानन्द नगरपालिकाको आ.व. २०८२/८३ को कुल बजेटको. करिव ३३ प्रतिशत अर्थात करिब २९ करोड शिक्षा क्षेत्रमाका लागि वजेट विनियोजन भएको थियो भने  यस अन्तरगत शिक्षा क्षेत्रको कार्यक्रमका लागी करिव ३० लाख विनियोजन भएको थियो। शिक्षा क्षेत्रको विकासका लागि शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा सबैको सहमति भएको पाइन्छ । चुनावी घोषणापत्रहरुमा प्राय सबै राजनीतिक दलहरुले राष्ट्रिय बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने कुरा उल्लेख गरेका छन् । तथापी हालसम्म कार्यान्वयनमा ल्याउन कसैको चासो पुगेको देखिदैंन।

आ.व. २०४९/०५० मा नेपालमा शिक्षामा राज्यको लगानी कुल राष्ट्रिय बजेटको लगभग ८.५ प्रतिशत मात्र रहेकोमा आ.व. २०६७÷०६८ सम्म आइपुग्दा यो प्रतिशत बढेर १७.१ प्रतिशत पुगेको देखिन्छ। कुल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि.सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कुल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो। बिगत एक दशक अवधिमा नेपाल सरकारबाट कुल राष्ट्रिय बजेटको १३.२ प्रतिशत औसतमा शिक्षा क्षेत्रमा बजेट बिनियोजन भएको पाइन्छ। शिक्षा क्षेत्रको लगानीमा बैदेशिक सहायताको पनि महत्वपूर्ण स्थान रहदै आएको छ। विगत पाँच आ.व.मा शिक्षा क्षेत्रको कुल बजेट र उक्त बजेटमा बैदेशिक सहायताको अवस्था तुलना गर्दा औसत १०.६८ प्रतिशत अंश बैदेशिक सहायताको रहेको देखिन्छ ।

**तालिका नं. ६.२ विगतको शिक्षाको बजेटको स्वरुप (रु.लाखमा)**

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | २५०० | ८६ | |
| २ | प्रदेश सरकार | १०० | ४ | |
| ३ | स्थानीय सरकार | २१३ | ७ | |
| ४ | अभिभावक तथा समुदाय | | | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | १०० | ३ | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | | | |
| ७ | अपुग रकम | | | |

| | | | |
|---|---|---|---|
| जम्मा | २९.१३ | १०० | |

**शिक्षामा नीजि लगानी**

नेपालमा नीजि क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको सङ्ख्या कुल विद्यार्थी सङ्ख्याको करिब एक चौथाइ रहेको छ। नीजि क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालयहरुमा सरकारको प्रत्यक्ष आर्थिक लगानी नभए पनि प्रशासनिक तथा व्यवस्थापकीय पक्षमा सहजीकरण र नियमन सरकारले गर्दै आएको अवस्था छ।

उपरोक्त जानकारीका आधारमा शिक्षा सम्बन्धी निम्न चुनौतिहरु पहिचान गरिएको छ –

- शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय मूल्यमान्यता, नेपालको संविधानले व्यवस्था गरेको प्रावधान तथा राज्यले अख्तियार गरेका नीतिलाई कार्यान्वयनमा लैजान नेपालको विद्यालय शिक्षामा लगानी बृद्धि साथै दिगो र भरपर्दो स्रोतको व्यवस्थापन गर्नु पर्ने ।
- नेपालको संघीय संरचना अनुसारका संघ, प्रदेश र स्थानीय सरकारको शिक्षामा लगानी र बित्तीय जिम्मेवारीको मापदण्ड निर्धारण गरी तीन तहका सरकारलाई जिम्मेवार बनाउनु पर्ने ।
- नेपाल सरकारको नीति अनुसार निजी क्षेत्रको शिक्षामा हुने लगानी व्यवस्थापन र स्वरुप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रुपमा विकास गर्नु पर्ने ।
- प्राबिधिक तथा व्यवसायिक धार अन्तर्गतको शिक्षामा विद्यार्थी सङ्ख्या बृद्धि गर्न आवश्यक पर्ने बित्तीय स्रोत र साधनको परिचालनमा सरकारले प्रतिबद्धता जनाउनु पर्ने ।
- शिक्षामा बैदेशिक सहायताको मात्रा घट्दै गएको अवस्थामा बैदेशिक सहायतालाई बढाउने र त्यसको दिगोपना सुनिश्चित गर्नुपर्ने ।
- शिक्षणमा आधुनिक प्रविधिको प्रयोगलाई बढावा दिने गरी आवश्यक स्रोतको व्यवस्था गर्नुपर्ने ।
- प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राबिधिक तथा व्यवसायिक शिक्षा र अनौपचारिक शिक्षामा सरकारी लगानीको मात्रा सुनिश्चित गर्नु पर्ने ।
- विद्यार्थीको सिकाइलाई केन्द्रविन्दुमा राखी शैक्षिक गुणस्तर अभिबृद्धि गर्न लगानीको स्रोत व्यवस्थापन गर्नुपर्ने ।

- शिक्षामा समता र समावेशिताको सिद्धान्तलाई आत्मसात गरी महिला, विपन्न, सुविधाबिहिन, अपाङ्गता भएका बालबालिकाहरुको पहुँच र सहभागीता सुनिश्चित गर्नुपर्ने ।
- शिक्षामा गैर सरकारी क्षेत्रको लगानी र सहभागीता साथै अभिभावकहरुको सहभागीतालाई प्रोत्साहित गर्नुपर्ने ।
- बित्तीय व्यवस्थापन र गतिविधिलाई परदर्शी र जवाफदेही बनाई बित्तीय सुशासन कायम गर्न सरोकारवाला पक्षको क्षमता विकास गर्नुपर्ने ।

## ६.३ उद्देश्य

यस योजनाको बित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरु निम्न अनुसार रहेका छन् –

- विद्यालय शिक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने बित्तीय स्रोत पहिचान गर्नु ।
- विद्यालय शिक्षा योजनाका लागि स्रोतको प्रक्षेपण गर्नु ।
- शिक्षा सम्बन्धी कार्यक्रमको प्रकृति अनुसार उपलब्ध स्रोतलाई प्राथमिकता निर्धारण गरी बजेट बाँडफाड गर्नु ।
- तीन तहका सरकारको भूमिका र दायित्व स्पष्ट गरी खर्च प्रक्रिया निर्धारण गर्नु ।
- लगानी र प्रतिफलको अवस्था बारे जानकारी लिने प्रक्रिया र जवाफदेहिता स्पष्ट गर्नु ।

## ६.४ रणनीतिहरु

षडानन्द नगरपालिकामा शिक्षा योजना कार्यान्वयनका लागि बित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरु निम्न अनुसार हुनेछन् –

- विद्यालय शिक्षालाई प्रभावकारी र व्यवस्थित बनाउन संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारहरुको आर्थिक लगानी हुने भएकोले संघीय सरकारको शिक्षामा भएको लगानीको अनुपातमा प्रदेश सरकार र स्थानीय सरकारले आ–आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने ।
- शिक्षामा हुने सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको हुने भएकोले आफ्नो तहभित्रको शैक्षिक लक्ष्य, पहुँच र सहभागीता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही बनाउने पद्धतिको विकास गर्ने ।

- सम्पूर्ण सरकारबाट प्राप्त स्रोतको उपयोग विद्यालयमा हुने हुँदा लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुने ।
- शिक्षामा सरकारी लगानी बृद्धि गरी कुल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तीन तहका सरकारहरुबाट कुल बजेटको वार्षिक २० प्रतिशत पुऱ्याइने अपेक्षा गरिने ।
- शिक्षाको बजेटमा भएको कमी पूरा गर्न बैदेशिक सहायताबाट प्राप्त स्रोतको सही परिचालन गरिने ।
- शिक्षालाई सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रुपमा विकास गरिने ।
- शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबद्र्धन गरी नीजि क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रुपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न सक्ने ।
- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, सशर्त तथा बिशेष अनुदानको अवलम्बन र उपयोग गरिने ।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने ।
- बित्तीय व्यवस्थापनमा सुधार गरी पारदर्शिता, कार्यकुशलता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने ।

**६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धि**

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

**६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण**

| क्रस | शिक्षाका उप-क्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत (रु ०००० मा) | श्रोत आँकलन |
|---|---|---|---|

| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २३० | २४० | २५० | २७५ | ३०० | १२९५ | ८६ | ५ | ९ |
| २ | आधारभतू शिक्षा | १६५० | १६६० | १६८० | १७०० | १७१० | ८४०० | ८६ | ५ | ९ |
| ३ | माध्यमिक शिक्षा | ५३०० | ५४०० | ५५०० | ५७०० | ५९०० | २७८०० | ८६ | ५ | ९ |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | १०० | १५०० | २००० | २५०० | ३५०० | ९६०० | ८६ | ५ | ९ |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ५ | ७ | ९ | ११ | १५ | ४७ | ८६ | ५ | ९ |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ३० | ३२ | ३५ | ४० | ४५ | १८२ | ८६ | ५ | ९ |
| ७ | समता र समावेशीकरण | १० | १२ | १४ | १७ | २१ | ७४ | ८६ | ५ | ९ |
| ८ | अन्तरसम्वन्धित विषय क्षेत्र | १० | १२ | १४ | १७ | २१ | ७४ | ८६ | ५ | ९ |
| ९ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | १५० | २०० | ३०० | ४०० | ५०० | १५५० | ८६ | ५ | ९ |
| १० | विद्यालय भौतिक पूर्बाधार विकास | २०० | २०० | २५० | ३०० | ५०० | १४५० | ८६ | ५ | ९ |
| ११ | आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | ५० | ५० | ५० | ५० | ५० | २५० | ८६ | ५ | ९ |
| १२ | विद्यालय सुरक्षा | ५० | ५० | ५० | ६० | ८० | २९० | ८६ | ५ | ९ |
| १३ | संस्थात क्षमता विकास | ५० | ५० | ५० | ६० | ८० | २९० | ८६ | ५ | ९ |
| १३ | शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ७ | १० | १० | १० | १३ | ५० | ८६ | ५ | ९ |
| १४ | योजना कार्यान्वयन अनुगमन तथा मूल्यङकन समन्वय र सहजीकरण | १० | १० | १० | १० | १० | ५० | ८६ | ५ | ९ |
| | **जम्मा** | ८०८२ | ९६७३ | १०४७२ | ११४२५ | १३०४५ | ५२६९७ | ८६ | ५ | ९ |

# परिच्छेद सात :

# कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण

## ७.१ कार्यनन्वयन अनुगमन तथा मूल्याङकन

### ७.१.१ परिचय

कुनै पनि योजनाको सफलता प्रभावकारी कार्यान्वयनमा निर्भर गर्दछ । योजनाको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्थित, नीतिगत र बैज्ञानिक प्रबन्धको खाँचो पर्दछ । योजना निर्माणको चरण सँगसँगै नियन्त्रण, निर्देशन, संगठन र नेतृत्व जस्ता पक्षहरुले पनि योजना कार्यान्वयनको प्रबन्धलाई प्रभाव पार्दछन्। शैक्षिक योजनाको कार्यान्वयनका क्रममा पनि यिनै तत्वहरुलाई बिशेष ध्यान दिनु पर्ने हुन् । योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भए मात्र अपेक्षित उपलब्धि सहज रुपमा प्राप्त गर्न सकिन्छ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्नका लागि कार्यान्वयन प्रक्रिया प्रभावकारी र उपयुक्त हुनुपर्दछ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम, जिम्मेवारी तथा उत्तरदायित्व जस्ता पक्षहरु पर्दछन्।

नेपालको संविधान २०७२ लागू भएपछि संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना बनेको छ। स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित संरचना, जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ।त्यसकारण योजना कार्यान्वयन प्रबन्धका लागि आवश्यक संयन्त्रको विकास हुन अपरिहार्य छ।कार्यान्वयन प्रबन्ध तयार गर्दा दिगोपन, कार्यकुशलता र प्रभावकारीतामा बिशेष ध्यान दिन आवश्यक छ।योजना कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समेटेर स्थानीय तह र विद्यालयमा कार्यान्वयन गरिने योजनाहरुको कार्यान्वयन प्रबन्ध तयार गरिएको छ।

### ७.१.२ वर्तमान अवस्था

मुलुकले संघीय संरचनाको ढाँचा अवलम्बन गरेसँगै नयाँ तरिकाबाट योजना कार्यान्वयनको प्रबन्ध गर्न जरुरी भएको छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार रुपान्तरण गर्नुपर्ने हुन्छ । केन्द्रीय सरकार मातहत रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा नीति र योजना तर्जुमा गर्नुका साथै राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र अन्य विकास साझेदार संघसंस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने गर्दछ। शिक्षा क्षेत्र हेर्नका लागि स्थानीय तहमा छुट्टै शिक्षा शाखा÷महाशाखा रहने

व्यवस्था छ । विद्यालय तहमा नीतिगत निर्णय तथा विद्यालय सुसञ्चालन गर्न विद्यालय व्यवस्थापन समिति र प्रशासनीक कार्य सञ्चालनको जिम्मेवारी सहित प्रधानाध्यापक रहने व्यवस्था गरिएको छ।

स्थानीय तहमा माथि उल्लेखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापनद्वारा विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापन नगरिएको कारणले शिक्षा योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि विद्यमान कार्यान्वयन प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक महशुश गरिएको हो।

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ ।

| क्र. स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | नगर शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक/ साथी शिक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १ | प्रदेश शिक्षा विकास | | | वार्षिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| ० | निर्देशनालय | | | | |
| १<br>१ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

## ७.१.३ उद्देश्य

क) बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

## ७.१.४ रणनीतिहरू

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,

ग) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,

घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,

ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,

च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,

ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुटयाई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,

झ) सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,

ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,

ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।

### ७.१.५ उपलब्धि, प्रमुख नतिजा,

अ (उपलब्धिः प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,

## ७.२ अनुगमन तथा मूल्याङ्कन

### ७.२.१ परिचय

शैक्षिक कार्यक्रमहरुमा बजेट बिनियोजन, स्रोत साधनको वितरण, लगानी प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरु कार्यान्वयनको अवस्था, प्रतिफल प्राप्तीको अवस्था लगायत विषयहरुमा नियमित र आवधिक रुपमा गरिने निगरानी, अवलोकन, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने कार्य नै अनुगमन हो । अनुगमनले कार्यक्रमको प्रगतिको अवस्था र वर्तमान स्थितिको बारेमा यथार्थ जानकारी प्राप्त हुन्छ ।

शैक्षिक कार्यक्रमहरुको औचित्यता, सान्दर्भिकता, उपयुक्तता र प्रभावकारीताको आधारमा कार्यक्रमको व्यवस्थित जाँचबुझ वा लेखाजोखा गरी मूल्य प्रदान गर्ने कार्य मूल्याङ्कन हो।अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा सम्पन्न गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनको चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात पनि कार्यक्रमको प्रतिफल र प्रभावसँग तुलना गरी गरिन्छ। अनुगमनले कार्यक्रम कार्यान्वयनका चरणमा सुधार गर्न महत्वपूर्ण भूमिका खेल्दछ भने मूल्याङ्कनले कार्यक्रम कार्यान्वयन पश्चातको अवस्थामा त्यसको प्रभावको आधारमा कार्यक्रमको उपादेयता बारेमा समेत निर्णय गर्न मद्दत गर्दछ।

### ७.२.२ वर्तमान अवस्था

हालको संरचना अनुसार शैक्षिक कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य केन्द्रीय तहमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सम्पन्न हुदै आएको

छ भने प्रदेश तहमा सामाजिक विकास मन्त्रालयबाट साथै शिक्षा विकास निर्देशनालयबाट हुदै आएको छ। जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइबाट शैक्षिक कार्यक्रमहरुको अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ। स्थानीय तहको शिक्षा शाखा झनै प्रत्यक्ष विद्यालयसँग सरोकार राख्ने निकाय भएकोले अनुगमन मूल्याङ्कनको जिम्मेवारी पनि यही शाखासँग रहेको छ। दिगो विकासको शिक्षा सम्बन्धी लक्ष्य, चालु आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटका लक्ष्यका आधारमा विकास गरिएका सूचक, नगरपालिकाको शिक्षा सम्बन्धी योजना र कार्यक्रमका आधारमा अनुगमन र मूल्याङ्कन गरिन्छ।हरेक वर्ष शिक्षा मन्त्रालयले जारी गर्ने कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमन गर्ने व्यवस्था गरिएको पाइन्छ। शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई विद्यालय, शिक्षक, विद्यार्थी, भौतिक पूर्वाधार लगायत विषयहरुको सूचना प्राप्तीको प्रमुख आधारको रुपमा लिइन्छ। विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि जस्ता बिषयहरुमा पनि तथ्याङ्क सङ्कलन गरी शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा एकिकृत गर्ने गरिन्छ।

नगरपालिकाको शिक्षा तथा खेलकुद शाखामा विद्यालय शिक्षासँग सम्बन्धित शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोग हुदै आएको छ। हाल प्रयोगमा रहेको शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुधार गरी एकिकृत सूचना प्रणालीको प्रयोगबाट शिक्षा सम्बन्धी सम्पूर्ण सूचनाहरु स्थानीय सरकारले प्राप्त गर्न सक्ने बनाउनु जरुरी छ। कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्याङ्कनका आधारमा कार्यक्रममा सुधार ल्याउनु पनि उत्तिकै आवश्यक छ। योजना कार्यान्वयनको अनुगमन र मूल्याङ्कन सम्बन्धी निम्न चुनौतिहरु देखिएको छ –

१. शैक्षिक कार्यक्रमहरुको अनुगमन र मूल्याङ्कनका लागि मापदण्डको विकास गरी मापनीय सूचक निर्माण गर्न सक्ने दक्ष जनशक्ति र अनुगमनकर्ताको विकास गर्नु

२. अनुगमन कार्यलाई योजनाबद्ध, नियमित, प्रभावकारी र एकरुपता कायम गर्न पर्याप्त स्रोत साधनको व्यवस्था गर्नु

३. अनुगमन प्रतिवेदनको आधारमा र मूल्याङ्कन पृष्ठपोषणबाट प्राप्त निष्कर्षको उपयोग गर्ने पद्धति विकास हुनु

४. विद्यालय निरीक्षण र सुपरीवेक्षण कार्यलाई संगठित र व्यवस्थित गर्नु

५. तीन तहका सरकार बीच अनुगमन र मूल्याङ्कन कार्यमा समन्वय र सहकार्य गर्ने पद्धतिको विकास हुनु

६. सामुहिक अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गरी सूचना र प्रविधिको उपयोगमा व्यापकता ल्याउनु

७. अनुगमन र मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु

### ७.२.३ उद्देश्य

१. प्रभावकारी र व्यवस्थित अनुगमन प्रणालीको विकास गर्नु

२. अनुगमन र मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु

३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतिहरुको सामना गरी अपेक्षित उपलब्धि हासिल गर्नु

४. योजनाको प्रारम्भिक चरणदेखि नतिजा प्राप्तीको तहसम्म मूल्याङ्कन गर्न सहयोग गर्नु

### ७.२.४ रणनीतिहरु

१. अनुगमन र मूल्याङ्कन कार्य सम्पन्न गर्न संयन्त्र निर्माण गरी प्रयोगमा ल्याइनेछ

२. अनुगमन र मूल्याङ्कन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आधुनिक प्रविधिको प्रयोगमा जोड दिइनेछ

३. शैक्षिक सूचना प्रणालीलाई थप सुदृढीकरण र व्यवस्थित बनाइनेछ

४. आवश्यक ठानिएका स्थानीय सूचकहरुलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणाली विकास गरिनेछ

५. शिक्षाका कार्यक्रमहरु, योजना अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकिकृत शैक्षिक सूचना प्रणालीमा आवद्ध गरी सञ्चालनमा ल्याइनेछ

६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई नियमित र व्यवस्थित गरिनेछ

७. सहभागीतामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ

८. शैक्षिक योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थाको नियमित, आवधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिनेछ

९. शिक्षण सिकाइ कार्यको कार्य स्थलमा प्रभावकारी अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण गर्ने प्रणाली विकास गरिनेछ

### ७.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि

१) प्रभावकारी अनुगमनबाट योजना कार्यान्वयनको चरणमा देखिएका समस्या एवम् चुनौतिहरुको सामना गरी अपेक्षित उपलब्धि हासिल हुने र थप योजना निर्माणका लागि आवश्यक पृष्ठपोषण प्राप्त हुने ।

ख) नतिजा

१) अनुगमन तथा मूल्याङ्कनबाट नतिजामा उल्लेख्य सुधार, संस्थागत संरचना र क्षमता विकास साथै कार्य सम्पादन प्रभावकारी र व्यवस्थित हुने

| क्रम सं | क्रियाकलाप | एकाइ | लक्ष्य पहिलो ५ वर्ष | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | एकिकृत शैक्षिक अनुगमन तथा मुल्यांकन | | १ | १ | १ | १ | १ | ५ | |
| २. | नतिजाका आधारमा अनुगमन प्रणाली लागि सूचकहरु तयार गर्ने र अद्यावधिक गर्ने | | १ | १ | १ | १ | १ | ५ | |
| ३. | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ४. | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | | ३ | ५ | ८ | | | | |
| ५. | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने | | - | २५% | २५% | २५% | २५% | | |
| ६. | वडा स्तरीय अनुगमन प्रणाली विकास तथा कार्यान्वयन | | १० | १० | १० | १० | १० | | |
| ७. | विद्यालय सामाजिक परीक्षण प्रभावकारी तथा नियमित | | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ८. | विद्यालयहरूको लेखापरीक्षण | | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ९ | नियमित रुपमाशिक्षा, युवा खेलकुद शाखाबाट अनुगमन | पटक | ४० | ४० | ४० | ४० | ४० | | स्थानीयतह |
| १० | संयुक्त रुपमाविद्यालयअनुगमन जन प्रतिनिधिशिक्षाशाखा | पटक | २ | २ | २ | २ | २ | | स्थानीयतह |
| ११ | नगर कार्यालयबाट नियमितविद्यालयको अनुगमन | पटक | १० | १० | १० | १० | १० | | स्थानीयतह |
| १२ | नगर शिक्षायोजनाको कार्यान्वयनको प्रभावकारीताअध्ययन | पटक | | १ | | १ | १ | | |

## परिच्छेद आठ
## कार्यक्रम नतिजा सारम्स खाका

### ८.१ कार्यक्रम नितिजा सारम्स

| मुख्य कार्यसम्पादन सुचक | | | | | |
|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | आधार बर्ष २०८३ | मध्य अवधि २०८८ | लक्ष्य वर्ष २०९२ |
| 1.1 | प्रारम्भिकबाल विकास | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर(%) | ९० | | |
| 1.2 | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर(%) | ७० | | |
| 1.3 | | न्यनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | १०० | | |
| 1.4 | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ६० | | |
| 1.5 | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका(%) | ९५ | | |
| 2.1 | आधारभुततह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | १०० | | |
| 2.2 | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १०५ | | |
| 2.3 | | आधारभूत तह प्राथमिक कक्षा (१-५) खुद भर्ना दर % | ९८ | | |
| 2.4 | | आधारभूत तह प्राथमिक कक्षा (१-५) कुल भर्ना दर (%) | १२० | | |
| 2.5 | | आधारभूत तह (कक्षा ६-८ मा खुद भर्ना दर (%) | ९७ | | |
| 2.6 | | आधारभूत तह (कक्षा ६-८ मा कुल भर्ना दर (%) | ९८.६ | | |
| 2.7 | | आधारभूत तह (कक्षा १ -८ खुद भर्ना दर (%) | ९८ | | |
| 2.8 | | आधारभूत तह (कक्षा १ -८ कुल भर्ना दर (%) | ११० | | |
| 2.9 | | आधारभूत तह (कक्षा १-८ खुद भर्ना दरमा लैङगिक समता सुचक) | १०० | | |
| 2.10 | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर(%) | ९६ | | |
| 2.11 | | आधारभूततहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर(%) | | | |
| 2.12 | | विद्यालय वाहिर रहेका बालबालिका (%) कक्षा १-८ | | | |
| 3.1 | माध्यमिक तह | माध्यमिक तह ( कक्षा ९-१० मा खुद भर्ना दर %) | ७० | | |
| 3.2 | | माध्यमिक तह ( कक्षा ९-१० मा कुल भर्ना दर %) | ९२ | | |
| 3.3 | | माध्यमिक तह (कक्षा ११-१२ मा खुद भर्ना दर %) | ३५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 3.4 | | माध्यमिक तह (कक्षा ११-१२ मा कुल भर्ना दर %) | ८० | | |
| 3.5 | | माध्यमिक तह (कक्षा ९-१२ मा खुद भर्ना दर %) | ५५ | | |
| 3.6 | | माध्यमिक तह (कक्षा ९-१२ मा कुल भर्ना दर %) | ८५ | | |
| 3.7 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउदर (%) | ७५ | | |
| 3.8 | | कक्षा १ माभर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | | | |
| 3.9 | | कक्षा ११- १२को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | | | |
| 4.1 | अनौपचारिकशिक्षा तथा निरन्तर सिकाइ | ५ बर्ष माथिको साक्षरता दर | ८८ | | |
| 4.2 | | ५-२४ वर्षको साक्षरता दर | | | |
| 4.3 | | १५ बर्षमाथिको साक्षरता दर | | | |
| 5.1 | महिलाशिक्षक प्रतिशत | आधारभूत तह (कक्षा१-८) | ३३ | | |
| 5.2 | | माध्यमिक तह (कक्षा ९-१२) | २५ | | |
| 6.1 | PMEC पुरा गरेका विद्यालयको प्रतिशत | बालविकास | ८० | | |
| 6.2 | | आधारभुत | ६० | | |
| 6.3 | | माध्यमिक | ५५ | | |
| 7.0 | स्थानीयतहमा शिक्षाको बजेट प्रतिशत | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट(%) | ५ | | |
| 8. 1 | छोड्नेदर | आधारभूत तह (कक्षा १-८) | १.५ | | |
| 8.2 | | माध्यमिक तह(कक्षा ९-१०) | १.५ | | |
| 9.1 | दोर्याउनेदर | आधारभूत तह (कक्षा १-८) | १.५ | | |
| 9.2 | | माध्यमिक तह (कक्षा ९-१०) | १.५ | | |
| | | समग्र सिकाई उपलब्धि दर | ६० | | |

**शिक्षा सग सम्वन्धित महत्वपूर्ण लिंकहरु**

| | |
|---|---|
| शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | http://www.moe.gov.np |
| शिक्षा तथा मानव श्रोत विकास केन्द्र | https://www.doe.gov.np |
| पाठ्यक्रम विकास केन्द्र | https://www.moecdc.gov.np |
| विद्यालय शिक्षक किताबखाना | http://www.stro.gov.np/ne |
| परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर | http://www.neb.gov.np |
| शिक्षा विकास तथा समन्वय इकाइ, भोजपुर | http://www.deobhojpur.gov.np |

## सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह -१कक्षा )३ पाठ्यक्रम (, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौं
- शिक्षा सम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति (२०७६), कानून किताव खाना काठमाडौं
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौं योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताव खाना काठमाडौं
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम २०७१, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना २०७७ **DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय